# नयनराज पाण्डेका उपन्यासमा पर्यावरण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश (७२०)
को प्रयोजनार्थ प्रस्तुत

## शोधप्रबन्ध


**शोधकर्ता**

विष्णुदेवी शर्मा

दर्शनाचार्य-विद्यावारिधि

क्रमाङ्क : २०२६२०७

त्रि.वि. दर्ता नम्बर : ९-२-३४-१७९-२०१३

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर ।


२०८२

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य-विद्यावारिधि तहको विद्यार्थी श्री विष्णुदेवी शर्माले दर्शनाचार्य-विद्यावारिधि तह, तेस्रो सत्रको पाठ्यांश सङ्केत (७२०) को प्रयोजनार्थ तयार 'नयनराज पाण्डेका उपन्यासमा पर्यावरण' शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०८२/०१/०५

..............................................

प्रा.डा. नारायणप्रसाद गड्तौला

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

**त्रिभुवन विश्वविद्यालय,**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य-विद्यावारिधि तहका विद्यार्थी विष्णुदेवी शर्माले दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत ७२० को प्रयोजनार्थ तयार पार्नुभएको 'नयनराज पाण्डेका उपन्यासमा पर्यावरण' शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## शोधप्रबन्ध मूल्याङ्कन समिति

| नाम | हस्ताक्षर |
|---|---|
| **१. प्रा.डा. कृष्णप्रसाद न्यौपाने** | ............................ |
| (विभागीय प्रमुख) | |
| **२. प्रा.डा. नारायणप्रसाद गड्तौला** | .............................. |
| (शोधनिर्देशक) | |
| **३. प्रा.डा. षडानन्द पौड्याल** | ............................... |
| (आन्तरिक परीक्षक) | |
| **४. प्रा.डा. लक्ष्मणप्रसाद गौतम** | ................................ |
| (बाह्य परीक्षक) | |

मिति २०८२/०२/११

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत, नेपाली विषयको दर्शनाचार्य-विद्यावारिधि तह, तेस्रो सत्रको पाठ्यांश सङ्केत (७२०) को प्रयोजनका लागि तयार पारिएको 'नयनराज पाण्डेका उपन्यासमा पर्यावरण' शीर्षकको प्रस्तुत शोधप्रबन्ध नेपाली भाषा, साहित्य र समालोचनाका विशिष्ट विद्वान् गुरू प्रा. डा. नारायणप्रसाद गड्तौलाज्यूको प्राज्ञिक सल्लाह तथा कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधप्रबन्ध तयार गर्ने क्रममा आइपरेका विभिन्न समस्याहरूको समाधानका लागि सही मार्गनिर्देशन गरेर आफ्नो अमूल्य समय प्रदान गरी शोधप्रबन्ध सम्पन्न गर्न उत्प्रेरित गर्नुभएकोमा आदरणीय गुरूप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार पार्ने सन्दर्भमा समय समयमा आवश्यक सहयोग प्रदान गर्नुहुने केन्द्रीय विभागका आदरणीय गुरूहरू प्रा.डा. लक्ष्मणप्रसाद गौतमज्यू, प्रा.डा. षडानन्द पौड्यालज्यू, र सहप्रा.डा. रजनी ढकालज्यू लगायत सम्पूर्ण गुरूहरूप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । सामग्री सङ्कलनका लागि सहायता प्रदान गर्ने आदरणीय गुरूहरू सहप्रा.डा. नेत्र एटमज्यू, उपप्रा. डा. अमृता शर्माज्यू, डा. गोविन्दराज भट्टराईज्यू, विजय हितानज्यू र नयनराज पाण्डेज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । यो शोधप्रबन्ध तयार पार्ने क्रममा सदैव हौसला दिने प्रिय मित्र रुक्मिणी तिमिल्सिना प्रिय बहिनी दीक्षा पौडेल मेरा जन्मदाता पिता टीकाराम पौडेल, माता गुमादेवी पौडेल र सम्पूर्ण दिदीबहिनीहरूप्रति धन्यवाद व्यक्त गर्दछु । शोधकार्यका लागि सद्भाव राख्ने मित्रहरूप्रति पनि म आभारी छु ।

अन्त्यमा, यस शोधप्रबन्धलाई आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष पेस गर्दछु ।

शैक्षिक सत्र : २०७७/२०७८
त्रि.वि. दर्ता नं. : ९-२-३४-१७९-२०१३
क्रमाङ्क : २२०२६२०७
मिति : २०८२/०१/०५

विष्णुदेवी शर्मा
दर्शनाचार्य-विद्यावारिधि
तेस्रो सत्र, नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं ।

# शोधसार

प्रस्तुत शोधप्रबन्ध 'नयनराज पाण्डेका उपन्यासमा पर्यावरण' शीर्षकमा सम्बद्ध रहेको छ । पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरणको प्रभाव व्यापक देखिए पनि हालसम्म पर्यावरण शीर्षकमा अनुसन्धान नभएकोले यसलाई नै समस्या मानी मानव र मानवेतर पर्यावरणबिच केकस्तो सम्बन्ध रहेको छ ? र पर्यावरणीय स्वच्छता र ग्राम्यता कसरी अभिव्यक्त भएको छ ? भन्ने दुई ओटा शोधप्रश्नमा आधारित भएर अध्ययन अगाडि बढेको छ । प्रस्तुत शोधप्रबन्धमा पाण्डेका उपन्यासलाई पर्यावरणीय माध्यमबाट अध्ययन गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा प्राथमिक र द्वितीयक स्रोतका सामग्री सङ्कलन गरी गुणात्मक ढाँचामा संरचित, पुस्तकालयबाट सामग्री सङ्कलन गरी पाठात्मक विधिको प्रयोगसँगै सामग्रीको विश्लेषणबाट शोधप्रबन्ध तयार पारिएको छ । यहाँ ग्लोटफेल्टी र गोविन्दराज भट्टराईको पर्या साहित्य सिद्धान्तको पर्यावरणीय विषयको आधारमा तयार पारिएका कृति विश्लेषणका पर्याधारअनुकूल पाण्डेका उपन्यासमा सम्बद्ध पर्यावरणीय पक्षहकरूलाई खोज गरी विश्लेषण गरिएको छ । यस शोधप्रबन्धमा पर्यावरणको खोज गर्ने क्रममा मानव र मानवेतर पर्यावरण, पर्यावरणीय स्वच्छता र ग्राम्यताको अध्ययन गर्ने काम गरिएको छ । जसमा मानव पर्यावरणअन्तर्गत औद्योगीकरण, सहरीकरण, युद्ध, मानव संस्कृति, जाति र भाषिक प्रयोग त्यस्तै मानवेतर पर्यावरणअन्तर्गत पञ्चमहाभूत, पशुपक्षी र बोटविरुवा, स्वच्छता र ग्राम्यताका आधारमा विश्लेषण गरिएको छ ।

पर्यावरणका सन्दर्भमा मानव पर्यावरण र मानवेतर पर्यावरण दुवैको सन्तुलित उपयोगले दीर्घ विकास सम्भव रहेको हुन्छ । हरेक मानवले आफ्नो आवश्यकता परिपूर्तिका निम्ति प्रकृतिको उपयोग गर्ने क्रममा संरक्षण तथा संवर्द्धनमा पनि सजग रहनुपर्दछ । मानिसका आवश्यकताको पूर्तिका निम्ति प्राकृतिक संसाधनको अनियन्त्रित दोहन भएकाले प्राकृतिक सन्तुलन बिग्रन गई आएका अनेक समस्याले मानिसको मात्र नभई अन्य जीवजन्तु र वनस्पति समेतको बासस्थान लोप हुँदै गएका विषयलाई उपन्यासले देखाएको छ । उलार उपन्यासका पात्रहरूमा द्रौपदी, प्रेमललवा, कलुवा र राजेन्द्रराजजस्ता सक्रिय पात्रहरूसँगै तराई क्षेत्रको परिवेश त्यस्तै गरी सल्लीपिर उपन्यासमा छिरिङ, ग्याल्जेन, पेमा, दावा, धामीझाक्री, डोल्मा, फुर्वा पात्रसँगै परिवेशमा सोलुखुम्बु, सैलुङ डाँडा, हिमाल, खुम्बु, चिसो

हिउँ, जुठो छ्याङ, खुला आकाश, संस्कार संस्कृति, तिब्बतको सीमाना, चौरी खर्क, पाखापखेरा गरी हिमालका क्षेत्रहरूको चित्रण र लू उपन्यासमा रामआधार, छेदीलाल, इलैया, रेडियोलाल, रामबक्स चौधरी जस्ता सक्रिय पात्रहरूसँगै नेपालगञ्ज, तराई क्षेत्रको गाउँघर, मुसलधारे पानी, तातो लू चलिरहेको, भिन्गा बजार र पत्थरपुरुवा जस्तो परिवेशलाई पर्यावरणका रूपमा लिइएको छ ।

जल, जमिन र बोटबिरुवा समाप्त भई बाढी पहिरोको प्रकोप बढेर विस्थापनको समस्या बढ्दै गएर पृथ्वीमा मानिस नै परिचयको सङ्कटमा पर्दै गएको यथार्थ अभिव्यक्ति पाइएको हुँदा मानवले आफ्ना दायित्वहरू पनि राम्रोसँग पूरा गर्नुपर्ने हुन्छ, जसले पर्यावरणीय पक्षमा सुधार आउँछ भन्ने कुरालाई स्पष्ट पारिएको छ । प्रकृति विनाशले निम्त्याएका पर्यावरणीय सङ्कटसँगै मानिसको जीवनशैली नकारात्मक अर्थात् तनावग्रस्त हुँदै गइरहेको छ र पर्यावरणीय विनाशले मानव मात्र होइन, सम्पूर्ण पृथ्वीका जीवजन्तु, वनस्पति र पारिस्थितिक प्रणालीमा समेत विशेष असर पर्दछ । मानिसले पर्यावरणमाथि गरेका नराम्रा क्रियाकलापहरूका कारण आफू लगायत अन्य प्रकृतिमा बसोबास गर्ने पशुप्राणीहरूसमेत सङ्कटको अवस्थामा गुज्रिएका हुन्छन् । पर्यावरणको संरक्षणले एक व्यक्ति मात्र नभई सिङ्गो समाज र राष्ट्र नै कायापलट हुने भएकोले र मानवको स्वास्थ्यस्तरमा सकारात्मक प्रभाव पर्ने भएकोले समयमा नै सचेतता अपनाउनुपर्ने कुरालाई प्रस्तुत शोधप्रबन्धले पुष्टि गरेको छ ।

# विषयसूची


| शीर्षक | पृष्ठ नं. |
|---|---|
| शोधनिर्देशकको सिफारिस | क |
| स्वीकृतिपत्र | ख |
| कृतज्ञताज्ञापन | ग |
| विषयसूची | घ-च |
| शोधसार | ट-ज |

**पहिलो अध्याय**

**शोधपरिचय**

| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | शोधको उद्देश्य | ३ |
| १.४ | पूर्वकार्यको समीक्षा | ४ |
| १.५ | शोधको औचित्य, महŒ्व र उपयोगिता | १५ |
| १.६ | शोधको सीमाङ्कन | १५ |
| १.७ | शोधविधि | १६ |
| | १.७.१ सामग्री सङ्कलनविधि | १६ |
| | १.७.२ सैद्धान्तिक आधार र सामग्री विश्लेषण विधि | १६ |
| १.८ | शोधप्रबन्धको रूपरेखा | १८ |

**दोस्रो अध्याय**

**नयनराज पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरण**

| | | |
|---|---|---|
| २.१ | विषयप्रवेश | २० |
| २.२ | मानव र मानवेतर पर्यावरणको सैद्धान्तिक अवधारणा | २० |

२.२.१ मानव पर्यावरण २०

२.२.२ मानवेतर पर्यावरण ३०

२.२.३ मानव र मानवेतर पर्यावरणको सम्बन्ध ३२

२.३ पाण्डेका उपन्यासमा मानव पर्यावरणको अभिव्यक्ति ३२

२.३.१ औद्योगीकरणको अभिव्यक्ति ३३

२.३.२ सहरीकरणको अभिव्यक्ति ३८

२.३.३ युद्धको अभिव्यक्ति ४३

२.३.४ मानव संस्कृति/सांस्कृतिक पर्यावरणको अभिव्यक्ति ४८

२.३.५ जातिको अभिव्यक्ति ५३

२.३.६ भाषिक प्रयोगको अभिव्यक्ति ५७

२.४ पाण्डेका उपन्यासमा मानवेतर पर्यावरणको अभिव्यक्ति ६१

२.४.१ पञ्चमहाभूतको अभिव्यक्ति ६१

२.४.२ पशुपक्षी र बोटविरुवाको अभिव्यक्ति ६८

२.५ पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरणको सम्बन्धगत अभिव्यक्ति ७१

२.६ निष्कर्ष ७६

**तेस्रो अध्याय**

**पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यता**

३.१ विषयप्रवेश ७७

३.२ पर्यावरणीय स्वच्छता र ग्राम्यताको सैद्धान्तिक अवधारणा ७७

३.२.१ पर्यावरणीय स्वच्छता ७८

३.२.२ ग्राम्यता ८०

३.३ पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यताको अभिव्यक्ति ८१

३.३.१ पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छताको अभिव्यक्ति ८१

३.३.२ पाण्डेका उपन्यासमा ग्राम्यताको अभिव्यक्ति ९१

३.४ निष्कर्ष १०३

**चौथो अध्याय**

## सारांश तथा निष्कर्ष

४.१ सारांश १०४

४.२ निष्कर्ष १०६

सन्दर्भ सामग्रीसूची १०८

पहिलो अध्याय

# शोधपरिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधप्रबन्धमा 'नयनराज पाण्डेका उपन्यासमा पर्यावरण'को अनुसन्धान गरिएको छ । यसका निम्ति पर्यावरणीय चेतनाका दृष्टिले सशक्त पाण्डेका *लू (२०७२), सल्लीपिर* (२०७३) र *उलार* (२०६५) तीन ओटा उपन्यास छनोट गरिएको छ । यी उपन्यासमा अभिव्यक्त पर्यावरणको अध्ययन गर्नका निम्ति पर्यावरणीय समालोचनाका मानव र मानवेतर पर्यावरण र पर्यावरणीय स्वच्छता र ग्राम्यतालाई आधार मानिएको छ । नेपाली साहित्यका प्रतिष्ठित लेखक तथा उपन्यासकारमध्ये पर्यावरणीय यथार्थवाद, स्थानीय भाषाको प्रयोग, सामाजिक यथार्थ र पर्यावरणसम्बन्धी चिन्तन प्रस्तुत गर्ने आख्यानकारमध्ये नयनराज पाण्डे पनि एक हुन् । उनको लेखनमा नेपाली समाजको यथार्थ चित्रण, विशेषतः तराई क्षेत्रका सामाजिक, सांस्कृतिक र आर्थिक पक्षहरूको गहिरो प्रस्तुति पाइन्छ ।

विश्वजगत्मा प्रदूषण र जलवायु परिवर्तनले विभिन्न समस्या निम्त्याउन थालेपछि सन् १९७० बाट पर्यावरणसम्बन्धी चिन्तन बढ्न थालेको हुनाले यसले साहित्यलाई पनि अछुतो राख्न सकेन । अहिले नेपाली साहित्यमा पनि पर्यावरण, यसको महŒव र यसको विनाशले निम्त्याएका समस्या र यसका समाधानका चुनौतीहरूको चिन्तन सुरु भएको पाइन्छ । पर्यावरणको प्रभाव साहित्यका हरेक विधामा पर्दै जान थाल्यो । साहित्यको नयाँ तथा आधुनिक आख्यानमूलक विधा उपन्यास भएको हुनाले नेपाली साहित्यमा पनि यसको प्रभाव देखिएको हो । कुनै वस्तु, व्यक्ति, विषय वरिपरिको परिवेश तथा प्राणी, वनस्पति र प्रकृतिबिचको सम्बन्धलाई पर्यावरण भनिन्छ । पर्यावरणीय समालोचनाले मानव र प्रकृतिबिचको अन्तर्सम्बन्धको अध्ययन गर्दछ । सबैभन्दा पहिला ग्लोटफेल्टीले मानवीय र मानवेतर पर्यावरणीय चेतना अथवा पर्यावरणका कोणबाट विशद् समालोचना गरेकी हुन् । यिनका समालोचनामा पर्यावरणले मानव र मानवेतर जीवनमा पार्ने प्रभावको तथ्य पहिल्याउने काम गरिएको छ । पर्यावरणका यिनै मान्यताका आधारमा नयनराज पाण्डेका उपन्यासमा अभिव्यक्त पर्यावरणीय पक्षको अध्ययन गरिएको छ । जीवनजगत्का विविध सन्दर्भ, तराईका क्षेत्र र हिमालको भौगोलिक अवस्था, पशुपालन, तातो हावा, जलवायु

परिवर्तनको प्रभाव, मानव र पशुपक्षीबिचको सहजीवन, प्राकृतिक प्रकोपको प्रभाव, भौतिक विकास र राजनीतिले गरिब वर्गप्रति थिचोमिचोको कारण भएको पर्यावरणीय अन्याय, रीतिरिवाज, रहनसहन, भेषभूषा, धार्मिक, सामाजिक तथा सांस्कृतिक वातावरण तथा विविध पर्यावरणीय विषयहरू उपन्यासमा समेटिएका छन् । नेपाली साहित्यको क्षेत्रमा पर्यावरणीय चिन्तन प्राचीन कालदेखि नै हुँदै आएको छ । प्रकृतिका विविध पक्षसँग मानवीय जीवनलाई अन्तर्सम्बन्धित गरी उपन्यासको सिर्जना गर्ने प्राचीन परम्परा हो । पर्या-साहित्यको उद्भव र विकासक्रमलाई हेर्दा आवश्यकताले नै यसको जन्म भएको देखिन्छ । यो मानवतावादी, यथार्थवादी छ र प्रगतिशील चेतनाले युक्त चिन्तनका रूपमा परिचित छ । पर्या साहित्यले प्रकृति र पर्यावरणीय प्रणाली विनाशप्रति खबरदारी गर्ने विद्रोही नायकत्व लिएको छ । यसमा पनि आख्यान तथा उपन्यासको क्षेत्रमा यसले विशेष प्रभाव पारेको पाइन्छ । नेपाली साहित्यमा पर्यावरणीय चेतना भएका अनेकन् आख्यान लेखिएका छन् । त्यसमध्ये उद्देश्य छनौटका दृष्टिले नयनराज पाण्डेका उपन्यासमा अभिव्यक्त पर्यावरण र मानव र मानवेतर प्रकृतिजगत्बिचको सम्बन्ध, पर्यावरणीय स्वच्छता र ग्राम्यताको खोजी गर्ने अभीष्ट राखिएको छ ।

सांस्कृतिक समालोचनाको एउटा महत्त्वपूर्ण विषयका रूपमा रहेको पर्यावरणीय समालोचना पद्धति पाश्चात्य समालोचना प्रणालीमा चिन्तन गरी विकसित भएको नवीन समालोचना पद्धति हो । उपन्यास र पर्यावरणको सम्बन्धले साहित्य र प्रकृतिबिचको गहिरो अन्तर्क्रियालाई जनाउँछ । यस शोधप्रबन्धमा नयनराज पाण्डेका आख्यानमा अभिव्यक्त भएका पर्यावरणीय चिन्तनको गहन अध्ययनकार्य गरिएको छ । प्रकृतिका विभिन्न पक्षहरू ग्राम्यता, स्वच्छता, प्रकृति र मानवको सहसम्बन्ध, प्रकृति र प्राणीहरूको सहसम्बन्ध पर्यावरणभित्र पर्दछन् । यी कुराहरूलाई साहित्यको खोजी गर्ने काम पर्यावरणीय समालोचनाले गर्दछ । उपन्यासमा प्रस्तुत पर्यावरणीय स्थिति, मानवीय क्रियाकलाप र वातावरणबिचको सम्बन्ध, पर्यावरणीय स्थितिले मानिसमा पारेको प्रभाव, उपन्यासमा ग्राम्यताको प्रयोग जस्ता विषयलाई पर्यावरणीय समालोचनाले खोजी गर्दछ । उपन्यासले समाज, समय र स्थानको चित्रण गर्ने हुँदा यसमा पर्यावरणीय पक्ष पनि महत्त्वपूर्ण भूमिका खेल्छ । आधुनिक उपन्यासहरूले वातावरणीय प्रदूषण, वनविनाश, जलवायु परिवर्तन र जैविक विविधताको संरक्षण जस्ता विषयलाई उठान गरी पाठकमा चेतना जगाउने काम

गर्छन् । यसले पर्यावरणप्रतिको जिम्मेवारीबोधलाई साहित्यमार्फत् फैलाएको हुन्छ । नयनराज पाण्डेले उपन्यासमा पहिचान गरेको पर्यावरणको पक्ष उच्च प्रकृतिको रहेको छ । नयनराज पाण्डेका औपन्यासिक कृतिहरूको अन्य पक्षबाट अध्ययन भए पनि उनका औपन्यासिक कृतिहरूको पर्यावरणीय दृष्टिकोणबाट अध्ययन भएको पाइँदैन । प्रस्तुत शोधप्रबन्धमा पर्यावरणीय समालोचनाका कममा अवलम्बन गरिने मानव र मानवेतर, ग्राम्यता, स्वच्छता जस्ता मान्यताहरूको प्रयोग गरी उपन्यासांशको विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

नयनराज पाण्डेका उपन्यास पर्यावरणीय चेतनामा अभिव्यक्त भएका छन् । उनका उपन्यासमा पर्यावरणीय पक्षको प्रयोग कायम रहेको छ । यिनका उपन्यासमा मानव र मानवेतर पर्यावरणको प्रभाव व्यापक परेको छ । तराई र हिमाली क्षेत्रको ग्रामीण जीवनको पर्यावरणीय पक्ष उपन्यासमा प्रयुक्त छ । उपन्यासमा प्रयोग गरिएको पक्षलाई नै अध्ययनमा मुख्य समस्या बनाइएको छ । सोद्देश्य छनोट विधिका आधारमा पाण्डेका उपन्यासहरूमध्ये *लू, सल्लीपिर* र *उलार* उपन्यास पर्यावरणले युक्त छन् । यी उपन्यासको विश्लेषणका लागि चयन गरिएका उपन्यासांशहरू पनि सोद्देश्य नमुना विधिद्वारा नै छनोट गरिएको छ । उल्लेखित उपन्यासहरूको हालसम्म पर्यावरण शीर्षकमा अनुसन्धान भएको छैन, तसर्थ पर्यावरणका विषय शीर्षकमा रहेर यो अनुसन्धान अगाडि बढाइएको छ । प्रस्तुत शोधका मुख्य समस्यासँग सम्बद्ध शोधप्रश्नहरू निम्नालिखित रहेका छन् :

(क) पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरणबिच केकस्तो सम्बन्ध रहेको छ ?

(ख) पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यता कसरी अभिव्यक्त भएको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको प्राज्ञिक जिज्ञासाको निदान गर्ने उद्देश्य नयनराज पाण्डेका उपन्यासमा पर्यावरणको विश्लेषण गर्नु रहेको छ । सो उद्देश्य पूरा गर्नका लागि पर्यावरणसँग सम्बद्ध तथ्यको पहिचान गर्ने उद्देश्यको खोजी गरिएको छ । प्रस्तुत शोधकार्यका समस्यासँग सम्बन्धित निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) उपन्यासमा मानव र मानवेतर पर्यावरणबिच रहेको सम्बन्ध विश्लेषण गर्नु,

(ख) उपन्यासमा निहित पर्यावरणीय स्वच्छता र ग्राम्यताको विवेचना गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधप्रबन्ध नयनराज पाण्डेका उपन्यासमा पर्यावरणसम्बन्धी शीर्षकमा आवद्ध छ । पर्यावरणसँग सम्बद्ध सैद्धान्तिक पक्षका बारेमा भएका अध्ययन, सैद्धान्तिक पक्षलाई आधार बनाएर लेखिएका समालोचना, नयनराज पाण्डेका उपन्यासलाई नै आधार बनाएर गरिएका शोध, अध्ययन तथा अन्य विषयक्षेत्रसँग सम्बन्धित पर्यावरणबारे गरिएका अध्ययन, अनुसन्धानमूलक लेख आदिलाई पूर्वकार्यका रूपमा समेटेर कालक्रमअनुसार शोधरिक्तता प्रष्ट हुने गरी समीक्षा गरिएको छ ।

कृष्ण गौतम (२०६४) ले *उत्तरआधुनिक जिज्ञासा* नामक पुस्तकमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक र प्रायोगिक पक्षहरूको पर्यावरणीय समालोचना र यसका प्रायोगिक स्वरूपलाई दृष्टान्तका रूपमा प्रस्तुत गरेका छन् । गौतमले वातावरण काव्यशास्त्र र यसको सार्थकता, वातावरणवादी समीक्षाको आलोकमा वखलढुङ्गा शीर्षकमा प्रकृति र मान्छेको सम्बन्धको बयान वातावरणवादी समीक्षाको सहयोगबाट प्रष्ट पारेका छन् । प्रस्तुत पुस्तकमा पर्यावरणवैज्ञानिक समीक्षाको सन्दर्भमा धनुषचन्द्र गोतामेको *यहाँदेखि त्यहाँसम्म* उपन्यासभित्र रहेर पर्यावरणीय चेतना स्पष्ट छ । वातावरण अर्थात् पर्यावरणको संरक्षणमा जुट्नु आजको प्रमुख आवश्यकता हो भन्दै वातावरणीय प्रदूषणप्रति सचेत रहन उनले आग्रह गरेका छन् । जिज्ञासा तीनमा 'पर्यावरण वैज्ञानिक समीक्षाको सन्दर्भमा धनुषचन्द्र गोतामेको उपन्यासकारिता' शीर्षकको आलेख प्रस्तुत छ । उक्त आलेखमा पर्यावरणसम्बन्धी प्रायोगिक अध्ययन विश्लेषण छ । त्यसक्रममा प्रकृतिको सुन्दरता र हरियालीमा मानिसले कुरूपता ल्याइदिने प्रसङ्गको सान्दर्भिक चर्चा छ । वनजङ्गल फँडानी गरी बस्ती बसाउने तथा अन्य प्राणी वनस्पतिको अस्तित्वलाई अस्वीकार गर्ने मानवीय प्रवृतिको विरोध गरिएको यस आलेखमा नारीवादी चिन्तन र लैङ्गिक परिवेशको सन्दर्भलाई समेत विशेष महŒव उठान छ । पर्यावरणीय पक्षलाई आधार बनाएर उपन्यासको विश्लेषण गरिएको भए पनि मानवीय र मानवेतर पक्षमा पर्ने वातावरणीय प्रभावको भने चर्चा भएको छैन । अतः पर्यावरणीय

समालोचनाको सैद्धान्तिक र प्रायोगिक आधारबाट पहिलो नम्बरको शोधप्रश्नको विवेचना गर्न प्रस्तुत पुस्तक महत्त्वपूर्ण र शोधकार्यको लागि उपयोगी छ ।

गोविन्दराज भट्टराई (२०६४) ले *उत्तर आधुनिक विमर्श* पुस्तकमा सिर्जनाको नयाँ केन्द्र मानवेतर जगत् र इकोक्रिटिसिजम्: सिर्जना तथा समालोचनाको नवीनतम क्षेत्र गरी दुई शीर्षक दिई पर्यावरणीय समालोचनाको व्याख्या विश्लेषण गरेका छन् जसमा 'सिर्जनाको नयाँ केन्द्र मानवेतर जगत्' रहेको शीर्षकमा वातावरणीय समालोचनाको परिचय, मानवेतर जगत्प्रति मानवको चिन्ता, वर्तमान विश्वलेखन मानवलक्षित भएको कुरा स्पष्ट छ । त्यस्तैगरी 'इकोक्रिटिसिजम्: सिर्जना तथा समालोचनाको नवीनतम क्षेत्र' नामक शीर्षकमा इकोलोजीको परिचय र महत्त्व, मानवकेन्द्री तथा पर्यावरणकेन्द्री तर्कहरू, पारिस्थितिकी नारीवादको अवधारणा, प्रकृतिको महत्त्व, ग्राम्यता र अप्रदूषित परिवेश, रोमान्टिकताका विषयमा चर्चा छ । उक्त पुस्तकमै भट्टराईले सैद्धान्तिक आधारहरूको प्रयोग गरी अमर नेम्बाङ्को 'सम्झनाका तरेलीहरू' र गोपालकुमार बस्नेतको आफ्नै सेरोफेरोभित्र संस्मरणको विश्लेषण गरेका छन् । पर्यावरणीय समालोचनाका प्रशस्त आधारहरू लिएर समालोचनामा पर्यावरणीय साहित्यको अध्ययन तथा विश्लेषण गरिए पनि पर्यावरणीय स्वच्छता कायम गर्ने आधारबारे स्पष्ट उल्लेख भएको छैन, तसर्थ मानव र मानवेतर पर्यावरणको विश्लेषणका लागि प्रस्तुत पूर्वकार्य उल्लेखनीय रहेको छ ।

लक्ष्मणप्रसाद गौतम (२०६६) ले *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना* नामक पुस्तकमा नेपाली समालोचनाका क्षेत्रमा भएका उत्तरआधुनिक समालोचना सम्बन्धी पूर्वकार्यको विश्लेषण गर्ने सन्दर्भमा पर्यावरणीय समालाचेनाका सैद्धान्तिक मान्यताहरू प्रस्तुत गरेका छन् । त्यसक्रममा गोविन्दराज भट्टराईको *उत्तरआधुनिक विमर्श* तथा कृष्ण गौतमको *उत्तर आधुनिक जिज्ञासा* नामक कृतिमा प्रयुक्त पर्यावरणीय समालोचनाका सैद्धान्तिक तथा व्यवहारिक पक्षको चर्चा रहेको छ । उनले पर्यावरणीय तथा परिवृत्तीय समालोचनाका प्रमुख चारवटा प्रवृत्तिगत प्रवृत्तिहरू उल्लेख गरेका छन् । पाश्चात्य र नेपाली समालोचनाका उत्तरवर्ती प्रवृत्तिहरूमा वातावरणीय वा परिवृत्तीय समालोचनामा सिर्जना र साहित्यको मात्र मूल्याङ्कन, कृतिविश्लेषणमा मानवेतरजगत् वा पर्यावरणीय जगत्प्रतिको चासो, वातावरण विज्ञानको प्रभाव र पर्यावरणका आधारमा मात्र कृतिको विवेचना त्यस्तैगरी प्रकृति, मानव र वातावरणका बिचको सम्बन्धको विश्लेषण जस्ता कुराहरूलाई समेटेको

छ । उत्तरआधुनिकताको परिचयात्मक सन्दर्भका क्रममा प्रस्तुत भएको यस कृतिमा पर्यावरणसम्बन्धी भएका पूर्वाध्ययनको महत्त्व स्पष्ट छ । मानवीय पर्यावरण, पर्यावरणीय ग्राम्यता र स्वच्छताको विषयमा स्पष्ट उल्लेख नभएको हुँदा पर्यावरणीय अध्ययनका सन्दर्भमा केही मात्रामा मानव र मानवेतर पर्यावरणको सैद्धान्तिक आधार निर्माणमा उपयोगी रहेको छ ।

कृष्ण गौतम (२०६७) ले 'प्रकृति र पर्यावरण' शीर्षकको लेखमा सहरीकरण र औद्योगीकरणको प्रभावले प्राकृतिक स्वरूप र संरचनामा विकृत रूप देखापरेको कुरा उल्लेख गरेका छन् । यसै सन्दर्भमा गौतमले प्रकृति, भूगोल र स्थानीयताको मृत्यु भएको घोषणा गरेका छन् । आजको विश्व दुनियाँमा मानिस र प्रकृतिको सम्बन्ध टुट्दै गएकोप्रति उनको चिन्ता रहेको छ । मानिस र प्रकृतिको सम्बन्धाई जीवन्त राख्नुपर्छ भन्ने मान्यताका साथ गौतमले प्रकृतिलाई हेर्ने सूक्ष्म दृष्टिकोण प्रस्तुत गरेका छन् । उनले यसै लेखमा पर्यावरणीय चिन्तनले प्रकृति र संस्कृतिलाई एक अर्काका पर्यायका रूपमा मान्ने धारणा पनि अभिव्यक्त रहेको छ । उनको यस लेखमा पर्यावरण र पारिस्थितिक नारीवादका विषयमा समेत सामान्य चर्चासमेत उल्लेख छ । पर्यावरणीय ग्राम्यताको विषयमा भने यहाँ स्पष्ट उल्लेख छैन । अतः प्रस्तुत शोधप्रबन्धका सन्दर्भमा मानवीय पर्यावरणका पक्षमा सोही सैद्धान्तिक आधारअनूकुल उपन्यासांशको विश्लेषणका लागि उक्त लेख उपयोगी रहेको छ ।

नेत्र एटम (२०६८) ले 'पर्यावरणीय समालोचना' शीर्षकको लेखमा पर्यावरणीय समालोचनाको परिचयमा उनले चेरिल ग्लोटफेल्टीको धारणालाई आत्मसात् गरी पर्यावरणीय समालोचनालाई प्रस्ट पारेका छन् । यसमा ऐतिहासिक सन्दर्भ, पर्यावरण र साहित्यको अन्तर्विषयकताहरू संस्कृति र पर्यावरण, पर्यावरणीय समालोचनाको विशेषता, कृति विश्लेषणको प्रारूप जस्ता अवधारणात्मक आधारको उल्लेख छ । यस लेखमा प्रायोगिक आधारमा भने गहन रूपमा अध्ययन भएको छैन । पर्यावरणीय समालोचनाको सैद्धान्तिक स्वरूपअनुसार प्रस्तुत शोधप्रबन्धमा अध्ययन गर्नमा सहयोग पुऱ्याउने भएकोले प्रस्तुत लेख महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको छ ।

राजेन्द्र सुवेदी (२०६८) ले *नेपाली समालोचना : परम्परा र प्रवृत्ति* शीर्षकको कृतिमा पछिल्लो दशकमा प्रचलित केही नवीनतम् समालोचनाको सङ्क्षिप्त इतिहास प्रस्तुत रहेको छ । त्यसक्रममा सुवेदीले प्रकृति र मानवको अन्तः सम्बन्धलाई साहित्यले कसरी प्रस्तुत

गरेको छ ? भन्ने कुरालाई स्पष्ट पारेका छन् । उनले मानिसका अनियन्त्रित क्रियाकलापको कारण वातावरणीय सङ्कट पैदा भएको कुरालाई पनि उल्लेख गरेका छन् । पर्यावरणीय समालोचनाको स्पष्ट अवधारणा प्रस्तुत गरिएको उक्त लेखमा पर्यावरणीय चिन्तन र समस्यामा केन्द्रित समालोचनालाई पर्यावरणीय समालोचना भनिएको छ । यसमा पर्यावरणका सन्दर्भमा पर्यावरणीय स्वच्छता र ग्राम्यताको गहन अध्ययन पाइँदैन । अतः उनको यो लेख प्रस्तुत शोधप्रबन्धको मानव र मानवेतर अन्तर्सम्बन्ध पक्षको लागि सैद्धान्तिक आधार स्पष्ट बोध गरी सामग्री विश्लेषणका क्रममा उपयोगी रहेको छ ।

सञ्जीव उप्रेती (२०६८) ले *सिद्धान्तका कुरा* शीर्षकको पुस्तकमा पर्यावरणीय साहित्य समालोचनाका प्रमुख मान्यताहरू प्रस्तुत गरी नारीवादी पर्यावरणीय चिन्तनका विषयमा चर्चा गरेका छन् । त्यसक्रममा उनले उत्तरआधुनिक समालोचनाका सन्दर्भमा रमेश विकलको 'अविरल बग्दछ इन्द्रावती' नामक कृतिमा प्रयुक्त विषयलाई पर्यावरणीय समालोचनाको सैद्धान्तिक मान्यता अनुरूप विश्लेषण गर्न सकिने धारणा व्यक्त गरेका छन् । उनले मानव र प्रकृतिबीचको सम्बन्धका विषयमा चर्चा गर्ने सैद्धान्तिक मान्यताको रूपमा पर्यावरणीय समालोचनालाई अगाडि सारेका छन् । आधुनिकताको प्रभावले गर्दा आज जीवहरूको अस्तित्व सङ्कटमा परेको कुरालाई उप्रेतीले विशेष महत्त्वका साथ उठाएका छन् । वैज्ञानिक उन्नतिले प्राकृतिक पद्धतिमाथि विचलन ल्याएकोप्रति उनले चिन्ता प्रकट गरेका छन् । आजको उत्तरआधुनिक युगमा उत्तरमानवतावादी दृष्टिकोण विकसित हुँदै गएकोले पर्यावरणीय सङ्कट उत्पन्न भएका कुरामा उनले जोड दिएका छन् । अन्तर्विषयक समालोचनाका रूपमा विकसित पर्यावरणीय सिद्धान्तले खासगरी नारीवाद र संस्कृतिका विविध पक्षहरूलाई समेट्दछ भन्ने धारणा उप्रेतीको रहेको छ । उनले पर्यावरणीय दृष्टिकोणले आतङ्कवाद र मानवतावादका कुरामा विश्वव्यापीकरणले मानिसको व्यक्तिगत स्वतन्त्रता कम हुँदै गएको छ भने अर्कोतिर पर्यावरणीय सङ्कट निम्त्याउँदै गएको कुरालाई उल्लेख गरेका छन् । उनले प्रकृतिमा आएको उथलपुथलले मानवतालाई आतङ्कित गरिरहेको हुँदा मानवको भविष्यलाई जोगाउनुपर्ने कुरालाई स्पष्ट पारेका छन् । यसमा पर्यावरणीय ग्राम्यताको भने स्पष्ट उल्लेख गरेको देखिन्न । पाश्चात्य मानकका आधारमा नेपाली प्रकृति र संस्कृतिको विषयमा विश्लेषणात्मक अवधारणा प्रस्तुत गरिएको यस कृतिमा पर्यावरणीय अध्ययनसम्बन्धी पक्ष मानव र मानवेतर पर्यावरणको सैद्धान्तिक अवधारणा निर्माण गरी सामग्री विश्लेषणमा सहयोग पुऱ्याएको छ ।

अनुपमा रेग्मी (२०६९) ले 'पर्यावरणीय समालोचनाको परिचय' शीर्षकको लेखमा पर्यावरणीय समालोचनाको परम्परासहित यसलाई उत्तरआधुनिकताको एउटा आधारवस्तु मानेकी छन् । उक्त लेखमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक परिचय रहेको छ । त्यसक्रममा उनले पर्यावरणीय नारीवाद, मार्क्सवादी पर्यावरण तथा उत्तरऔपनिवेशिक पर्यावरणका विषयमा विशेष चर्चा गरेकी छिन् । औद्योगीकरणले निम्त्याएका समस्याको विरोध गरी प्राकृतिक संरक्षणका विषयमा आवाज उठाएर पर्यावरणीय पक्षको खोजी गर्न तथा पृथ्वीको अस्तित्वको रक्षामा जोड दिने सिद्धान्त नै पर्यावरणीय सिद्धान्त हो भन्ने उनको मान्यता रहेको छ । उत्तरआधुनिक युगमा विकसित पर्यावरणीय साहित्य चिन्तन नेपाली साहित्यमा धेरै अगाडिदेखि प्रयोग हुँदै आएका तर्क रेग्मीले राखेकी छन् । पर्यावरणीय सिद्धान्त प्रस्तुत गर्ने क्रममा उनले पर्यावरणीय जातिवादको समेत चर्चा गर्दै पर्यावरणसँग जडित मानवकेन्द्री धारणा, जीवविज्ञान, वातावरण विज्ञान, राजनीति, संस्कृति जस्ता विषयहरूका साहित्य मार्फत गरिने अभिव्यक्तिगत महत्त्वलाई स्पष्ट पारेकी छिन् । यहाँ पर्यावरणीय ग्राम्यताको विशेष चर्चा भएको पाइदैन । नेपाली साहित्यमा पर्यावरणको प्रयोग र पर्यावरणीय समालोचनाको प्रारम्भका विषयमा समेत स्पष्ट पारिएको उक्त लेख मानव र मानवेतर पर्यावरणीय अध्ययन गर्नमा अर्थपूर्ण रहेको छ ।

गीता त्रिपाठी (२०७०) ले 'सांस्कृतिक अध्ययन र पर्यावरणको अन्तर्सम्बन्ध' शीर्षकको लेखमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक पक्षलाई स्पष्ट पारेकी छिन् । त्यसक्रममा उनले पर्यावरणीय समालोचनाले अगाडि सारेका विभिन्न मान्यताहरू मध्ये सांस्कृतिक अध्ययन र पर्यावरणबिचको अन्तर्सम्बन्धको खोजी गरेकी छिन् । उनले पर्यावरणीय समालोचनालाई अन्तर्विषयक समालोचनाका रूपमा स्पष्ट पारेकी छन् । सांस्कृतिक पक्षको विश्लेषणका सन्दर्भमा परम्परित र निर्मित संस्कृतिका विषयमा चर्चा गरिएको उक्त लेखमा पर्यावरणीय ग्राम्यता र स्वच्छताका आधारमा भने स्पष्ट उल्लेख गरिएको छैन । संस्कृतिलाई पर्यावरणसँग जोडेर सांस्कृतिक पर्यावरणको सैद्धान्तिक आधार निर्माण केन्द्रित उक्त समालोचनात्मक लेखको सहायताले प्रस्तुत शोधप्रबन्ध तयार गर्ने क्रमका मानव संस्कृतिका पक्षमा सामग्रीको विश्लेषण गर्नमा उपयोगी रहेको छ ।

रजनी ढकाल (२०७०) ले *प्रायोगिक समालोचना : अनेक रूप* शीर्षकको समालोचना कृतिमा 'ती पशुपक्षीहरू जससँग हामीले जीवनको अधिकांश समय बिताउँछौँ' निबन्धमा पर्यावरणीय चेतना शीर्षकको समालोचनात्मक लेखमा पर्यावरणीय समालोचनको सैद्धान्तिक चिनारी अध्ययनको विकासक्रम, पर्यावरणीय समालोचनाका विशेषताहरू तथा पर्यावरणीय समालोचनाको विश्लेषण ढाँचा तयार पारी निबन्धको विश्लेषण गरेकी छन् । सोही क्रममा उनको मानिससँगको सम्बन्ध, पशुपक्षीको वासस्थान, स्वभाव, प्राणी र वनस्पतिका अधिकारप्रति सचेतना प्रकट रहेको छ । ढकालले निबन्धात्मक संरचनामा पर्यावरणीय चेतना, पर्यावरणीय अवस्था, पर्यावरणीय विषयवस्तु, मानिस र पर्यावरणीय बीचको सम्बन्ध, मानवीय व्यवहारबाट पशुपक्षीमा परेको असर पशुपक्षी र बोटविरुवाप्रतिका प्रेम, पशु अधिकारका पक्षमा उठाइएको आवाज तथा पशुपक्षीको प्राकृतिक वासस्थान र स्वभावको चित्रण गरी लेखलाई पर्यावरणीय अध्ययनका दृष्टिले प्रायोगिक विश्लेषण गरेकी छन् । यसमा पर्यावरणीय ग्राम्यता र पञ्चमहाभूतको विषयमा विशेष चर्चा भएको देखिदैन । अतः प्रस्तुत शोधप्रबन्धको पर्यावरणीय अध्ययनका सन्दर्भमा मानव र मानवेतर पर्यावरण पक्षको विश्लेषणका लागि यो लेख उपयोगी रहेको छ ।

रमेश भट्टराई (२०७०) ले *समय सौन्दर्य पर्यावरण र कविता* नामक पुस्तकमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक र प्रायोगिक दुवै स्वरूपबारे व्याख्या विश्लेषण गरेका छन् । प्रस्तुत पुस्तकमा पृथक पृथक शीर्षक राखेर विभिन्न समालोचनात्मक लेखहरू प्रस्तुत छन् । 'पर्यावरणीय सन्दर्भ र देवकोटाका कविता' भन्ने लेखमा उनले पर्यावरणीय समालोचनाको सैद्धान्तिक स्वरूपको चर्चा गरी पर्यावरणीय मान्यताका आधारमा देवकोटाका कविताको विश्लेषण गरेका छन् । प्रस्तुत लेखमा उनले देवकोटाका कवितालाई स्वच्छन्दतावाद र पर्यावरणीय चेतबिचको सहसम्बन्धका कोणबाट प्रष्ट पारेका छन् । त्यस्तै यस पुस्तकमा समाविष्ट 'पर्यावरणीय समालोचना, स्वच्छन्दतावाद र देवकोटा' शीर्षक अनुसन्धानात्मक लेखमा पर्यावरणीय समालोचनाको परिचय दिँदै पर्यावरण, स्वच्छन्दतावाद र देवकोटाबिचको लेखनगत त्रिआयामिक कोणको पर्यावरणीय मान्यताअनुरूप विश्लेषण रहेको छ । उनले पर्यावरणीय सन्दर्भलाई जोड गरी समालोचना र स्वच्छन्दतावाद, पर्यावरण र देवकोटाको विषयमा जोड दिए पनि यसमा नेपालमा पर्यावरणीय चिन्तनको विकासका लागि क्रान्तिकारी चेतना आवश्यक छ भन्ने कुरालाई समेत स्पष्ट पारेका छन् । त्यसैगरी

प्रस्तुत पुस्तकमै समावेश देवकोटाको ‘कृषिवाला’ नाटकको पर्यावरणीय अध्ययन शीर्षकको समीक्षात्मक लेख प्रकाशित छ जसमा उनले पर्यावरणीय समालोचनाका सैद्धान्तिक पर्याधारको उपयोग गरी देवकाटाद्वारा रचित ‘कृषिबाला’ नाटकको पर्यावरणीय अध्ययन गरेका छन् । प्रस्तुत लेखमा टेरी गिर्फडको ग्राम्यताका प्रकारहरूको वर्णन गरी ‘कृषिबाला’ नाटकमा निहित भएर आन्तरिक र बाह्य दुवै पक्षबाट ग्राम्यताको वर्णन रहेको छ । मानव र मानवेतर पर्यावरणका सबै सूचकहरूको बारेमा अध्ययन भने गरिएको छैन । अतः प्रस्तुत पुस्तकमा ग्राम्यता, मानिस र पर्यावरणबिचको अन्तर्सम्बन्धजस्ता पर्यावरणीय मान्यताको उद्घाटन गरिएको हुनाले प्रस्तुत शोधप्रबन्धमा मानव र मानवेतर पर्यावरण, पर्यावरणीय ग्राम्यताजस्ता पक्षको पर्यावरणीय समालोचनाको सिद्धान्त र प्रयोग दुवै दृष्टिकोणले विश्लेषण गर्नमा सहजता मिलेको छ ।

कविता लामा (२०७१) ले ‘वानिरा गिरीका कवितामा पर्यावरणीय नारीवाद’ शीर्षकको लेखमा पछिल्लो कवितासङ्ग्रह ‘काठमाडौँ’ मा समावेश गरिएका पर्यावरणीय दृष्टिले महŒ्वपूर्ण मानिएका कविताहरूको पर्यावरणीय नारीवादी सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गरेकी छिन् । सो लेखमा प्रकृतिप्रेम र राष्ट्रप्रेममा आधारित कविताहरूलाई मुख्य रूपमा पर्यावरणीय समालोचनाको एउटा प्रमुख आधार नारीवादी कोणबाट समालोचना भएको छ । यस लेखमा लामाले गिरीका कवितामा प्रयुक्त ग्रामीणपन र आधुनिकताको सन्दर्भलाई तुलनात्मक ढङ्गले विश्लेषण गरेकी छन् । उनले काठमाडौँलाई पश्चिमा संसकृतिको सिको गर्न बाध्य सहरका रूपमा समेत चित्रण गरेकी छन् । उक्त लेखमा उनले नेपालको राजनीतिको प्रभाव, वेरोजगारी, कुलत र कुसङ्गत तथा प्रदूषित बाग्मतीले काठमाडौँप्रति सहानुभूति पैदान हुने तथा पर्यावरणीय स्वच्छतामाथि प्रश्नचिन्ह खडा हुने सङ्केत देखाउन खोजेकी छिन् । नारीवादी समालोचनको सैद्धान्तिक चिनारी सहित प्रस्तुत गरिएको यस लेखमा लामाले गिरीका कविताका केही अंशहरूलाई साक्ष्यका रूपमा प्रयोग गरी प्रायोगिक ढङ्गले विश्लेषण गरेकी छन् । अतः लामाले तयार पारेको उक्त समालोचना पर्यावरणीय समालोचनाको सैद्धान्तिक आधार निर्माण तथा प्रायोगिक विश्लेषणका सन्दर्भमा समेत उपयोगी रहेको छ ।

सुदर्शन प्रधान (२०७१) ले *अबको क्रान्ति पर्यावरणीय क्रान्ति* नामक पुस्तकमा व्यावहारिक रूपबाट पर्यावरणलाई चर्चा गरेका छन् । पचास ओटा निबन्धहरूको सँगालो

रहेको उक्त कृतिको प्रत्येक लेखमा पर्यावरणका विविध पाटाहरूको सशक्त प्रयोग भएको छ । प्रधानले विश्वव्यापी मानवीय क्रियाकलापले धरतीको चौतर्फी सन्तुलन गुम्दै गइरहेको तथा भविष्यमा मानव समाज र सभ्यताको अस्तित्वमाथि नै प्रश्नचिह्न लागिरहेको कुरालाई प्रस्तुत पुस्तकमा विश्लेषण गरेका छन् । उनले वर्तमान विश्वपरिवेशमा संसारभरका मानिसहरूले आफ्ना यावत् गतिविधिहरूलाई धर्तीअनुकूल तुल्याउनुपर्ने अन्यथा धर्तीलाई नै प्रत्यक्ष/परोक्ष आघात पुग्नेछ र परिवतर्तित युगअनुकूल कुनै पनि मत, धर्मावलम्बीहरू प्रवाहित हुन सकेनन् भने ती सबैको अस्तित्व लोप हुनेछ भन्ने कुरालाई निष्कर्ष निकालेका छन् । पर्यावरणीय ग्राम्यताको भने यहाँ स्पष्ट चर्चा गरेको पाइदैन । पर्यावरण र मानव समाज, पर्यावरण युद्ध र मानवअस्तित्व, प्रकृति र मानवनिर्मित संस्कृति लगायत थुप्रै भौतिक रूपबाट पर्यावरणसम्बन्धी समुचित व्यवस्थापन र त्यसले मानव जीवनमा पुऱ्याउने प्रभावका कुराहरूलाई प्रधानले व्याख्या विवेचना गरेका छन् जसले प्रस्तुत शोधप्रबन्धका लागि मानव र मानवेतर पर्यावरणीय पक्षमा समीक्षा गर्नमा सहयोग मिलेको छ ।

गोकुल पोखेल (२०७२) ले 'चुली उपन्यासमा पर्यावरण' शीर्षकको लेखमा *चुली* उपन्यासमा प्रयुक्त विषयवस्तुलाई पर्यावरणीय दृष्टिकोणबाट अध्ययन विश्लेषण गरेका छन् । त्यसक्रममा पोखेलले पर्यावरणीय अध्ययनको सैद्धान्तिक ढाँचा निर्माण गरी चुली उपन्यासका केही महत्त्वपूर्ण अंशहरूको सान्दर्भिक चर्चा गरेका छन् । हिमाल आरोहणमा क्रममा पर्यटकहरूले हिमाली सौन्दर्यलाई सङ्कटमा पुऱ्याउने गरेको प्रसङ्गलाई उनले पर्यावरणीय सङ्कटका रूपमा रहेको प्रष्ट पारेका छन् । प्रारम्भमा अध्ययनको सार प्रस्तुत गरिएको उक्त लेखमा उनले पर्यावरण, इकोलोजी, पारिस्थितिक पद्धति र संस्कृति जस्ता शब्दहरूलाई विशेष महत्त्व प्रदान गरेका छन् । पर्यावरणीय महत्त्व, प्रकृतिसम्बन्धी सार्वभौम मान्यता, पर्यावरण र हिमाली संस्कृति तथा पर्यावरणमैत्री भाषिक प्रयोगका विषयमा केन्द्रित यस लेखमा उनले चुलीलाई उच्चता, सभ्यता, भव्यता र दिव्यताको प्रतीकका रूपमा परिचित गराएका छन् । हिमाल आरोहणको अनुभव र अनुभूतिलाई आत्मकथात्मक रूपमा प्रस्तुत गरिएको यस उपन्यासले हिमाली सौन्दर्य र संस्कृतिको चित्रण गरेको छ भन्दै पर्यावरणीय महत्त्वका दृष्टिले चुली उपन्यास उत्कृष्ट रहेको निष्कर्ष पोखेलले निकालेका छन् । पर्यावरणीय ग्राम्यताका विषयमा भने यसमा विशेष उल्लेख देखिदैन । अतः सरुभक्तको चुली उपन्यासमा केन्द्रित रहेर गरिएको यो अध्ययन प्रस्तुत शोधप्रबन्धको मानव र मानवेतर

पर्यावरण, पर्यावरणीय स्वच्छताजस्ता पक्षमा पर्यावरणीय अध्ययनको सैद्धान्तिक ढाँचा निर्माण तथा विश्लेषणका आधार पहिचान र विश्लेषण गर्नमा उपलब्धिमूलक बनेको छ ।

गोकुल पोखेल (२०७२) ले मोहन कोइरालाद्वारा लिखित 'नदी किनाराका माझी काव्य सङ्ग्रहमा पर्यावरण' शीर्षकमा सम्पन्न शोधकार्यमा पर्यावरण र संस्कृतिबिचको सम्बन्ध, पर्यावरणीय स्वच्छता र ग्रामीणपन, पारिस्थितिक नारीवाद र पर्यावरणीय महत्त्व गरी चारवटा उद्देश्यहरू राखेका छन् । उनले नदी किनाराका माझी काव्य सङ्ग्रहको पर्यावरणीय पक्षलाई लिएर कवितांशका साक्ष्यसहित प्रायोगिक अध्ययन र विश्लेषण गरेका छन् । यो शोधकार्यमा उनले सैद्धान्तिक रूपमा मात्र उल्लेख नभई प्रयोग पक्षको पनि आधार लिएर चर्चा गरेका छन् । मानवेतर पर्यावरणका विषयमा भने यहाँ विस्तृत चर्चा गरेको पाइदैन । प्रस्तुत शोधका लागि यो अध्ययन पर्यावरणीय चेतनाको विश्लेषणका क्रममा पर्यावरणीय स्वच्छता, ग्राम्यता र मानवीय पर्यावरणका केही सूचकहरूमा विश्लेषण गर्न सघाउ पुग्ने भएकोले उपयोगी सामग्रीको रूपमा रहेको छ ।

विमल कोइराला (२०७३) ले 'सल्लीपिर' उपन्यासमा अर्थ राजनीतिक चेत' शीर्षकको लेखमा हाम्रो मुलुकको सामाजिक, सांस्कृतिक र शासकीय परिवेशले गरिबी पुस्तान्तरण हुँदै गएको छ भन्ने कुरालाई स्पष्ट पारेका छन् । कोइरालाका अनुसार यस उपन्यासमा पाण्डे समाज परिवर्तनका संवाहकको रूपमा उपस्थित भएका छन् । गरिबी घटाउन गरिबको पहिचान गरी तिनको आयस्तर वृद्धिमा राज्यले लगानी गर्नुभन्दा समष्टिगत अर्थ संरचनामा सुधार गरी गरिबमुखी कार्यक्रममा लगानी गर्नु छिटो र प्रभावकारी हुने कुरा लेखमा प्रस्तुत छ । बिल गेट्सले भनेजस्तो जन्मँदा गरिब भयौ भने तिम्रो गल्ती होइन, मर्दा पनि गरिबै रह्यौ भने तिम्रै गल्ती हो यो स्थिति नेपालमा छैन । हजुरबाउ गरिब त्यसकारण बाउ गरिब अनि छोरा नाति पनि गरिब भन्ने यहाँको सजीव यथार्थता छिरिङ, दाबा हुँदै फुर्वासम्म सरेको कहालीलाग्दो तस्बिर नयनले देखाइदिएको कुरा यस लेखमा प्रस्तुत भएको छ । *सल्लीपिर* उपन्यासको यस अर्थ राजनीतिक चेतले केही मात्रामा भएपनि पर्यावरणीय पक्षको गहन अध्ययन गर्नमा बाटो साघुँरो भई पर्यावरणीय पक्षको निष्कर्षमा पुग्नलाई थप आधार भएको छ । यस लेखले राजनीतिक चेतको मात्र अध्ययन गरेको र पर्यावरणीय चेतनाको अध्ययन गरेको छैन । यद्यपि प्रस्तुत शोधप्रबन्धमा औपन्यासिक कृतिमा पर्यावरणको क्षेत्रतिर अध्ययन गर्नमा सहयोग पुऱ्याएको छ ।

गीता थपलिया (२०७५) ले आधुनिक *नेपाली कवितामा पर्यावरणीय चेतना* शीर्षकमा तयार अनुसन्धानमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक परिचय, स्वरूप, गहन पर्यावरण, स्वच्छन्दतावादी पर्यावरण, मार्क्सवादी पर्यावरण, उत्तरऔपनिवेशिक पर्यावरण, नारीवादी पर्यावरण, प्रकृति र मानवीय क्रियाकलापबिचको सम्बन्ध, प्रकृति र नारीको सम्बन्धका बिचमा स्पष्ट पारेकी छिन् । यस्तै सिद्धान्तका आधारमा तयार पारिएका कृति विश्लेषणका पर्याधारहरू प्रकृतिको केन्द्रीयता, सार्वभौमपन, पारिस्थितिक प्रणाली, जैविक विविधता, पर्यावरणीय प्रदूषण, प्रकृति र मानिसको सांस्कृतिक सम्बन्ध, अहिंसा, विज्ञान र प्रविधिको दुरूपयोग, उन्मुक्त प्रकृति, विस्थापन, द्वन्द्व, अन्त्यको त्रासदी, विषाक्त सङ्कथन तथा पर्यावरणमैत्री भाषिक स्थितिजस्ता उपशीर्षकहरूमा अध्ययनका निम्ति अनुकूल रहेका साक्ष्यहरू प्रस्तुत गरी उनले विश्लेषण गरेकी छिन् । त्यस्तै प्रस्तुत शोधमा पर्यावरणीय सचेतताको विषय पनि उल्लेख छ तर पर्यावरणीय ग्राम्यताको विषयमा भने गहन अध्ययन भएको छैन । यस शोधप्रबन्धमा मानव र मानवेतर पर्यावरणको पक्षमा अध्ययन गर्नका लागि प्रस्तुत शोधप्रबन्धले सहयोग पुगेको छ ।

नेत्र एटम (२०७७) ले 'मोदिआइन उपन्यासमा पर्यावरणीय नारीवाद' शीर्षकको प्रायोगिक लेखमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक आधारबाट नै पर्यावरणीय नारीवादको विषयमा चर्चा गरेका छन् । उक्त लेखमा पितृसत्ताको प्रभुत्व, युद्धको विध्वंश एवम् विस्थापन र प्रकृतिको सुन्दरता, पोषण तथा नारीको सहकारिताको खोजी गरी जीवनमाथिको प्रभुत्वबाट सिर्जित युद्ध र प्रकृतिको अत्याधिक दोहनका कारण नारीको अस्तित्व कमजोर भएर विस्थापन भएको निष्कर्ष आएको छ । एटमले प्रकृति र नारीमाथिको विध्वंस एवम् विस्थापनजस्ता पर्यावरणीय नारीवादका दुई प्रमुख आयामहरूको उद्घाटन सफल रूपमा प्रस्तुत गरेका छन् । पर्यावरणीय स्वच्छता र ग्राम्यताको विषयमा भने यहाँ उल्लेख गरिएको छैन । मानव पर्यावरणका सूचकहरूमा पर्ने युद्ध शीर्षकमा सम्बद्ध भएर अध्ययन गर्नमा र पर्यावरणीय समालोचनाको सिद्धान्त र प्रयोग दुवै दृष्टिकोणले प्रस्तुत कृति उल्लेखनीय रहेको छ ।

घनश्याम दाहाल (२०७८) ले *प्रमुख नेपाली उपन्यास र उपन्यासकार* समालोचनात्मक पुस्तकमा नयनराज पाण्डेको चिनारी, उनको औपन्यासिक प्रवृत्ति, उपन्यासका तत्त्वगत आधारमा *लू* उपन्यासको विश्लेषण गरेका छन् । सो कारण प्रस्तुत

शोधप्रबन्धमा आधारित तीनओटा चरमध्ये नयनराज पाण्डे र औपन्यासिक विषयमा आधारित भई उपन्यासमा पर्यावरणीय पक्षहरूमा सिर्जित साक्षीहरूलाई औंल्याउन यो पुस्तकले केही मात्रामा भए पनि सहज बनाएको छ । पर्यावरणको विषयवस्तुलाई उल्लेख भने गरिएको छैन तरपनि प्रस्तुत कृतिको अन्तिम अध्यायमा समावेश कुराहरूले प्रस्तुत शोधप्रबन्धको पहिलो चरलाई अध्ययन गर्नमा थप सहयोग रहन्छ ।

गोकुल पोखेल (२०८०) ले 'पर्यावरणको सामाजिक प्रभाव' लेखमा पर्यावरण र समाजबिचको अन्तर्सम्बन्ध, पर्यावरणले सामाजिक संरचनामा पारेको प्रभाव र उद्देश्यलाई स्पष्ट पारेका छन् । पर्यावरण सामाजिक संस्कृति निमार्णको मुख्य कारक हो । पर्यावरण सापेक्ष भएर नै सामाजिक संरचनाको निमार्ण भएको हुनाले पर्यावरणबाट विमुख भएर समाजको अस्तित्व कायम रहँदैन । पर्यावरण असन्तुलन हुनुमा मानवकै अतिवादी क्रियाकलापहरू भएको कुरा अध्ययनमा स्पष्ट छ । यसमा पर्यावरण स्वच्छता कायम गर्नका लागि स्पष्ट आधार उल्लेख गरिएको छैन । प्रकृतिमाथि मानिसले आफ्नो आधिपत्य जमाउँदै गएपछि जल, जमिन, जङ्गल, वायु तथा समग्र प्राकृतिक खनिज स्रोतको असंवेदनशील अधिक दोहन र उपयोगले पछिल्लो समय पर्यावरणीय सङ्कट उत्पन्न भएको कुरा यहाँ स्पष्ट छ । यसले प्रस्तुत अध्ययन गर्नमा मानव र मानवेतर पर्यावरणबिचको सम्बन्ध, मानव पर्यावरणका सूचकहरूको शीर्षकमा अध्ययन गर्न सहयोग गरेको छ ।

प्रस्तुत अध्ययनले पर्यावरणीय समालोचनाको उपयोग गरी कृतिको विश्लेषण गर्नका निम्ति महत्त्वपूर्ण स्थान लिएको छ । पूर्वकार्यमा उल्लेख भएबमोजिम पर्यावरणीय समालोचनाको सैद्धान्तिक आधारको प्रयोग गरी भएका प्रायोगिक कार्यहरू कम मात्रामा रहेका छन् । गीता थपलिया, गोकुल पोखेल र रमेश भट्टराई, लक्ष्मणप्रसाद गौतमसँग सम्बन्धित पूर्वकार्यहरू प्रायोगिक समालोचनासँग सम्बद्ध छन् । अन्य नेत्र एटम, भीमनाथ रेग्मी, रजनी ढकाल, सुदर्शन प्रधान आदिका पूर्वकार्यहरू मूलतः सैद्धान्तिक र कृतिविश्लेषणका दृष्टिले अभिप्रेरित छन् । प्रस्तुत शोधप्रबन्ध प्रायोगिक तथा विश्लेषण मार्गतिर परिलक्षित छ । पर्यावरणीय विषयसँग सम्बन्धित निश्चित प्राज्ञिक जिज्ञासा उठाई पर्यावरणीय मान्यतालाई पूर्ण रूपले परिपालना गर्दै उक्त समस्याको प्राज्ञिक र प्रामाणिक समाधानमा केन्द्रित छ । यस शोधप्रबन्धले निर्माण गरेको मार्गचित्रबाट साहित्यका अन्य विधामा पर्यावरणीय समालोचना गर्न विशेष सहयोग गर्ने दृढ विश्वास गरिएको छ ।

## १.५ औचित्य, महत्त्व तथा उपयोगिता

नयनराज पाण्डेका उपन्यासमा पर्यावरणको गहन अभिव्यक्ति पाइन्छ । पर्यावरणीय उपन्यासहरूको अध्ययन गर्नु भनेको प्राकृतिक परिवेश, मानवीय जीवन, र वातावरणीय सङ्कटबाट गहिरो ज्ञान हासिल गर्नु हो । वर्तमान अवस्थासम्म आइपुग्दा पर्यावरणका कोणबाट पाण्डेका उपन्यासहरूको अध्ययन गरिएको छैन जसले गर्दा प्रस्तुत शोध औचित्यपूर्ण छ । मानव जीवन, प्रकृति र भविष्यलाई सुरक्षित, समुन्नत र सन्तुलित बनाउन वातावरणको अध्ययन अत्यन्त आवश्यक र महत्त्वपूर्ण हुन्छ । यसले पाठकलाई जिम्मेवार र सचेत नागरिक बन्न सहयोग गर्छ । पाण्डेका उपन्यासहरूमा अन्तर्निहित पर्यावरणको बारेमा ज्ञान लिन चाहने पाठकहरूका लागि यो शोधकार्य उपयोगी रहेको छ । त्यसैगरी प्रस्तुत अध्ययनमा प्रयुक्त पर्यावरणीय विश्लेषणको ढाँचालाई प्रयोग गरेर अन्य साहित्यकारहरूका कृतिहरूको पर्यावरणीय क्षेत्रका बारेमा विश्लेषण गर्नका लागि पनि प्रस्तुत शोधप्रबन्ध उपयोगी रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधको क्षेत्र पर्यावरणीय समालोचनासँग सम्बन्धित छ । नयनराज पाण्डेद्वारा रचित उपन्यासहरूको अध्ययनमा केन्द्रित रहेको छ । नयनराज पाण्डेद्वारा लिखित सात ओटा उपन्यासहरू क्रमशः *नाङ्गो मान्छेको डायरी* (२०४४), *विक्रमादित्य, एउटा कथा सुन* (२०४४), *अतिरिक्त* (२०५०), *उलार* (२०५३), *लू* (२०६८), *घामकिरी* (२०७०) र *सल्लीपिर* (२०७२) रहेका छन् । पर्यावरणीय चेतनाका दृष्टिले पाण्डेका उपनासलाई उद्देश्यमूलक नमुना छनोटका आधारमा कृति चयन गरिएको छ । पर्यावरणीय चेतना सघन रूपमा प्रयोग भएका पाण्डेका सात ओटा उपन्यासमध्ये *उलार, लू* र *सल्लीपिर* मात्र अध्ययन गरिएको छ । यी उपन्यासमा निहित पर्यावरणको विश्लेषण गर्नु अध्ययनको समाधेय समस्या रहेको छ । उल्लिखित कृतिहरूमा पर्यावरणको अध्ययन विश्लेषण गर्दा पर्यावरणीय महत्त्व, पारिस्थितिक पद्धति, मानव र पर्यावरणबिचको सम्बन्ध, पर्यावरण बचाउको चासो, स्वच्छता ग्राम्यता जस्ता आधारहरू आउँछन् । यिनका समग्र कृतिमा पर्यावरणको गहन पक्ष पाइँदैन । शोधप्रबन्धमा छनोट गरिएका कृतिभित्र सैद्धान्तिक पर्याधारका सूचकहरू प्रयुक्त छन् । जुन जुन कृतिमा जुन जुन पर्यावरणीय दृष्टिकोण छन् तिनै पर्यावरणीय आधारको मात्र उपयोग

गरी निर्धारित कृतिको विश्लेषण गर्नु प्रस्तुत शोधप्रबन्धको सीमा रहेको छ । यसका साथै सोद्देश्य नमुना छनोट विधिको उपयोग गरी प्रस्तुत औपन्यासिक कृति *‘उलार’*, *‘लू’* र *‘सल्लीपिर’* गरी तीन ओटा कृतिको मात्र अध्ययन गर्नु शोधप्रबन्धको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधप्रबन्धमा नयनराज पाण्डेका उपन्यासमा पर्यावरण शीर्षकको शोधकार्य सम्पन्न गर्दा प्रयोग गरिएका शोधविधिलाई निम्नलिखित दुई शीर्षकमा उल्लेख गरिएको छ । पहिलोमा सामग्री सङ्कलन विधि र दोस्रो शीर्षकमा सैद्धान्तिक ढाँचा र विश्लेषण विधि गरी अलग अलग रूपबाट चर्चा गरिएको छ ।

### १.७.१ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधप्रबन्धमा नयनराज पाण्डेका उपन्यासमा पर्यावरणको विश्लेषण गर्न प्राथमिक र द्वितीयक स्रोतबाट सामग्रीहरू सङ्कलन गरिएको छ । नयनराज पाण्डेद्वारा लिखित उपन्यासहरूमा *उलार, लू* र *सल्लीपिर* उपन्यासहरूलाई पर्यावरण प्रयोगका दृष्टिले मुख्य आधार मानेर सोद्देश्य नमुना छनोट विधिका रूपमा प्राथमिक स्रोतका सामग्रीको रूपमा राखिएको छ । पाठविश्लेषण विधि प्रयोग गरी सैद्धान्तिक सूचकको परीक्षण गरिएको छ । प्रस्तुत शोधमा उठाइएको समस्याको प्राज्ञिक र प्रमाणिक जिज्ञासा समाधानका लागि पुस्तकालयीय अध्ययन विधिको उपयोगलाई प्रष्ट्याइएको छ । पाण्डेका उपन्यासमा आधारित भई पर्यावरणीय समालोचनाका पद्धतिबाट परीक्षण गरिएको छ । पर्यावरणीय समालोचनासँग सम्बन्धित भएर गरिएका अध्ययन अनुसन्धानहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरी स्पष्ट पारिएको छ । कृति विश्लेषणका सन्दर्भमा द्वितीयक स्रोतबाट ग्रहण गरिएका सामग्रीलाई वस्तुको सत्यापनका लागि उपयोग गरिएको छ ।

### १.७.२ सैद्धान्तिक आधार र सामग्री विश्लेषणविधि

पर्यावरणीय समालोचना शब्दको प्रयोग सर्वप्रथम विलियम रुकर्ट (सन् १९७८) ले गरेका हुन् । उनले आफ्नो लेख लिटरेचर एन्ड इकोलोजी : यान एक्सपेरिमेन्ट इन इकोक्रिटिसिजम् (१९७८) मा यस शब्दको प्रयोग गर्दै यसलाई समालोचनाको नयाँ विमर्शका रूपमा प्रस्तुत गर्नुपर्ने धारणा राखेका थिए । पर्यावरणीय समालोचनाको सुरुवात सन् १९९० को दशकमा भएको हो । सन् १९९६ मा ग्लोटफेल्टी तथा ह्यारोल्ड फ्रोमको सम्पादनमा *दि*

*इकोक्रिटिसिजम् रिडर : ल्यान्डमार्कस् इन लिटररी इकोलोजी* नामक पुस्तक प्रकाशन भएपछि भने पर्यावरणीय समालोचनाले सैद्धान्तिक र प्रायोगिक आधार प्राप्त गरेको हो । चेरिल ग्लोटफेल्टीका अनुसार इकोक्रिटिज्म साहित्य र भौतिक वातावरणबिचको सम्बन्धको अध्ययन हो (सन्, २००२ पृ.२४८) प्रकृतिका जीवहरूको जीवन प्रक्रिया नै पारिस्थितिक प्रणाली हो । पृथ्वीमा रहेका सबै जीव र पदार्थहरूको तात्विक सहकार्यमा नै पारिस्थितिक निरन्तर चलिरहन्छ । यसले नै प्रकृतिलाई अविनाशी बनाएको छ । जैविक तŒवहरू वातावरणका उपज हुन् । जसले वातावरणलाई प्रभाव पार्ने र वातावरणबाट प्रभावित हुने गर्दछन् । प्रकृतिको अङ्कन कृतिमा केन्द्रीय उद्देश्यका साथ भएको छ कि छैन, प्रकृतिलाई केन्द्रमा राखेर कृतिको लेखन भएको छ कि छैन भन्ने कुराको अध्ययन यस समालोचना अन्तर्गत गरिन्छ । गोविन्दराज भट्टराई (२०६४, पृ. १९६) का अनुसार जसरी मार्क्सीय समालोचनाले उत्पादनको प्रक्रिया र आर्थिक श्रेणीका बिचको अध्ययन गर्दछ, त्यस्तैगरी पर्यावरणीय समालोचनाले साहित्य अध्ययनमा पृथ्वी केन्द्रित पद्धति अँगाल्दछ । पर्यावरणीय समालोचनाले प्रकृतिको सर्वेसर्वापनलाई स्थापना गर्छ । यसले मानवकेन्द्रित महाआख्यानात्मक साहित्यको विरोध गर्छ । त्यस्तै पर्यावरणीय समालोचनाले कृति विश्लेषणका क्रममा जीवविज्ञान, वातावरणविज्ञान तथा डार्विनको विकासवादी वैज्ञानिक सिद्धान्तको समेत अवलम्बन गर्छ । पर्यावरणीय समालोचनाले कृतिको मूल्याङ्कन गर्दा कृति पर्यावरणीय वा वातावरण मैत्री छ कि छैन, आदि कुराको अध्ययन गर्दछ । मानिसले प्रकृतिको निर्भरतामा अडिएर नै बाँकी विकासका कार्यहरू गर्न सक्छ, अर्को उसले आफू प्रकृतिभित्रै एउटा सत्ता भएकाले यसबाट विच्छिन्न हुँदा आफ्नो सत्ता पनि त्यही समाप्त हुने यथार्थलाई बुझ्न पचाएर प्रकृतिलाई विज्ञानको आविष्कारको प्रयोग भूमि र प्रविधिको क्रीडास्थल बनाएको छ । प्राकृतिक वस्तुलाई प्रकृतिकै नियमअनुकूल उत्पादन गरी मानिसका आवश्यकताको पूर्ति गरेर नै मानिसले प्रकृतिको अर्थ दिन्छ । मानव र पर्यावरणसँगको सम्बन्ध, ग्राम्यता जस्ता आधारबाट शोधप्रबन्धको विश्लेषण गरिएको छ ।

नयनराज पाण्डेका उपन्यासमा निहित पर्यावरणको विश्लेषण गर्नका लागि सांस्कृतिक अध्ययनका क्षेत्रमा स्थापित पर्यावरणीय पक्षको अवधारणालाई आधार बनाइएको छ । त्यसैगरी पर्यावरणीय समालोचनाले कृति विश्लेषणका क्रममा उपयोग गरिने आधारहरू पर्यावरणीय पक्षसँग मानव र मानवेतर पर्यावरणबिचको सम्बन्ध, पर्यावरणीय स्वच्छता र

ग्रामीणपन आदि विभिन्न आधारहरूलाई लिइएको छ । यसक्रममा पाठात्मक विधि अवलम्बन गरिएको छ । पाठमा अभिव्यक्त पर्यावरणसम्बन्धी विषयवस्तुको विश्लेषण वर्णनात्मक, व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरी निष्कर्षण गरिएको छ ।

**कृतिविश्लेषणका सूचकहरू :**

| शोधप्रश्न | अवधारणा | सूचक |
|---|---|---|
| १. पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरणबिच केकस्तो सम्बन्ध रहेको छ ? | मानव र मानवेतर पर्यावरण | १. मानव पर्यावरणअन्तर्गत : औद्योगीकरण, सहरीकरण, युद्ध, मानव संस्कृति, जाति र भाषिक प्रयोग<br>२. मानवेतर पर्यावरणअन्तर्गत : पञ्चमहाभूत, पशुपक्षी, बोटबिरुवा तथा वनजङ्गल । |
| २. पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यता कसरी अभिव्यक्त भएको छ ? | पर्यावरणीय स्वच्छता र ग्राम्यता | १. पर्यावरणीय स्वच्छता<br>२. पर्यावरणीय ग्राम्यता |

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि शोधप्रबन्धको मूल भागलाई पाँच ओटा अध्यायमा विभाजन गरिएको छ र ती अध्यायहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा बाँडिएको छ । प्रस्तुत शोधप्रबन्धमा प्रस्तुत गरिने अध्यायगत रूपरेखा निम्नलिखित आधारबमोजिम सङ्गठित गरिएको छ ।

पहिलो अध्याय : शोधपरिचय

दोस्रो अध्याय : पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरणबिचको सम्बन्ध

तेस्रो अध्याय : पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यता

चौथो अध्याय : सारांश र निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो अध्याय

# नयनराज पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरण

## २.१ विषयप्रवेश

प्रस्तुत अध्यायमा नयनराज पाण्डेका उपन्यासमा मानव र मानवेतर प्रकृतिजगत्बिचको सम्बन्धलाई विश्लेषण गरिएको छ । मानव पर्यावरणका पक्षहरू यस अध्यायमा विश्लेषणका लागि मानव पर्यावरण, मानवेतर पर्यावरण, मानव र मानवेतर पर्यावरणको अवधारणा, मानव र मानवेतर पर्यावरणको सम्बन्ध, प्रकृति र मानिसको सांस्कृतिक सम्बन्ध, पर्यावरण र मानिसको सहसम्बन्ध, पर्यावरणीय सङ्कटले मानवलाई पारेको असर जस्ता पर्यावरणीय सिद्धान्तको स्वरूप र नयनराज पाण्डेका उपन्यासमा व्यक्त पर्यावरणलाई उपशीर्षकका आधारमा प्रस्तुत गरेर हेरिएको छ । नयनराज पाण्डेका सात वटा उपन्यासहरूमध्ये पर्यावरणीय दृष्टिले छनोट भएका *लू, सल्लीपिर* र *उलार* रहेका छन् । पाण्डेका उपन्यासमा मानव पर्यावरण र मानवेतर पर्यावरण के कस्तो तरिकाले प्रकट भएका छन् तिनलाई पर्यावरणीय दृष्टिकोणले साक्ष्यसहित विश्लेषण गरिएको छ ।

## २.२ मानव र मानवेतर पर्यावरणको सैद्धान्तिक अवधारणा

नयनराज पाण्डेका पर्यावरणले युक्त र यस शोधप्रबन्धको निमार्णका लागि चयन गरिएका तीनओटा उपन्यासहरूमा मानव र मानवेतर पर्यावरणको सैद्धान्तिक स्वरूपको अध्ययनमा केन्द्रित छ, जसमा यहाँ मानव पर्यावरणअन्तर्गत जाति, संस्कृति, भाषिक प्रयोग, औद्योगीकरण, सहरीकरण र युद्ध जस्ता पक्षहरू र मानवेतर पर्यावरण अन्तर्गत पञ्चमहाभूत, पशुपक्षी र बोटबिरुवा जस्ता पक्षहरूलाई खोज्ने काम गरिएको छ ।

### २.२.१ मानव पर्यावरण

पर्यावरण भन्नाले हाम्रो वरपर रहेको वातावरणलाई बुझिन्छ । पर्यावरण शब्दको उत्पत्ति संस्कृत भाषाबाट भएको हो । पर्यावरण 'परि' अनि 'आवरण' दुई शब्द मिलेर 'पर्यावरण' शब्द बनेको हो । 'परि' को अर्थ हुन्छ 'चारै दिशातिर' अनि आवरण को अर्थ 'घेरिएको' हुन्छ । अर्थात् हाम्रो चारै दिशामा जे पनि दृश्यमान एवम् अदृश्य वस्तुहरू देखिन्छन् त्यसैलाई पर्यावरण भनिन्छ (एसकेएम दर्पण, २६-२७ जुलाई २०२३) । प्रयोग

प्रचलनमा तथा लोक व्यवहारमा प्रकृति भन्नाले हाम्रो वरपर भएको हावा, पानी, ढुङ्गा, माटो, वनजङ्गल, नदीनाला, डाडाँपाखा, जीवजन्तु जस्ता कुराहरूलाई बुझिन्छ । नेपालीको प्रकृति शब्दलाई अङ्ग्रेजीमा नेचर भनेर प्रयोग हुन्छ । नेचर शब्दले पनि नेपालीमा भएको प्रकृतिले जस्तै अनेक अर्थ प्रदान गरेको हुन्छ । शब्दकोशका आधारमा हेर्ने हो भने प्रकृतिका अनेकानेक अर्थ अभिव्यक्त भएको पाइन्छ । ती परिभाषामा प्रकृतिलाई स्वभाव, योनी, अन्तर्निहित गुण, पञ्चमहाभूत, अविनाशी गुण, छन्दको एक भेद, आमाजस्ता शाब्दिक आधारबाट अर्थगत रूपमा विविधता प्रकट हुने मानिएको छ । यसैगरी असीमित रूपमा अनुबन्धित शाश्वत सत्यहरूलाई पनि प्राकृतिक परिवेशका रूपमा चिनाउने प्रयास भएको छ । पूर्व र पश्चिम दुवैतिरका समाजमा प्रकृतिप्रति प्रेम, त्यसको मानवीकरण र आफूलाई त्यसको अभिन्न अङ्ग ठान्ने दृष्टिकोण पाइन्छ तर त्यो दृष्टिकोणभन्दा पर्यावरणसम्बन्धी वर्तमान दृष्टिकोण पृथक पाइन्छ । पर्यावरणप्रतिको आजको सचेतता, त्यससम्बन्धी दृष्टिकोण र आन्दोलन मूलतः बिसौँ शताब्दीको उत्तरार्द्धको देन हो । भयावह बन्दै गएको पर्यावरण विनाश, यसप्रतिको सचेतता, यससम्बन्धी दृष्टिकोणको निमार्ण र आन्दोलनको मूल कारकका रूपमा रहेको छ । मानवले आफ्नो स्वार्थ परिपूर्तिको लागि पनि पर्यावरणमा प्रभाव पारिरहेको हुन्छ ।

संस्कृति निमार्णका धेरै विषयमध्ये पर्यावरण सबैभन्दा महत्त्वको विषय हो । सांस्कृतिक अध्ययनको परम्पराजस्तै पर्यावरणीय अध्ययनको परम्परा पनि पश्चिमबाटै प्रारम्भ भएको हो भने यस अध्ययनका सैद्धान्तिक चिन्तकहरू चेरिल ग्लटफेल्टी र ग्रेग गराड (गराड, २००४, पृ. ३) जस्ता समालोचकहरूले पर्यावरणीय अध्ययनलाई सांस्कृतिक अध्ययन भनेका छन् । पश्चिमी संस्कृतिमा पर्यावरण मानसिक शान्तिको अन्तिम गन्तव्य मानिन्छ । त्यता पूर्वमा जस्तो आध्यात्मिक सम्बन्ध नभए पनि प्रकृति पर्यावरणसँग हार्दिक सम्बन्ध रहेको हुन्छ (भट्टराई र हितान, २०८०, पृ. १०४-१०५) । केरिजका अनुसार बिसौँ शताब्दीको मध्यतिर विभिन्न कारणले वातावरणमा देखापरेको गम्भीर सङ्कट र त्यसको समाधानमा वातावरणविद्बाट पर्यावरण संरक्षणको चासो उत्पन्न भयो (केरिज, सन् २००६, पृ. ५३१) । पर्यावरणका विभिन्न तहको निरूपण गर्नुपरेमा सातवटा विभेदका आधारमा विवेचना गरिन्छ, जसमा सघन पर्यावरण, वातावरणीय कल्पना र पुनःकल्पना, विश्वव्यापी वातावरणीय सांस्कृतिक चेतना, पर्यावरणमैत्री सांस्कृतिक आवास, विषाक्त संकथन,

साहित्यिक सन्त्रास र भाषिक प्रदूषण रहेका छन् (सुवेदी, २०७३, पृ.१४५) । अध्ययनको विश्लेषणका क्रममा कुनै न कुनै साक्ष्यमा माथिका जुनसुकै प्रकारहरूका बारेमा चर्चा भएको हुन्छ ।

मानव एक चेतनशील र सर्वश्रेष्ठ प्राणी हो । मनुष्य वर्गमा पर्ने कुनै पनि कुरामा तर्क गर्न सक्ने र समस्या समाधानमा सक्षम बुद्धिमान प्रजाति मानव हो । मानव जातिका व्यवहार, संस्कार, संस्कृति, सभ्यता आदिको प्रणालीलाई नै मानव पर्यावरण भनिन्छ । मानव पर्यावरण भन्नाले मानिसहरूले सिर्जना गरेको र मानव जीवनसँग प्रत्यक्ष रूपमा सम्बन्धित वातावरणलाई जनाउँछ । यसमा मानवद्धारा निर्मित संरचनाहरू पर्दछन् । मानव र पर्यावरणबिच मानव जातिको उत्पत्तिसँगै सम्बन्ध स्थापित भएको पाइन्छ । यसका प्रमाणहरू सर्वप्राचीन ग्रन्थमा उल्लिखित छन् । ऋग्वेदमा उल्लेख भएअनुसार पूर्वीय सभ्यतामा वैदिककालदेखि नै मानव र उसको समुदाय वा समाजसँग पर्यावरणको गहन सम्बन्ध रहेको पाइन्छ (पोखरेल, २०८०, पृ.१) । एक्काइसौँ शताब्दीमा पाइला टेकिसकेको मानवले आज यहाँ आफ्ना ज्ञान र कौशलले प्रकृतिका रहस्यबारे असीमित जानकारी प्राप्त गरेर ती रहस्यमार्फत् आफ्नो जीवनलाई सुखमय बनाउनमा सफलता प्राप्त गरेको छ, त्यहाँ मानवले आफ्ना कतिपय भूल र अज्ञानले प्रकृतिको सनातन कमलाई असन्तुलित बनाइदिएकोले आज मानव अस्तित्वमाथि गम्भीर सङ्कट उत्पन्न भएको छ । (साहित्य संग्रालय, २०१८, नोवेम्बर २९) मानिस जति प्रकृतिबाट विमुख र टाढा हुँदै जान्छ, त्यति नै उसको जीवनशैली, संस्कृति र सामाजिक संरचना अप्राकृतिक र कृत्रिम बन्दै जान्छ ( पोखरेल, २०७२, पृ.१६) । मानव जीवनका सबै पक्षलाई पर्यावरणले नै असर पुऱ्याएको हुन्छ, तसर्थ आफ्नो अस्तित्व रक्षाका लागि पनि मानिसले आवश्यक स्रोत वातावरणबाट नै प्राप्त गर्न सक्छ ।

पर्यावरणीय सिद्धान्तको फाँटमा विचारको केन्द्रका रूपमा मानवलाई राखिन्छ । प्रकृतिलाई दोहन गर्नका लागि विज्ञानका आविष्कारहरूले पनि प्रभाव पार्दछन् । संस्कृतिका नाममा खोलानालामा गरिने प्रदूषण, विभिन्न कला तथा गृह निमार्णका नाममा गरिने वनविनाश पनि मानव पर्यावरणमा समेटिन्छन् । प्रकृति जीवनको स्रोत हो । मानिसले पनि अन्य प्राणीले जस्तै जीवनयापनका निम्ति प्रकृतिमा निर्भर रहनुपर्छ । पर्यावरणीय सिद्धान्तले प्रकृति मानिसका लागि जति हो, अन्य प्राणीका लागि पनि त्यत्तिकै हो, त्यसैले यो साझा

वासस्थान हो भन्ने मत अघि सारेको छ । प्रकृतिमाथि अहिले मानिसको एकाधिकार चलिरहेको छ । उपभोग क्षमताका आधारमा प्रकृतिमाथि हैकमा जमाउने विश्वबजारको सिद्धान्तले प्रकृतिविनाशका शृङ्खलाहरू जोडिँदै आएका छन् । पारिस्थितिक प्रणालीलाई चटक्कै बिर्सिएर आजका मानिसले प्रकृतिका सम्पदामाथि प्रयोगका नाममा मच्चाइरहेको दोहनको आतङ्कले पृथ्वीको हरियाली रित्तिँदै गएर समाप्तै हुने रुग्ण अवस्थामा पुगेको छ । नारीवादी पर्यावरणीय अवधारणामा पुनर्जागरणपछिको पश्चिमेली संसारमा फिँजिएका विरोधाभासी सांस्कृतिक तर्कहरू (प्रकृति र संस्कृति, नारी र पुरुष तथा पूर्वेली र पश्चिमेली) ले पश्चिमी औपनिवेशिकवादलाई वैचारिक आधार दिनुका साथै पुरुषद्वारा नारी तथा मानवद्वारा प्रकृतिमाथि औपनिवेशिक हैकम चलाउने परम्परालाई समेत सैद्धान्तिक टेवा दिएको पाइन्छ । मान्छेले आफ्नै स्वार्थलाई मात्र हेरेर प्रकृतिको उपभोग गर्नु मानवकेन्द्री चिन्तन हो । यसलाई पर्यावरणीय समालोचनामा अनैतिक ठानिन्छ र त्यसको आलोचना गरिन्छ । यसको सट्टा सबै जीवलाई एकअर्कामा निर्भर ठानेर व्यवहार गर्नु पर्यावरणकेन्द्री वैचारिकता हो र पर्यावरणीय समालोचनामा मानवबाट यसै अनुरूपको आचरण खोजिन्छ (एटम, २०७६, पृ.३२३) । मानव पर्यावरणका विषयहरूमा युद्ध, संस्कृति, जाति र भाषिक प्रयोग रहेका हुन्छन्, जसमा उपन्यासको विश्लेषण गर्न मानव पर्यावरणका सूचकहरू औद्योगीकरण, युद्ध, जाति सहरीकरण, संस्कृति र भाषिक प्रयोगलाई आधार बनाइएको छ ।

उद्योगधन्दा तथा कलकारखानाबाट निस्केको धुलोधुवाँ र फोहोरमैलाले वातावरणलाई प्रदूषित बनाएको हुन्छ । औद्योगीकरणले आर्थिक र सामाजिक विकासमा योगदान गरे पनि यसको पर्यावरणमा उल्लेखनीय प्रभावहरू रहेका छन् । पर्यावरणीयमा औद्योगीकरणको प्रभावहरूमा वातावरणीय प्रदूषण, वनजङ्गलको विनाश, जलवायु परिवर्तन र प्राकृतिक स्रोतको दोहनले नकारात्मक असर पारिरहेको हुन्छ भने गरिबी न्यूनीकरण र प्रविधिको विकासबाट पर्यावरणीय संरक्षण पर्यावरणीय औद्योगीकरणमा सकारात्मक पक्ष बनेको देखिन्छ । द्रोस्रो विश्वयुद्धपछाडि औद्योगिकक्रान्तिले उद्योग तथा कलकारखानाको विकासको सुरुवाता गरेको हो । समाजवाद सिद्धान्तको धरातलमा उभिएर उद्योग तथा कलकारखानाको विकास भएको हो । अहिले विश्वको राजनीतिक परिवेश समाजवाद उन्मुख भएका कारण कलकारखाना र उद्योगलाई आर्थिक समृद्धिको प्रमुख कारण मान्ने गरिन्छ । नेपालको सन्दर्भमा महेन्द्रको समयबाट उद्योग तथा कारखानाको स्थापना र विकास भएको पाइन्छ ।

उद्योग तथा कलकारखानाको विकासले नेपाल जस्तो ग्रामीण परिवेश तथा कृषिप्रधान भूमिमा आर्थिक विकास गर्नुका साथै वातावरीय प्रदूषण निम्त्याएको पाइन्छ । यसले नेपाली साहित्यमा पनि प्रभाव जमाउन सफल बनायो । विभिन्न साहित्यकारहरूले उद्योगीकरणका प्रभावलाई साहित्यमा उतार्न थालेको देखिन्छ । नेपाली साहित्यमा उद्योग र यसले पारेको सकारात्मक र नकारात्मक प्रभावका विषयमा चर्चाचिन्तन सुरु भएको पाइन्छ ।

सहरलाई सेवासुविधा, सुरक्षा र अवसरको केन्द्रका रूपमा लिन सकिन्छ । सहर आर्थिक वृद्धिको इन्जिन पनि हो । सहरमा रहने यी विशेषताका आधारमा नै सहरहरू गाउँदेखि भिन्न हुन्छन् । विविध खाले विचार, संस्कृति, धर्म र भाषालाई सहरले उन्नयन गर्दछ, जसले सहरलाई व्यवस्थित बनाउन दिनप्रतिदन जटिलता खेप्दै लगेको छ । गाउँका तुलनामा घना तथा एकीकृत बसोबास हुने भएकोले पनि एकै स्थानमा धेरै प्रकारका सेवाहरू उपलब्ध गराउनुपर्ने सहरको दायित्व रहन्छ । सहरी सेवा अन्तर्गत सामान्यतः सडक यातायात, ढल, बिजुली, खानेपानी र सरसफाइ, खुला क्षेत्र, सभा तथा मनोरञ्जन स्थल, विद्यालय, सञ्चार, सुरक्षा, अस्पताल जस्ता सेवाहरू पर्ने भएतापनि सहरको स्तर र प्रकृतिले भिन्न खाले सेवाको माग पनि गर्न सक्तछ (मैनाली, २०७१, पृ.३६) । अनियन्त्रित, प्राकृतिक स्रोतहरूको अत्याधिक दोहनको कारण पर्यावरणमा असन्तुलन सिर्जना हुन्छ । सरकार र स्थानीयस्तरको सहकार्यबाट वातावरणको असन्तुलनलाई हटाउने उद्देश्यले दिगो विकासको अवधारणा अपनाएर योजना अनुकूल अघि बढ्नु उचित हुन्छ । नेपालको परिप्रेक्षमा सहरीकरण बढ्दो पाइएता पनि दिगो विकासको अवधारणमा नभएको र ग्रामीण परिवेश र शान्त वातावरणको अन्त्य गरेकाले यसले वातावरणमा प्रतिकूल असर पार्दछ । यद्यपि दिगो विकासका अवधारणामा रहेमा यसले सकारात्मक असर पार्दछ । काठमाडौं उपत्यका र यसका वरपरका पहाडी इलाका तथा अन्य सहरहरू सहरीकरण हुँदै छन् । नेपाली साहित्यमा पनि यस्ता सहरीकरणका प्रसङ्ग यसका प्रभाव परिवेशका रूपमा उल्लेख भएको पाउन सकिन्छ ।

दुई वा सोभन्दा बढी पक्षहरूको बीचमा हुने संघर्षलाई युद्ध मानिन्छ । यो शक्तिको प्रयोग गरेर पनि सिर्जित भएको हुन्छ । पृथ्वीमा रहेका सम्पूर्ण जीव एवम् प्राणीहरू प्रकृतिबाट उत्पन्न भएका प्रकृतिका अनुचर हुन् तर मानव जाति मात्र प्रकृतिको अनुचर भएर पनि प्रकृतिकै लागि प्रतिकूल र हिंस्रक प्राणी पनि हो । मानव जातिको

उद्‌विकासक्रमको प्रातःकालदेखि नै सिकार खेल्ने र युद्ध गर्ने चरित्रको कारणले पनि प्रकृतिलाई कज्याउन र वातावरण विनाश गर्न थाल्यो । यसको अर्थ प्रकृतिको विनाश र वातावरणको क्षयमा मानिसका अनेक कृत्यहरूमा युद्धको कर्म पनि जोडिन आयो । युद्ध कर्म अझ धेरै प्रकृति विरोधी घटना र वातावरण विनाशक खेल बन्दै गयो । युद्ध कर्म प्रकृति र वातावरण विनाशक घटना हुनका कारणहरू छन् ती हुन् : (क) सैन्य सङ्गठनको निमार्ण र व्यवस्थापन (ख) शास्त्रास्त्रको निर्माण, उत्पादन र व्यापार (ग) युद्ध कर्म र सैन्य व्यापार (राई, २०८०, पृ.१२२) । ढुङ्गे युगबाट सुरु भएका युद्धहरू बीसौं शताब्दीमा पुग्दा आणविक शस्त्रास्त्रको होडबाजीमा पुगे । युद्धको इतिहाससँगै धेरै आविष्कार पनि जोडिएका छन् । अहिले त झन् इलेक्ट्रोनिक विकासका अकल्पनीय चमत्कारहरू केवल युद्धको सफलतालाई दृष्टिगत गरी रचना गरिएका हुन् कि जस्तो लाग्न थालेको छ । मानवमस्तिष्क अन्य प्रगतिभन्दा पनि आफ्ना साथीलाई लडाउने कार्यमा लागि परेको छ । (भट्टराई, २०७०, २३९-२४०) । वर्तमान विश्वमा चलेका शीतयुद्ध, गृहयुद्ध, गोरिल्ला युद्ध, जनयुद्ध धेरै घातक साबित भएका छन् । यस्ता युद्ध कहिल्यै नटुङ्गिने हुन्छन्, यिनले शत्रुत्व बढाइरहने, निर्दोषहरू सबैभन्दा बढी पीडित हुने परिस्थिति उत्पन्न गरेका छन् । एकातिर हाम्रो भौतिक प्रगतिले अकल्पनीय उचाइमा छोएजस्तो लाग्छ भने अर्कातिर मानवहृदयमा सधैँ उठ्ने युद्धको प्यास भने झन्झन् बढिरहेको देखिन्छ । यो दुखको कुरा हो । अबका हतियार पनि विविध छन् । सूक्ष्म सर्वनाशक र दूरभेदक, भौतिक, मनोवैज्ञानिक, अनेक । (पृ.२४१) विभिन्न युद्धका कारण सन्त्रासमय भावअनुसारको परिवेश निर्मित हुने भएकोले युद्धले पनि पर्यावरणीय पक्षमा आँच ल्याएको हुन्छ । नेपालमा एकीकरणका लागि भएको युद्ध, राणाकालका पर्वहरू, माओवादी जनयुद्ध, जनआन्दोलन लगायतका विविध युद्धहरू भएका छन् र यसले वातावरण तथा पर्यावरणमा पारेको अनुकूल प्रभावका कारण नेपाली सहित्य पनि प्रभावित देखिन्छ र युद्धका विषयमा नेपाली साहित्यहरू रचना गर्न थालिएको छ ।

पहिलेदेखि नै मान्दै आएको परम्परा रीतिरिवाज वा मूल्यमान्यतालाई नै संस्कृति मानिन्छ । संस्कृतिको सामान्य अर्थ सभ्यीकरण हो । प्रकृतिका जड वस्तु, वनस्पति र अन्य जीवबाट भिन्न अस्तित्व प्राप्त गरेर मानवीय वस्तु स्वभाव र मूल्यका रूपमा प्रकट हुनु र परिवर्तित रूप प्राप्त गर्नु पनि संस्कृति हो (सुवेदी, २०७३, पृ.२१७) । पर्यावरणीय समालोचनामा संस्कृतिले पनि पर्यावरणमा प्रभाव पारेको कुरालाई हेरिन्छ । मानिसले

पर्यावरणमा रहेका वायु, जमिन, जङ्गलको सहायता लिई आफ्नो जीवनलाई अगाडि बढाएका हुन्छन् । मानिसको जन्मदेखि मृत्युसम्म सम्पूर्ण संस्कारहरू प्रकृतिसँग जोडिएकै हुन्छन् । संस्कृति मानिसका सभ्यताका प्रतीक पनि हुन् । संस्कृतिभित्र विभिन्न आविष्कार, निमार्णकला, साहित्य, धर्म, विचार, दैनिक व्यवहार, खानपान, रहनसहन आदि पर्ने र तिनको सम्बन्ध पर्यावरणसँग रहन्छ (भट्टराई, २०६८, पृ. ४२) । प्रकृति नाश हुँदै गएपछि मानिससँगको सम्बन्ध पनि अनुकूल रहदैन । प्रकृतिबाट मानिस टाढिन पुग्छ, जसले गर्दा संस्कृति ओझेलमा पर्दै जान्छन् । मानवका व्यवहारमा प्रयोग हुन आउने विधि, व्यवहार, वस्तु र परिधान, खाद्य वस्तु, आवास र श्रम, व्यापार, उपभोग्य वस्तुको उत्पादन र तिनको वितरण तथा उपयोग र आचार व्यवहार, जीवन भोगेका तौर तरिका, जीवन यात्रा र आचार शैली लगायतका पक्षहरू संस्कृतिका उदाहरणहरू हुन् । प्रकृति जगत्का समस्त वस्तुहरू सभ्यताको आरम्भदेखि विकसित बनेर वर्तमानसम्म आइपुग्दाको अवस्थामा मान्छेले जति प्रतिष्ठा आर्जन गऱ्यो त्यो मान्छेले नै निमार्ण गरेको उपलब्धि हो । मानव जगत्ले आफ्नै हिसाबले निर्माण र परिमार्जन, शुद्धीकरण तथा प्रशोधन गरेका आचार, विधि व्यवहार र जीवन शैलीसमेतको अर्थ बहन गर्ने सन्दर्भका पक्षहरू यस संस्कृति शब्दको आर्थिक परिधिभित्र समाहित भएका हुन्छन् । मानवका प्राकृतिक गुण र स्वभावमा, शिष्टाचार र आचार व्यवहारमा आउने परिस्कृत तथा परिमार्जित पक्षहरूको अभिव्यक्ति संस्कृति हो र यही नै संस्कृतिको तात्पर्य हो (सुवेदी, २०७३, पृ. २०३) । प्रकृतिबाट मानव जाति नै बिस्तारै टाढिन गएको अवस्थामा संस्कृति नै हराउँदै गएको हुन्छ, तसर्थ मानव जाति प्रकृतिबाट अलग रहन सक्दैन ।

प्रकृतिलाई पूजा गर्ने औपचारिक परम्परा चाहिँ बस्ने तर त्यही प्रकृतिलाई दैनिक क्रियाकलापहरूबाट नष्ट गर्ने कार्य पनि आज विश्वव्यापी संस्कृतिजस्तै बनिरहेछ । उपमाका लागि नदीको महानता गाउने तर त्यही नदीमा फोहोरको डङ्गुर लगाउने, घातक रसायन र प्लास्टिकको बाढी हुल्ने तथा जाल, करेन्ट, विष र बमहरू प्रयोग गरेर माछा मार्ने, त्यसरी नै सर्यको पूजा चाहिँ गर्ने तर ओजोन रक्षा तहलाई नष्ट गर्ने क्लरोफ्लुरो कार्बन उत्पादन हुने एअर कुलर, रेफ्रिजेरेटर, फोम, डनलपहरू अन्धाधुन्ध प्रयोगमा ल्याउने र आकाशमा कुइरीमण्डल छाउने धुवाँ र धुलोको मुस्लो छोड्ने, भूमिको महानता गाउने तर त्यही भूमिलाई नष्ट गरी बनाइने इँटा, सिमेन्ट र छडहरूबाट निमार्ण भएका भवनहरू ज्यादै मन

पराउने तथा माटोमा रसायनिक मल र कीटनाशक औषधीहरू अत्याधिक प्रयोग गर्ने, वृक्षलाई महान् मानी त्यसको महिमा गाउने तर वनजङ्गलको विनाश भइरहँदा बेवास्ता गर्ने, अनावश्यक काठपातहरू प्रयोग गर्ने र परम्पराको नाममा काठ, दाउरा जलाएर खरानी पार्नेजस्ता धेरै कुराहरू धरतीप्रतिकूल जीवन दर्शनका परिणाम हुन् (प्रधान, २०७१, पृ.१७९) । संस्कृतिको जगेर्ना गर्नु पर्यावरणको अनुकूल बनाउँदै लैजानु पनि हो ।

मानवप्रकृति र संस्कृतिप्रकृति एकआपसमा विरोधीका रूपमा लिइन्छ । डोनेल एन ड्रिजे (सन् २००२) ले पर्यावरणविद् वेन्डल बेरीका मान्यता प्रस्तुत गर्दै मानवसंस्कृति र परिवेश एक अर्काका प्रतिबिम्बहरू भएकोले यिनलाई एकआपसबाट छुट्याउनै नमिल्ने बताएका छन् (पृ.१) । मानव र मानवेतरको जीवनशैली र मानव संस्कृतिसँग जोडिएका पर्यावरणीय पक्षको अध्ययन गरिने हुँदा पर्यावरणीय समालोचनालाई सांस्कृतिक अध्ययनसँग पनि जोडिएको छ । मानिसको संस्कृति निमार्णमा सम्पूर्ण रूपले पर्यावरण जिम्मेवार रहेको हुन्छ (गेरार्ड, सन् २००४, पृ.९) । नेइस (सन् १९९५) ले गहन पर्यावरणसम्बन्धी विस्तृत धारणा राखी यसका मूल मान्यताहरू आठ बुँदामा अभिव्यक्त गर्ने क्रममा चौथो बुँदामा मानिसको जीवन र संस्कृतिको उन्नति मानिसको जनसङ्ख्याको वास्तविक ह्रासका निम्ति अनुकूल हुने तथा मानवेतर जगत्को विकासका निम्ति मानिसको जनसङ्ख्यामा ह्रास आउन आवश्यक पर्ने कुरालाई जोड दिएका छन् (थपलिया, २०७५, पृ.४४) । धेरैअघि सेरी ओर्टनर नामक महिलावादी लेखिकाले इज फिमेल टु मेल याज नेचर इज टु कल्चर ? (के नारी भन्नु परुष भएझैँ संस्कृति भन्नु प्रकृति हो ?) शीर्षक निबन्धमा पारिस्थितिक नारीवादको द्विविभाजक रूपमा जन्माएका चेतनाहरूमा संस्कृति र प्रकृतिका कुराहरूलाई पनि समेटेकी छन् (भट्टराई, २०७०, पृ.९०) । बीसौँ शताब्दीका आर्थिक र प्राविधिक क्षेत्रमा भएका परिवर्तनहरूको फलस्वरूप अहिले बेलायत नभएर संयुक्त राज्य अमेरिका संसारको मुख्य सांस्कृतिक/राजनीतिक शक्तिकेन्द्रका रूपमा स्थापित भएको छ तर अमेरिकाले युरोपलाई शक्तिकेन्द्रका रूपमा विस्तापित गरेको यो समकालिन सन्दर्भमा समेत पश्चिमी संस्कृति, साहित्य र भाषाहरू अपश्चिमेली मुलुकका भाषा तथा संस्कृतिभन्दा उच्च छन् भन्ने भावना भने कताकता रहँदै आएको देखिन्छ । अमेरिकामा बोलिने अङ्ग्रेजी भाषा, लाउनेखाने रीतिथिति तथा सांस्कृतिक अभ्यासहरू युरोपेली भाषा/संस्कृतिबाटै प्रभावित भएकोले पश्चिमी भाषा, पहिरन तथा अन्य सांस्कृतिक स्वरूपहरू अहिलेको समसामयिक संसारमा

पनि त्यत्तिकै महŒ्वपूर्ण बन्न पुगेका छन् । फिलिपिन्स र जापानदेखि लिएर नाइजेरिया र नेपालसम्म पश्चिमेली संस्कृतिको अनुकरण गर्ने इच्छा बढ्दै गएको देखिन्छ । जिन्स र टाईदेखि लिएर फेसन सोका क्याटवाकहरू हाम्रा दैनिक जीवनका भाग बन्दै गएका छन् । ... पश्चिमेली सांस्कृतिक स्वरूपहरूको अनुकरण भिन्नभिन्नै कारणले गरिएको हुन सक्छ र ती तिनको प्रभाव पनि एउटा मात्र नभएर भिन्नभिन्नै हुन सक्छ (उप्रेती, २०६९, पृ. १६०-१६१) । संस्कृतिको संरक्षण गर्ने क्रममा विदेशी संस्कारहरू अपनाउनु उचित हुँदैन त्यसकारण अन्य देशका संस्कृतिहरूबाट पनि नयाँ र आवश्यक कुराहरू सिकेर नराम्रो कुराहरू अनुसरण नगरी राम्रा कुराहरू मात्र अनुसरण गरेर संस्कृतिमा भएका अन्धविश्वास हटाउन सकिन्छ । नेपाली साहित्यमा पनि पाश्चात्य संस्कृतिको अनुकरणप्रति असन्तुष्टि तथा यसको अनुकरणले पारेको प्रभावका विषयमा चर्चा सुरु भएको पाइन्छ ।

जाति मानवका भिन्न भिन्न भनेको सामाजिक व्यवस्था निमार्णमा समाजको सांस्कृतिक र ऐतिहासिक संरचना हो । जसको छुट्टै पहिचान रहेको हुन्छ । वर्गीकरणको विज्ञान पश्चिममा मात्र विकसित भएको हो भनेर भन्न मिल्दैन । धेरै मुलुकले पनि जगत् तथा समाजलाई विभिन्न कोष्ट, समूह र उपसमूहहरूमा छुट्याएर हेर्ने प्रयास गर्दै आएका छन् । नेपालकै कुरो गर्दा पनि सन् १८५४ को मुलुकी ऐनले नेपालको जनसङ्ख्यालाई विभिन्न जातमा बाँड्ने सामाजिक प्रणालीलाई कानुनको आवरण ओढायो । सम्पूर्ण समाज बाहुन, क्षेत्री, कामी, दमाई, दलित, पानी चल्ने, नचल्ने आदि समूहहरूमा वर्गीकृत भयो (उप्रेती, २०६९, पृ.२६२) । वर्गीकरणको आधुनिकताले मानिसलाई हिन्दू र मुस्लिम, मध्यमवर्ग र श्रमिकवर्ग, काला र गोरा, मधेसी र पहाडीलगायतका अन्य विभिन्न समूह र वर्गमा विभाजन भएका कारण फलस्वरूपः यसले पर्यावरणमा प्रभाव पारेको हुन्छ । हरेक व्यक्तिको पहिचानसँग सम्बद्ध जातीयता पृथक भाषा र धर्मका कारण पनि एकअर्काविरुद्ध उपलधिका टावर भत्किएका हुन्छन् । सामाजिक न्यायको प्राप्तिका निम्ति मगर, लिम्बू, नेवार, मधेशीजस्ता जातीय समुदाय, श्रमिक, मध्यमवर्गजस्ता आर्थिक समुदायका व्यक्तिले संगठित हुनु आवश्यक छ ।

विश्वमा दिन प्रतिदिन विनाश बन्दै गएका वातावरणका कारण मानव समुदायको जनजातिको आवास, भोजन र स्वास्थ्यको पर्यावरण लुप्त बन्दै गएको छ । यसरी जनजातिको लोपसँगै भाषिक र सांस्कृतिक विविधताको पनि लोप हुँदै गएको छ । नेपालका

सन्दर्भमा कुसुन्डा, राउटे, चेपाङ जस्ता जातिका मान्छेको अस्तित्व विलोपमा पुगेको देखिन्छ (सुवेदी, २०७३, पृ. १४९) । विश्वमा लोपोन्मुख देखिएका जतिपनि जातजातिका मानिसहरू छन् उनीहरूको मौलिक संस्कार संस्कृति, भाषा र साहित्य पनि विनाश हुने अवस्थामा छ तसर्थ यस्ता समस्या पर्यावरणीय समालोचनाका विषय बनेका छन् ।

भाषा विचार विनिमयको माध्यम हो । भाषाद्धारा नै मानव मनमा भएका विचार तथा भावनाहरू एकआपसमा अभिव्यक्त हुने गर्दछन् । पर्यावरणीयतावादी साहित्यमा प्रयुक्त भाषाको चालढाल बारे पनि चिन्तन गरिन्छ । स्रष्टाले भाषामा भौतिक तथा जैविक प्रकृतिलाई कति सम्मान वा अपमान गरेको छ, सोको पनि विवेचना गरिन्छ (सुवेदी, २०७३, पृ. १५९) । प्रकृतिलाई कृतिभित्र भाषिक रूपले सम्मानजनक व्यवहार गरिएको छ छैन भन्ने हेरिन्छ । स्थानीय विशेषता युक्त भाषामा पात्रसँग अपनत्व देखिने हुनाले त्यसलाई पर्यावरणीय समालोचनामा महत्त्व दिइन्छ तर आयातित शब्द र वाक्यविन्यासको भने आलोचना गरिन्छ (एटम, २०७०, पृ.१९८) । पर्यावरणीय समालोचनामा पहिले वातावरणीय संरक्षणमा मात्र प्रयुक्त हुने विषालु सङ्कथन, साहित्यिक सन्त्रास र भाषिक प्रदूषण जस्ता नयाँ भाषिक प्रदूषण भनेको विनातर्क, विनासमझ बाह्य भाषा विशेष गरी अङ्ग्रेजीबाट रूप, शब्द वा वाक्यात्मक संरचनाहरू आयात गर्नु हो । यसरी आयात गर्दा दोहोरो प्रक्रिया अपनाउनु पर्छ : एकातिर आफ्नो भाषामा नभएका नयाँ शब्दहरू थप्दा वास्तविकता अभिव्यक्त गर्ने सामर्थ्य बढ्छ र भाषा धनी बन्छ । यसमा बाह्य शब्द अङ्गीकार गर्न सजिलो हुन्छ र त्यसलाई आफ्नो उच्चारणअनुसार ढाल्न सकिन्छ । अर्कोतिर यसो गर्दा आफ्नो भाषा र त्यसका माध्यमले रचिने साहित्यको मौलिकता ध्वस्त भई त्यसको औचित्य समाप्त हुन सक्छ (एटम, २०७६, पृ.३१८) । भाषाप्रयोग प्रसङ्ग र ठाउँअनुसार उचित तरिकाले व्यवहारमा लागु गरिएमा सशक्त सन्देश दिन सक्ने हुन्छ भने अनुचित तरिकाले व्यवहारमा लागु गरिएमा वा स्पष्टता नभएमा पर्यावरणमा नकारात्मक असर पर्न जान्छ ।

नेपाली साहित्यमा भाषाको लोप हुँदै गएको, भाषामा अन्यभाषाको हस्तक्षेप र भएको साहित्यमा विकृति आएका जस्ता विषयहरू समेटिन थालिएको छ । यो पनि एउटा पर्यावरणीय चिन्तन हो भन्न सकिन्छ ।

### २.२.२ मानवेतर पर्यावरण

पर्यावरणमा मानव इतरका अन्य कुराहरूले पनि प्रभाव पार्ने गर्दछन् । वर्तमान विश्वलेखनको एउटा ठूलो अंश नै मानवेतर जगत्‌तिर लक्षित छ । यहाँ मानवेतर पर्यावरण भन्नाले प्राणी, वनस्पति, तिनिहरूको वासस्थान, जल, वायु, तापमान र समग्रमा पृथ्वीको स्थितितिर परिलक्षित छ । लरेन्स ब्युलले द इन्भाइरन्मेन्टल इमाजिनेसन (१९९५) शीर्षक कृति इकोक्रिटिसिजम्‌को मानक ग्रन्थमा हो । ड्याभिड थोरोको पालादेखिको प्रकृति लेखनको परम्पराको परीक्षण गरी इकोक्रिटिकल पोएटिक्सको स्थापना गरेका छन् । जसमा मार्गनिर्देशक बुँदामा मानवेतर वातावरण भनेको एक प्रकारको सिमाना मात्र होइन तर यो एउटा यस्तो उपस्थिति हो जसले बताउँछ - प्रकृतिको इतिहासभित्रै मानवइतिहास अन्तर्निहित वा निर्मित छ (मानव र मानवेतरको भेद रहँदैन) (भट्टराई, २०७०, पृ.२०४) । मानवीय प्राणी पनि मानवेतर प्राणी अर्थात् मानवेतर अन्य वस्तुसँग निकटतम् भएको हुन्छ ।

गहन पर्यावरणका सिद्धान्तहरूमा मान्छेले मानवेतर जगत्‌मा गरेका हस्तक्षेपकारी आधिपत्यका कारण पर्यावरणीय चक्रमा कुप्रभाव पर्दै गएको देखिन्छ । यो स्थिति पर्यावरणीय ह्रासका निम्ति भयप्रद विषय हो (सुवेदी, २०७३, पृ. १४७) । मानव जीवन र पृथ्वीको पारिस्थितिक प्रणालीको आधार नै मानवेतर पर्यावरण हो, जसको संरक्षण र दिगो उपयोग गर्न सके पृथ्वीमा जीवनको अस्तित्वलाई सुनिश्चित गर्न सहज हुन्छ । हाल नेपालमा जलवायु परिवर्तनका कारण विभिन्न प्राणीहरूको अस्तित्व विलुप्त हुँदै गएको पाइन्छ र यस्ता विषयलाई नेपाली साहित्यमा समेटिएको पाइन थालेको छ ।

पूर्वीय दर्शनमा मान्छेलगायत प्रकृतिको निर्माण पञ्चमहाभूत : पृथ्वी, जल, तेज, वायु र आकाशबाट भएको मानिन्छ । वैज्ञानिकहरूले पनि भौतिक र जैविक पदार्थलाई आधारभूत रूपमा ९२ ओटा प्राकृतिक तŒवहरूको संयोजन नै मानेका छन् । यो तथ्य सम्पूर्ण ब्रह्माण्डमा नभए पनि सौर्यमण्डलका पिण्डहरूमा भने लागु हुन्छ (एटम, २०७०, पृ. १८७) । पर्यावरणको सन्तुलन कायम गरी जीवनको अस्तित्व सुनिश्चित राख्नका लागि पञ्चमहाभूतको महŒव रहन्छ । पृथ्वी : हरेक जीवजन्तुको अस्तित्व पृथ्वीमा नै निहित रहेको हुन्छ । जल : पर्यावरणीय सन्तुलन समुचित बनाउनका लागि जल प्रदूषण कम गरिनुपर्छ । जल प्रदूषणले जीवहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्दछ । तेज : पृथ्वीको

जीवन अनुकूलन बनाउनमा उर्जाको स्रोत मानिने सूर्यको तापक्रमले असन्तुलित वातावरणलाई सन्तुलन कायम गराउँछ । वायु : अक्सिजनबिना जीवनको सम्भावना रहँदैन । आकाश : पर्यावरणका चक्रहरूको सञ्चालनका साथसाथै सम्पूर्ण ब्रह्माण्डलाई समेटेको हुन्छ । पञ्च महाभूतमा सन्तुलन कायम नभएर मानिस रोगी तथा वातावरणमा असन्तुलन भइरहेको परिवेश विश्वमै पाइन्छ । यसलाई नेपाली साहित्यले चर्चा गर्ने गरेको पाउन सकिन्छ ।

पशुपक्षी र मानिसका बिच जैविक मात्र होइन सांस्कृतिक सम्बन्ध पनि निकै गहिरो रहेको हुन्छ । पर्यावरणको उच्चतम गतिशीलता तथा पर्यावरणको सङ्कटको अवस्था सिर्जना हुनुको पछाडि मानवता, उदारता, विश्वास, सद्भावना हराउँदै गएको कुराहरू पनि पर्यावरणीय उतारचढावको अवस्थाभित्र सीमित रहेको हुन्छ । स्वच्छन्दतावाद आफैमा प्रकृतिसँग अनुबन्धित भएर अघि बढ्ने भएकोले प्रकृतिमा भएका विकारालपूर्ण अवस्थाजन्य कुराहरूलाई पनि समेटी सुधार गर्ने चेष्टा गरेको हुन्छ । मानवजीवनको सम्बन्ध पशुपक्षीसँग रहेको हुन्छ । पशुपक्षीसँग मानिस सांस्कृतिक रूपमा मात्र नभएर भौतिक जीवन बचाउनका लागि पनि आवश्यक हुन्छ । जस्तै गाई भैँसी जस्ता जनावरबाट प्राप्त दुध मल आदि मानव जीवनका आवश्यक तत्त्व रहेका हुन्छन् । यसरी पशुपक्षी र मानवबिचको सम्बन्धलाई नेपाली साहित्यको विषय र परिवेश बनाई चर्चा परिचर्चा गरिएको पाइन्छ ।

रुखविरुवा वायुमण्डलमा रहने अक्सिजनको मुख्य आधार हो । सम्पूर्ण जीव वा प्राणी बाँच्नका लागि अत्यावश्यक अक्सिजन र हाम्रो वायुमण्डलमा रक्षा कवचको रूपमा रहेको ओजोन तहको मूल मुहानलाई कुनै पनि मूल्य चुकाएर संरक्षण गरिनुपर्छ । आज विश्वमा हरेक वर्ष १ करोड हेक्टर रुखविरुवा विनाश भइरहेछ । जडीबुटीको स्रोत वनजङ्गल, कन्दमूल र फलफूलको स्रोत रुखविरुवा भएकोले करोडौँ मानिसको रोजगारीको थलो बनेको छ वनजङ्गल (प्रधान, २०७१, पृ. ४७) । प्रकृतिको अनुपम उपहार वनजङ्गल सधैँ संरक्षण र प्रवर्द्धन गरिनुपर्छ । नेपालको तराई, पहाड र हिमालका वनजङ्गलहरू यहाँको वातावरण सन्तुलित राखी नियमित बर्साद र हिमपात गराउने, पानीका स्रोतहरूलाई जीवन्त तुल्याउने प्रमुख माध्यम हो । सयौँ जीवजन्तु र पक्षीहरूलाई वासस्थान र आहार उपलब्ध गराउने, माटो संरक्षण गरी बाढी पहिरो रोक्ने, वायुमण्डलमा अक्सिजन छोडी कार्बन डाइअक्साइड शोषण गर्ने, प्राणीजगत्मा सबभन्दा सचेत र विवेकशील भनिने मानवजातिलाई काठपात,

जडीबुटी, घाँसदाउरा, फलफूल, प्राङ्गारिक मल, कन्दमूलजस्ता अनगिन्ती वस्तु दिने महामाता नै वनजङगल हो (पृ.५१) । पर्यावरणीय सन्तुलनको क्रममा यी सम्पूर्ण तŒवहरू एक आपसमा अनुकूलन भएर अग्रसर हुनु नितान्त आवश्यक मानिन्छ तबमात्र पर्यावरण स्वच्छताको अपेक्षा गर्न सकिन्छ । नेपालमा हरियो वन नेपालको धन भन्ने उखान प्रचलनमा रहेपनि वर्तमान अवस्थामा कतै कतै हरियो वनको विनाश भइरहेको पाइन्छ भने कतै संरक्षणका प्रयासहरू भइरहेको पाउन सकिन्छ । यसैलाई नेपाली साहित्यले विषय बनाएर लेख्ने गरेको पाइन्छ । नेपाली साहित्यमा वन जङ्गललाई परिवेश बनाउने, यसको विनाशको विषयमा साहित्य रचना हुने गरेको पाइन्छ ।

### २.२.३ मानव र मानवेतर पर्यावरणको सम्बन्ध

मानव र मानवेतर पर्यावरणबीचमा एक अन्तरनिर्भर र परस्पर प्रभावकारी सम्बन्ध रहन्छ । मानवले पर्यावरणको संरक्षण गर्दै गएमा पर्यावरणबीचको सन्तुलनले दिर्घकालीन भविष्यको सुनिश्चित गर्दछ । गहन पर्यावरणका सैद्धान्तिक आधारमा मानवको जनसङ्ख्या र उसले निर्माण गरेको संस्कृतिमा आउने विकासात्मक परिवर्तनले मानवेतर जगत्को ह्रास र विकासमा महŒवपूर्ण प्रभाव पर्दछ । मानवेतर जगत्का् विवर्द्धनका निम्ति मानव जनसङ्ख्यामा ह्रास आउनु पर्दछ । (सुवेदी, २०७३, पृ.१४६) । मानव लगायत अन्य मानवेतर प्राणीहरू सबै वातावरणमा नै आफ्नो जीवन निर्भर बनाइरहेका हुन्छन् । वातावरणमा भौतिक र रासायनिक अजैविक तŒवसँग जीवहरूको अन्तर्सम्बन्धको तुलना हुन्छ । भौतिक वातावरण भन्नाले हाम्रो परिवेश, अनुभूत हुने समाज, निर्मित तथा प्राकृतिक वातावरण, प्राकृतिक स्रोतहरू : हावा, माटो र पानी आदि पर्दछन् । यसमा निम्नलिखित तिनओटा कुरा महŒवपूर्ण हुन्छन् : सबै तŒवहरूबिचको आपसी अन्तनिर्भरता र अर्न्तसम्बन्ध, पूर्वाग्रहविहीन भएर सबैले सबैको महŒव स्वीकार, र अनुभूति र निर्णयमा आत्मपरकता ( एटम, २०७०) । भौतिक वातावरणबिना प्राणीको अस्तित्व कल्पना पनि गर्न सकिदैन ।

पर्यावरणीय समालोचनाले मानव र मानवेतर जीवनशैली र मानव संस्कृतिसँग जोडिएका पर्यावरणीय पक्षको अध्ययन गर्ने गर्दछ । पर्यावरणीय पारिस्थितिक प्रणालीको सन्तुलन बिग्रिएमा मानव जीवन पनि प्रभावित हुन्छ । पारिस्थितिक प्रणालीको सन्तुलन राख्न प्राकृतिक स्रोतहरू जस्तैः घाम, पानी, हावा, आदिको महŒवपूर्ण भूमिका रहेको हुन्छ । यसरी पारिस्थितिक प्रणालीमा संलग्न तŒव अथवा जाती लोप भएमा सम्पूर्ण प्रणाली नै

असन्तुलन हुन्छ र फलस्वरूप समग्र सजीवले विभिन्न चुनौती सामना गर्नु पर्छ । यसरी यसले गर्दा मानव समुदायलाई पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्दछ । मानवले हरेक किसिमको फाइदा लिनको लागि प्राकृतिक स्रोतको सन्तुलन कायम राख्नुपर्दछ । (नेचर खबर, २०७४, जेठ २९) । मानव र पर्यावरणबिच मानव जातिको उत्पत्तिसँगै सम्बन्ध स्थापित भएको पाइन्छ । यसका प्रमाणहरू सर्वप्राचीन ग्रन्थमा उल्लिखित छ । ऋग्वेदमा उल्लेख भएअनुसार पूर्वीय सभ्यतामा वैदिक कालदेखि नै मानव र उसको समुदाय वा समाजसँग पर्यावरणको गहन सम्बन्ध रहेको पाइन्छ । पर्यावरणको अनुकूलतामै मानव समाज अनुकूलित हुँदै आएको तथ्यलाई कसैले पनि नकार्न सक्दैन ।

## २.३ पाण्डेका उपन्यासमा मानव पर्यावरणको अभिव्यक्ति

पाण्डेका उपन्यासमा मानव पर्यावरण सम्बन्धी विचारहरूको अभिव्यक्ति पाइन्छ । उनका उपन्यासमा मानव संस्कृति, पर्यावरण, युद्ध आदिका विषयमा चर्चा भएको पाइन्छ । प्रस्तुत शोधपत्रमा पाण्डेका उपन्यासमा मानव पर्यावरण अन्तर्गत समावेश रहेका सूचकहरू औद्योगीकरण, सहरीकरण, युद्ध, मानव संस्कृति/सांस्कृतिक पर्यावरण, जाति, भाषिक प्रयोगका आधारमा साक्ष्यसहित पर्यावरणीय विश्लेषण गरिएको छ ।

### २.३.१ औद्योगीकरणको अभिव्यक्ति

पाण्डेका उपन्यासमा मानव पर्यावरणमा सम्बद्ध औद्योगीकरण अन्तर्गत देखिएका पर्यावरणीय अभिव्यक्तिहरूलाई यहाँ साक्ष्यसहित विश्लेषण गरिएको छ । "बाटोमा उसले ट्रकले किचिएर मरेको आफ्नो बाउलाई सम्झ्यो । ... प्रेमललवाले केही निश्चय गरेको छ । अबदेखि उसले राजेन्द्रराज र उसको परिवारलाई फिरीमा टाँगामा बसाउनेछैन ।" (पाण्डे २०६५ पृ. ५८-५९) प्रस्तुत अंशले मानव पर्यावरण र औद्योगीकरणको सन्दर्भमा विश्लेषण गर्दा यसले विकासका नाममा भइरहेको मानवीय पीडा र प्राकृतिक जीवनशैलीमाथि परेको दबाबलाई देखाउन खोजेको छ । ट्रक आफैमा औद्योगिक यन्त्र मानिन्छ र यहाँ सोही औद्योगिक यन्त्रबाट मान्छेको मृत्यु भएको उल्लेख भएको छ । औद्योगिकीकरणले निम्त्याएको हिंसात्मक र अकल्पनीय प्रभावलाई देखाउँछ । ट्रक केवल सवारी मात्र होइन, यो विकास, सहरीकरण र मेसिनरी जीवनशैलीको प्रतीक पनि हो । यसले ग्रामीण वा निम्नवर्गीय व्यक्तिहरूमाथि पर्ने नकारात्मक प्रभावलाई दर्शाउँछ । पहिले पारम्परिक समाजमा मानिसहरू

प्रकृतिसँग सहअस्तित्वमा बस्थे, अहिले त्यस्तो सम्बन्धलाई औद्योगिक संरचनाले तोडिदिएको छ । उपन्यासको पात्रले आफ्ना बाबुको मृत्युलाई सम्झँदा त यो केवल व्यक्तिगत पीडा होइन, यो व्यापक सामाजिक, सांस्कृतिक क्षतिको प्रतिनिधित्व हो । विकासका नाममा भएका संरचनात्मक परिवर्तनहरू बाटो, ट्रक, उद्योग जसले श्रमिकवर्ग र निम्नवर्गीय जनताको जीवनलाई प्रत्यक्ष रूपमा असर पार्छ । उनीहरू विकासको पीडित बन्छन्, जसमा उनीहरूको सहभागीता न्यून हुन्छ तर मूल्य चुकाउने जिम्मेवारी भने उनीहरूमाथि पर्छ । ट्रकले किचेर मृत्यु हुनु केवल एउटा घटनाभन्दा धेरै हो । यसले विकास र यान्त्रिकरणले मानवीय संवेदनालाई मलिन बनाइरहेको छ । मान्छेको जीवनको मूल्य यान्त्रिक गतिमा हराउँदै गएको सन्देश पनि यस अंशमा प्रस्तुत भएको छ । *उलार* उपन्यासको यस अंशले औद्योगिकीकरण र त्यसबाट उत्पन्न हुने सामाजिक आर्थिक विसङ्गति तथा मानव जीवनमाथि पर्ने प्रभावलाई गहिरो रूपमा अभिव्यक्त भएको छ । पात्रको पीडाले समग्र रूपमा शोषित वर्गको पीडा र आवाज हो, जसले विकास र मानव पर्यावरणको सम्बन्धमाथि गम्भीर प्रश्न खडा गर्छ ।

औद्योगीकरणले व्यक्तिको सोच, मूल्य र सामाजिक व्यवहारमा ठूलो परिवर्तन ल्याएको छ । आत्मनिर्भरता, अधिकारबोध र श्रमिकको सम्मानजस्ता धारणा बिस्तारै समाजमा स्थापित हुन थालिरहेका कुरा पनि अंशबाट प्रस्ट हुन्छ । प्रेमललवा जस्ता शोषित पात्रहरू अबदेखि पुरानो परम्परागत सत्तालाई चुपचाप सहने पक्षमा नभएको स्पष्ट हुन आउँछ । प्रभुत्वशालीहरूलाई आफ्नो श्रमको उपयोग गरेर सुविधा दिने छैन भन्ने चिन्तन प्रेमललवामा भित्रिनुले चेतनाको विकास औद्योगीकरण र त्यसले ल्याएको सामाजिक जागरणसँग सम्बन्धित छ । समाजमा नयाँ वर्गहरू पुँजीपति र मजदुर वर्गको उदय गराएको हो । उपन्यासको सन्दर्भमा राजेन्द्रराज र उनको परिवार पुरानो सामन्ती या प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्दछन् । यहाँ श्रमिक वर्गले राजेन्द्रराज र उसको परिवारलाई बोकेर हिँड्ने छैन भन्ने वाक्यले उसमा सामाजिक चेतना र आत्मसम्मानको प्रतीक अभिव्यक्त भएको बुझ्न सकिन्छ । सम्मानपूर्वक टाँगामा बसाउने काम गरिरहेको हुन्थ्यो तर त्यो सोचमा अब परिवर्तन आएको छ । प्रेमललवाले अब शोषक वर्ग राजेन्द्रराज र उसको परिवारलाई बोकेर औद्योगीकरणपछिको चेतनाले उसको आत्मसम्मान र वर्गीय असमानता विरुद्ध सचेत भएको देखिन्छ । औद्योगीकरणले मानिसहरूलाई आफ्नो श्रम, अधिकार र अस्तित्वप्रति चेतनशील बनाएको छ । औद्योगिक युगमा श्रमिक वर्गले आफ्नो श्रमको मूल्य

बुझ्न थालिसकेका छन् । प्रेमललवाले अब टाँगालाई *उलार* हुन दिने छैन भन्नुले आफ्नो श्रमको शोषण हुन गर्न नदिनु हो । प्रेमललवाको निर्णयले श्रमिक वर्ग सामाजिक सम्बन्धमा समानता र सम्मान खोज्न थालेको छ । यसले समाजमा औद्योगीकरणपछि नयाँ मानवीय पर्यावरणको जन्म भएको संकेत दिन्छ । मानव पर्यावरण भन्नाले केवल भौतिक परिवेशका साथसाथै मानिसहरूको आपसी सम्बन्ध, सामाजिक संरचना र सांस्कृतिक व्यवहारलाई जनाउँछ ।

त्यस्तै *लू* उपन्यासमा व्यक्त उदाहरणलाई यसरी प्रस्तुत गरिन्छ :

> रामआधारको चिया दुकानभन्दा केही पर, बाटोको दक्खिन साइडमा, बत्तीलाल तमोलीको पान दुकान छ, जसमा प्रायः कि उसको छोरो गुलुपलाल बस्छ कि कान्छो छोरो ट्युबलाललाई दूध चुसाउँदै उसकी स्वास्नी बिजुलीदेवी बस्छे । यिनीहरू सबैको खास नाम अर्कै थियो । इलैयाले सबैको नाम चेन्ज गरिदियो । तिराहाको ठीक पश्चिमी कुनामा रामआधारको चिया दुकानको ठीक अगाडि छेदीलालको भट्टी छ । रक्सीमा नौसादरको गोली र धतुरोको बीउ मिसाएकोले ऊ गाउँ फर्किएको हो । यो सुद्द नौ पटक भयो ऊ थुनिएको तर जेल त उसलाई ससुराली जस्तै भैसक्यो । त्यसैले जति थुनिए पनि उसले आफ्नो धन्दा बिनालाजसरम यथावत् जारी राखेको छ । छेदीलालले नै बनाएको रक्सी खाएर पोहोर मेरा बुवा पनि झन्डै मर्नुभएको । म त्यसलाई अचेल काका पनि भन्दिँन । बोल्दै बोल्दिनँ त्योसित । मलाई त त्यसको मुखै पनि हेर्न मन लाग्दैन तर मुख हेर्न मन नलागेर के गर्नु ! त्यही असती मुख लिएर साले छेदीलाल पनि भट्टी छोडेर चिया दुकानमा आइपुग्यो । ... छेदीलालको भट्टी छोडेर उत्तरतिर केही हातअगाडि छ चुन्नीलालको किराना दुकान । म्याद नाघेको दालमोठ र डुप्लिकेट बिस्कुट बेच्छ । चकलेट त सबै आधा गलेर फ्यात्त परिसकेको हुन्छ । ऊ हाकाहाकी भन्छ, “असली दालमोठ, चकलेट र बिस्कुट खाने हैसियत कसको छ यो गाउँमा ? अनि डुप्लिकेट माल नराखेर के गरूँ ?” (पाण्डे, २०७२, पृ. १०-११)

प्रस्तुत उपन्यासको अंशमा चुन्नीलालको किराना दुकानमा म्याद नाघेका औषधी विक्रिवितरण गर्ने भएकोले यस्ता प्रकारका खाद्यवस्तुको सेवनले मानव स्वास्थ्य प्रतिकूल बनाएको हुन्छ । चुन्नीलालको किराना पसलमा म्याद नाघेका र डुप्लिकेट सामान पाइन्छ

भन्ने कुराले सिधै ग्रामीण जनताको आर्थिक अवस्था र क्रयशक्तिको कमी भएको देखाउँछ । असली खाने हैसियत कसको छ ? भन्ने प्रश्नले बुझाउँछ कि गाउँका जनताहरू गरिबीका कारण सस्तो गुणस्तरहीन र स्वास्थ्यलाई हानी पुऱ्याउने वस्तु उपभोग गर्न बाध्य भएको अवस्थालाई यहाँ पुष्टि गरिएको छ । उपभोक्ता हुनुको नाताले प्रत्येक व्यक्तिलाई गुणस्तरीय वस्तु खाने अधिकार हुनुपर्दछ । तर अधिकार गाउँलेहरूबाट खोसिएको छ । आर्थिक अवस्था र सामाजिक वर्गको आधारमा पनि को कस्तो खानेकुरा उपभोग गर्ने भन्ने कुराले उपभोक्तावादी समाजको विकृत रूप देखाएको छ । यसले गर्दा पनि वर्गीयताको आधारमा समाजमा विभेद भएका कारण व्यक्तिस्वास्थ्यलाई असर पर्नु पनि पर्यावरणीय असर हुन आउँछ । म्याद नाघेका र गल्न थालेका खाद्यवस्तुहरू गाउँमा सहज रूपमा बिक्नुले वातावरण र जनस्वास्थ्यमा नकारात्मक असर पार्दछ । यस्ता वस्तुहरूको प्रयोगले रोगहरू बढ्न सक्ने सम्भावना हुन्छ, जुन औद्योगिक उत्पादन र वितरणको अव्यवस्थित र गैरजिम्मेवार प्रणालीको दुष्परिणाम हो । चुन्नीलालले असली खाने हैसियत कसको छ यो गाउँमा ? भन्ने वाक्य औद्योगिक विकासको असमान लाभ वितरणको साक्षी हो । सहरी क्षेत्रमा असली, गुणस्तरीय वस्तुहरू सजिलै उपलब्ध छन् भने ग्रामीण वर्गले केवल बचेका, म्याद नाघेका वस्तु उपभोग गर्नुपर्ने बाध्यता व्यहोर्नुपरको छ । यसले औद्योगीकरणले सिर्जना गरेको वर्गीय विभाजनलाई प्रकाश पारेको हुँदा सँगसँगै ग्रामीण जीवनशैली र औद्योगीकरणबीचको विरोधाभास देखाउँछ । औद्योगिक प्रणालीले व्यापक उत्पादन त गर्छ, तर त्यो उत्पादनको वितरण र पहुँचमा असमानता छ । आर्थिक रूपमा कमजोर वर्गमा सस्तो, घटिया माल पुऱ्याएर बजारले आफ्ना लक्ष्य पुरा गरिरहेको छ, तर त्यसको वातावरणीय र सामाजिक असरबारे गम्भीर सोच देखिँदैन ।

माथिको अंशमा डुप्लिकेट र म्याद नाघेका वस्तुहरूको बिक्रीले औद्योगिक उत्पादन र आपूर्तिको नियमन कमजोर रहेको कुरालाई देखाइएको छ । यस्तो नियमनको अभावमा औद्योगिक पर्यावरण ग्रामीण बजारमा दूषित, हानिकारक वस्तुहरू प्रवाहित हुन्छन् जसले दीर्घकालीन स्वास्थ्य र सामाजिक सन्तुलनमा खतरा निम्त्याउँछ । डुप्लिकेट मालसामान बिग्रीएर प्रयोग नै गर्न नसक्ने भएको अवस्थामा वरपरको पर्यावरण नै दुर्गन्धित हुन पुग्छ जसले गर्दा पनि मानवमा स्वास्थ्य समस्याहरू देखा पर्दै गइरहेका हुन्छन् । मानवको स्वास्थ्य अवस्थालाई अनुकूलन र हाम्रो वरपरको पर्यावरणलाई पनि स्वच्छ बनाउनका लागि म्याद

नाघेका र खान योग्य नभएका खानेकुराहरू बिक्रिवितरणमा रोक लगाइनुपर्दछ । मानव पनि प्रकृतिकै निशान हो, प्रकृतिको नियमअनुकूल नै मानवको जन्म भएको हो तसर्थ मानवीय स्वास्थ्यलाई विशेष मध्यनजर गर्दै सोहीअनुकूलको खानेकुरा प्रयोगमा ल्याउनुपर्छ अन्यथा मानवीय स्वास्थ्यमा गम्भीर असर परेको हुन्छ । यस्तो अशोभनिय कार्यले पर्यावरणको क्षेत्रमा नराम्रो असर पुऱ्याएको हुन्छ ।

मानिस आर्थिक रूपमा समृद्धि हुनका लागि विभिन्न उद्योग व्यवसायहरू गरेर अग्रसर भएका हुन्छन् । माथि अभिव्यक्त गरिएको उपन्यासको अंशमा रामआधारको चिया पसल, छेदीलालको भट्टी पसल र चुन्नीलालको किराना दुकान आर्थिक रूपलाई समृद्धि बनाउनका लागि गरिएका उद्योगव्यवसायहरू हुन् । यस्ता व्यवसायहरूबाट निस्कने फोहोरमैलाले वातावरणलाई प्रदूषित बनाउँछ । यहाँ भट्टी पसलमा रक्सी बनाउने क्रममा रक्सीमा नौसादरको गोली र धतुरोको बीउ मिसाएर व्यावसायिक क्षेत्रमा गरिने नराम्रा पक्षहरूको पर्दाफास गरिएको छ । व्यापार व्यवसाय तथा उद्योगधन्दा सञ्चालन गर्ने क्रममा वस्तु उत्पादन गर्दा मानिसहरूले स्वास्थ्यका लागि बेफाइदा हुने कुराहरू मिसाउन थालेका हुन्छन् भन्ने कुरालाई पनि यहाँ स्पष्ट पार्न खोजिएको छ ।

*सल्लीपिर* उपन्यासका आधारमा पर्यावरणीय औद्योगीकरणका आधारमा लिइएको साक्षी यहाँ स्पष्ट पारिन्छ । “बेसक्याम्पमा बस्दा चकलेट, चुइगम र चुरोट त कति खाई कति ! ... हिमाली बाटोमा साथी नभई हिँड्नु हुन्न भन्थे सबैले । मैले मानिनँ । नाम्चेबाट एक्लै रेन्जोला पासतिर लागेँ ।...रेन्जोलाबाट गोक्यो भ्यालीमा आएर होटलमा बास बसेँ ।” ( पाण्डे, २०७३ पृ. ५८-५९) हिमाली क्षेत्रसँग सम्बन्धित यस अंशमा बेसक्याप, रेन्जोला पास, गोक्यो भ्याली जस्ता स्थलहरू उल्लेखनीय देखिन्छन् । त्यस्तै चक्लेट, चुइगम, चुरोट, होटलमा बास र एक्लो पदयात्रा जस्ता जस्ता पक्षहरू देखिन्छन्, जुन सबै आधुनिकीकरण, पर्यटन विस्तार र औद्योगिक प्रभावसँग गाँसिएका छन् । यहाँ चक्लेट, चुइगम र चुरोट जस्ता वस्तुहरू हिमाली क्षेत्रजस्तो संवेदनशील प्राकृतिक वातावरणमा प्रयोग हुनु औद्योगिक उपभोग प्रवृत्तिलाई देखाउँछ । यी उत्पादनहरू प्लास्टिक, फोइल, निकोटिनजस्ता गैर प्राकृतिक र प्रदूषणजन्य तत्वहरू बोकेको हुन्छन्, जसले अप्रदूषित फोहोर बढाउँछ । यस्ता वस्तुको उपभोगले उच्च हिमाली क्षेत्रमा प्लास्टिक प्रदूषण, फोहोर व्यवस्थापनको समस्या र पर्यावरणीय क्षति ल्याएको हुन्छ । गोक्यो भ्यालीमा आएर होटलमा बास बसेँ भन्ने वाक्यले

दुर्गम हिमाली क्षेत्रहरूमा पनि होटल व्यवसाय फैलिँदैछ, जुन औद्योगिक पर्यटनको नतिजा हो । यस्तो विकासले यद्यपि आर्थिक गतिविधि बढाउँछ, तर साथसाथै वन कटानी, उर्जा खपत, फोहोर व्यवस्थापनको चुनौती र स्थानीय जलस्रोतहरूमा दबाब पनि सिर्जना गरेको हुन्छ । हिमाली भूभाग जैविक दृष्टिले नाजुक क्षेत्र हो । यस्ता क्षेत्रमा अनियन्त्रित उपभोग र व्यवसायिक गतिविधिले हिउँको क्षण र तापमान वृद्धि जस्ता समस्या निम्त्याएको हुन्छ । रेन्जेला पास, नाम्चे, गोक्यो आदि क्षेत्रहरूमा बढ्दो पदयात्रा र संरचनागत विकासले स्थानीय पारिस्थितिक सन्तुलनमा असर पुऱ्याएको हुन्छ । चक्लेट, चुइगम, चुरोटको सेवन, पर्यटन होटलको प्रयोग र एक्लो पदयात्रा सबै औद्योगिक उत्पादन र जीवनशैलीका असर हुन् । यिनले हिमाली जस्तो संवेदनशील पर्यावरणमा प्रदूषण, फोहोर, जैविक सङ्कट र सांस्कृतिक प्रभाव ल्याउँछन् । अतः यो अंश आधुनिकीकरण र औद्योगीकरणद्धारा हिमाली पर्यावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई पनि अनुच्छेदमा अभिव्यक्त गरिएको छ ।

### २.३.२ सहरीकरणको अभिव्यक्ति

सहरीकरण भनेको मानिसहरूको बसोबास, जीवनशैली र गतिविधिहरू शहरतर्फ केन्द्रित हुँदै जाने प्रक्रिया हो । यसले भौगोलिक रूपमा सहरहरूको विस्तार, जनसंख्याको घनत्व, पूर्वाधारको विकास र आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनमा परिवर्तन ल्याउँछ । जनसख्या वृद्धिसँगै सेवासुविधा र रोजगारीको खोजीमा मानिसहरू ग्रामीण क्षेत्रबाट सहरतिर सर्ने, सेवासुविधामा सहरतिर प्रवेश बढ्नु, वैदेशिक रोजगारबाट फर्केका युवाहरू सहरमा घरजग्गा किन्ने, व्यवसाय गर्ने र बसोबास सहरतिरै बढाउदै गरेको अवस्था र ग्रामीण क्षेत्रप्रतिको उपेक्षाले गर्दा नेपालको परिप्रेक्ष्यमा सहरीकरण भएको छ । सहरीकरण भएपछि त्यसको प्रभाव साहित्यमा परेको छ अनि नेपाली साहित्यले पनि नेपालमा भएका सहरीकरणहरूलाई आफ्नो परिवेशका रूपमा लेख्दै आए र अहिलेको नेपाली साहित्यले सहरीकरणका प्रभावसम्बन्धी चिन्तन गर्न थालेका छन् । पाण्डेका उपन्यासमा मानव पर्यावरणमा सम्बद्ध सहरीकरणको पर्यावरण अर्न्तगत देखिएका पर्यावरणीय अभिव्यक्तिहरूलाई साक्ष्यसहित विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको निमार्णका लागि छनोट गरिएका उपन्यासमा देखिएका सहरीकरणका सन्दर्भमा उल्लेख उदाहरणहरूलाई यहाँ स्पष्ट पारिन्छ ।

> उसले भविष्यलाई विचार गरेर दुई सय छुट्यायो र पट्याएर, गोल्याएर कट्टुको इँजारभित्र हुल्यो । उसले त्यो दुई सय ज्यान गएपनि नचलाउने निश्चय गर्‍यो । दुई सय बस भाडा । ऊ काठमाडौँ आएको चार दिन भइसकेछ । यी चार दिनमा ऊ मन्त्रीक्वार्टर, सिंहदरबार, बालुवाटार र पार्टी अफिस धाउन अभ्यस्त भइसकेको छ । दुई रात होटलमा सुत्यो । एक रात बाटोमै भौतारिएर बितायो । एक रात मन्त्रीक्वार्टरको बरन्डामा बितायो । र पनि उसले मन्त्रीज्यूलाई भेट्न सकेन । यी चार दिनमा उसले तीन छाक खाना खायो । तीन कप चिया खायो । तीन खुराक पेट दुखेको औषधी खायो । तीन पटक चँडिएको चप्पल सिलायो (पाण्डे, २०६५, पृ.४९) ।

काठमाडौँ सहर आफैमा प्रायः हरेक सेवासुविधाको केन्द्रको रूपमा रहेको छ । नेपालको अवस्थामा सेवा सुविधा भएको सहरको रूपमा काठमाडौँ सहर मानिएको हुँदा यहाँ प्रायः नेताहरूको पनि बसोबास रहेको छ । मन्त्रीक्वार्टर, सिंहदरबार, बालुवाटार र पार्टी अफिसहरू पनि काठमाडौँमै रहेका छन् । गाउँघर जस्तो मन नजिक भएका मानिसहरू सहरमा जतिनै घर नजिक भएपनि भेटिदैनन् त्यसकारण प्रेमललवा काम विशेष सहतिर हुँदापनि भोकभोकै बसेर सडकमै रात बिताउनुपरेको अवस्थालाई अनुच्छेदमा चित्रित गरिएको छ । पैसा नभई ऐसा गर्न नसक्ने गरिब निमुखा ग्रामीण भेगका प्रेमललवाजस्ता व्यक्तिहरूले हिजो नेताहरूका निम्ति जति भोटका लागि समय दिएर उनीहरूलाई जिताएर निश्चित ठाउँमा पुर्‍याए तर आज तिनै नेताहरूलाई आफ्नो समस्या व्यक्त गर्न जाँदा पनि भेट्न नचाहेको परिवेशलाई प्रेमललवा पात्रमार्फत् काठमाडौँको सहरबाट अभिव्यक्त भएको छ । सहरी अवस्थामा गरिब दुखी गाउँका मानिस बस्न सक्दैनन्, सहर त केवल हुने खाने वर्गहरूका लागि मात्रै हो रहेछ भन्ने यर्थाथ कुरालाई पनि यहाँ अभिव्यक्त गरिएको छ । उसले तिन छाक खाना खाएको र तिनै खुराक औषधी खाएको प्रसङ्गले सहरमा मानिसहरूले पचाउन सक्ने खानेकुरा नखाने औषधि खान पर्ने बाध्यता हुने कुरा उल्लेख पाइन्छ । सहरमा खाने कुराको अभाव नभएको तर खान नपाएर भन्दा पनि खान नजानेर बिरामी पर्नु पर्ने जस्तो अवस्थाको चित्रण पाइन्छ । यसले के जनाउँछ भने सहरीकरणले मानिसको खानपान र स्वास्थ्यमा प्रभाव पारिरहेको हुन्छ । यसरी सहरीकरणको मानिसको खानपान र स्वास्थ्य जस्ता पर्यावरणीय सम्बन्ध उपन्यासमा पाइन्छ । उपन्यासकारले

सहरीकरणका कारण मानिसहरूको खानपानमा परिवर्तन आउने र यसले स्वास्थ्यमा नकारात्मक असर पार्न सक्ने चिन्ता व्यक्त उपन्यासमार्फत गरेको पाइन्छ । माथिको अंशमा काठमाडौँजस्तो सहरमा विपन्न वर्गका मानिसहरू कसरी बाँच्न संघर्ष गर्छन् भन्ने कुरा देखाउँछ । बाटोमा सुतेको र बरन्डामा सुतेका वाक्य संरचनाले गरिबप्रति असंवेदनशील भएको सन्दर्भ स्पष्ट हुन्छ ।

> काठमाडौँ यस्तो होला भन्ने त उसले कल्पना पनि गरेकी थिइन । यो विशालता देखेर आत्तिई पेमा । उसलाई आफूले कहिल्यै सपनामा पनि नदेखेको कुनै बेग्लै संसारमा आइपुगेजस्तो लागिरहेको थियो । खुम्बुको त बतासले पनि उसलाई माया गरेजस्तो लाग्थ्यो । त्यहाँका सबै रुखबिरुवा उसलाई आफन्तजस्तै लाग्थे । के उसको नाभि गाडिएकोले त्यहाँको माटोले पनि उसलाई स्नेह गरेको हो ? तर काठमाडौँले किन उसलाई स्नेहपूर्वक हेरिरहेको थिएन ? यस्ता थरीथरीका प्रश्न जन्मिए पेमाको मनमा र ती प्रश्न सालनालसहितै उसको मनकै अज्ञात धरातलमा गाडिए । ...सडक सुकिलो र फराकिलो भएपनि पेमाका पाइला यस्ता सडकमा हिँड्न अभ्यस्त थिएनन् । उसलाई यो सडक कुनै खतरनाक राक्षसको कालो ढाडजस्तो लागिरहेको थियो । त्यसैले पनि ऊ निर्धक्क हिँड्न सकिरहेकी थिइन । कसैले पडाडिबाट आएर गलहत्याएर सडक किनारमा पुऱ्याइदिन्छ कि भन्ने डर पनि भइरहेको थियो उसलाई । आफ्ना पाइताला सडकमै टाँसिएझैँ लागिरहेको थियो उसलाई । उसले जसोतसो पाइला घिसारिरहेकी थिई । (पाण्डे, २०७३ पृ.१६४-१६६)

पाण्डेको *सल्लीपिर* उपन्यासबाट लिइएको प्रस्तुत अंशमा मानवले नै निमार्ण गरेको सहरीकरणको सन्दर्भलाई अभिव्यक्त गर्न खोजिएको छ । यहाँ ग्रामीण सहरी अन्तर, भावनात्मक पर्यावरणीय सम्बन्ध र सहरीकरणको संवेदनाशून्यता प्रकट हुन्छ । खुम्बुको त बतासले पनि पेमालाई माया गरेजस्तो लाग्नुले प्राकृतिक परिवेशसँगको गहिरो भावनात्मक सम्बन्ध रहेको देखाउँछ । गाउँको हावा, पानी, माटो र अन्य परिवेशले जसरी अपनत्व दिन्थ्यो तर काठमाडौँले किन स्नेहपूर्वक हेरिरहेको थिएन ? भन्ने प्रश्नले सहरीकरणको कारण सिर्जिएको भावनात्मक दुरी र अस्वीकृत परिवेशलाई झल्काएको छ, जहाँ सहरीकरणले मानिस र वातावरणबीचको आत्मीय सम्बन्ध तोडिदिन्छ भन्ने हुन्छ । सहरीकरणले सिर्जित भौतिक विकासमा मानवीयता र आत्मीयता हराएको छ । सहरीकरणले

विकास र अवसर ल्याए पनि त्यो सबैका लागि समान हुँदैन । पेमाजस्ता ग्रामीण क्षेत्रका महिलाहरू सहरमा आर्थिक, सांस्कृतिक र भावनात्मक हिसाबले अपरिचित जस्तै हुन्छन् । काठमाडौँको उपेक्षात्मक सहरी स्वरूप पेमाजस्ता ग्रामीण पात्रका लागि चुनौतीपूर्ण, असहज र आत्महीन अनुभव हो । सहरीकरण केवल भौतिक संरचना मात्र नभई जीवनशैलीको परिवर्तन पनि हो, जसले आत्मीय सम्बन्ध तोड्छ र नयाँ चुनौती ल्याएको हुन्छ भन्ने कुरालाई माथिको अनुच्छेदले प्रष्ट पार्छ ।

ग्रामीण क्षेत्रभन्दा सहरीया क्षेत्र जस्तोसुकै विकसित भएतापनि मानिसहरू सहरमा खुसीका साथ बस्न पाएका हुदैनन् । उनीहरूलाई कसैले आफूलाई एक्कासी मारेर सडकछेउमा फालिदिने हो कि भन्ने डरमा मान्छे रहन्छ भन्ने प्रसङ्ग आएको छ । सहरलाई जतिसुकै सेवासुविधा, सुरक्षा र अवसरको केन्द्रका रूपमा लिइएतापनि झन् यहीँ ठाउँमा भित्रभित्रै शत्रुगत व्यवहार गर्ने अर्थात् लुट्ने र चोरी गर्ने अनैतिक क्रियाकलापहरू पनि सहरमा नै झन् बिगबिगी भएरहेको हुन्छ । आफूले लुट्नकै लागि भएपनि अरूलाई जस्तोसुकै अवस्थामा पनि मार्न सक्ने परिस्थिति सहरतिर नै भेट्न सकिन्छ । गोपीनाथ मैनाली (२०७१) को वातावरण पुस्तिकाको पृष्ठ ३६ मा सहरी सेवअन्तर्गत सामान्यतः सडक यातायात, ढल, बिजुली, खानेपानी र सरसफाइ, खुला क्षेत्र, सभा तथा मनोरञ्जन स्थल, विद्यालय, सञ्चार, सुरक्षा, अस्पताल जस्ता सेवा सहरमा रहेको कुरा देखाइएको छ । हुन पनि ग्रामीण क्षेत्रको तुलनामा प्रायः सहरमा सेवासुविधा राम्रोसँग भएको भेट्न सकिन्छ । दुखको कुरा यो छ कि जहाँ सुरक्षा रहेको छ सोही ठाउँमा मानवलाई त्रास बढिरहेको छ । उनीहरू खुलेआम हिँड्न पनि त्रसित हुनुपरेको अवस्था रहेको छ । सहरीकरणले मानिसको प्रकृतिसँगको सम्बन्धलाई कमजोर बनाइरहेको छ । पेमाको गाउँसँगको आत्मीयता र सहरप्रतिको ममता नहुनु यसैको द्योतक हो । उपन्यासको माथिको अंशले हामीलाई सोच्न बाध्य बनाएको छ - के विकासका नाममा हामी हाम्रो माटो, प्रकृति र आत्मसँगको सम्बन्धलाई गुमाउँदैछौँ । पेमाको मनमा उठेका अनेक प्रश्नहरूले प्रकृतिको संरक्षण र अस्तित्वको खोजीलाई पनि देखाउँछ । सहरीकरणको प्रभावले मानिसको सामाजिक र भावनात्मक सम्बन्ध र प्रकृतिप्रतिको उत्तरदायित्वलाई दबाइरहेको छ भन्ने कुराको इङ्कित प्रस्तुत उपन्यासको अंशमा उल्लेख छ ।

नेपालकै विशाल सहरको रूपमा अवस्थित काठमाडौँ सहरमा देखिएको भीड र कोलाहलपूर्ण वातावरणले पेमाको मनमा नैराश्यता सिर्जना भएको छ । ऊ आफू

काठमाडौँको सहरमा भएपनि मनमा भने आफ्नो गाउँघर खुम्बुको हावापानीले नै खोजेको महसुस गरेकी छ । आफू काठमाडौँको सहरमा प्रवेश गर्दा पनि कताकता के हराएजस्तो हुनुले पेमा सहरमा खुसी हुन नसकेको इङ्गित गर्न सकिन्छ । सहरमा गाउँको जस्तो भनेभन्नैँ साथी भेट्न पनि मुस्किल भएको हुनाले दावाकै यादले सताइरहेको कुरालाई पनि स्पष्ट रूपमा प्रस्तुत अंशमा पुष्टि गरिएको छ । काठमाडौँमा जतिसुकै सुकिला र फराकिला सडक देखिएपनि पेमाद्धारा यस्तै सडक खतरानाक हुने कुरालाई पनि प्रस्ट पार्न खोजिएको छ । संसारमा पहिले जो मान्छे जतिसुकै सहरबजार भनेतापनि उसलाई आफ्नै जन्मस्थल प्यारो लागिरहेको हुन्छ त्यसमाथि झन् ग्रामीण परिवेशको वातावरणमा हुर्केका मानिसहरूलाई त्यहाँको स्वच्छ हावापानी, नजिक रहेको मानिसहरूको मन, एकअर्कालाई आपत्‌विपत् परेको बेलामा सहयोग गर्ने भावना यस्ता कार्यकलापले ग्रामीण जीवनशैलीकै प्रशंसा र सहर भनेको साच्चिकै जहर जस्तै हुने कुरालाई पेमाद्धारा उपन्यासमा छर्लङ्ग पार्न खोजिएको छ ।

त्यस्तै *लू* उपन्यासका आधारमा सहरीकरणसम्बन्धी लिएको उदाहरणलाई यसरी देखाइन्छ । “साहेब, तपाईं काडमाण्डु गएदेखि चिठीपत्र, खबर केही आएन । हामी सबैलाई बिर्सनुभए जस्तो छ । काठमाण्डुमा पुगेपछि सबैले बिर्सने रहेछन् जस्तो भान परिरहेको छ । गरीबको त आगापीछा र माईबाप कोही नहुने रहेछ साहेब ।” (पाण्डे २०७२ पृ.२४९) यस अंशमा सहर जाने मानिसहरूले ग्रामीण समुदायसँगको भावनात्मक सम्बन्ध बिस्तारै टुटाउँदै गइरहेका हुन्छन् भन्ने कुरालाई देखाएको छ । गाउँका निम्ति सहर एक त्यस्तो ठाउँ बनेको छ, जहाँ पुगेपछि मानिसहरू आफ्ना जरालाई बिर्सन थाल्छन् । यसले मानवीय पर्यावरणमा गहिरो प्रभाव पार्दछ । सहरीकरणले मानिसहरूलाई व्यस्त बनाउँछ, जहाँ सम्बन्धहरू कमजोर बन्छन् । गाउँमा छँदा अपनत्व र आपसी सहयोगको भावना बलियो हुन्छ, तर सहरमा पुग्नासाथ मानिसहरूले ती सम्बन्ध बिर्सँदै जान्छन् । यहाँ चिठीपत्र, खबर केही आएन भन्ने गुनासो सहरमा गएपछि मानिसहरू कसरी आफ्ना पुराना सम्बन्धहरूबाट टाढा हुन्छन् भन्ने कुरालाई संकेत गर्छ । सहरीकरणको प्रक्रियाले मानव सम्बन्धहरूमा दूरी ल्याउने गर्दछ । काठमाण्डुजस्तो सहरी क्षेत्रमा पुगेपछि मानिसहरूको जीवनशैली, सोच र व्यवहार परिवर्तन हुन्छ, जसले ग्रामीण समुदायसँगको संवेदनात्मक सम्बन्ध कमजोर बनाएको हुन्छ । *लू* उपन्यासको यो अंश सहरीकरणले निम्त्याउने सामाजिक र भावनात्मक परिवर्तनहरूको प्रतिनिधित्व हो । सहरले स्रोत साधन र अवसर समेट्छ, तर पहुँचविहीनलाई अझै वञ्चित बनाउँछ । सहरीकरणको गति र केन्द्रीकरणले गरिब समुदायलाई अदृश्य

बनाउने क्रियाशीलता जन्माउँछ । विकासको नाममा भइरहेको सहरीकरणले मानव सम्बन्ध, सामूहिकता र संवेदना सबैलाई बजारमुखी बनाइरहेको छ । उपन्यासको यो अंशले सहरीकरणलाई मानवीय विच्छेदनको यन्त्रका रूपमा देखाउँछ । खासमा सहरीकरणको अनियन्त्रित विस्तारले सामाजिक पारिस्थितिक तन्त्र कमजोर हुँदै गएको हुन्छ, जसले आत्मीयताको भावलाई समेत खण्डित बनाएको हुन्छ । सहरीकरण भौतिक विकासको प्रक्रियासँगै सामाजिक सांस्कृतिक रूपान्तरण पनि हो, जसले मानिसहरूको सम्बन्ध, भावनाहरू र पहिचानमा असर पुऱ्याएको हुन्छ । ग्रामीण समुदायबाट सहरतिर बसाइँ सर्दा आउने दूरी, बेवास्ता र पीडालाई प्रस्तुत अंशले प्रभावशाली ढंगले चित्रण गरेको छ ।

### २.३.३ युद्धको अभिव्यक्ति

राजनीतिक, सामाजिक, धार्मिक वा आर्थिक जुनसुकै कारणले उत्पन्न हुने वा संगठित रूपमा लडिने सशस्त्र संघर्ष युद्ध मानिएतापनि विभिन्न विवाद, वैमनस्यता, होडबाजी लगायतका कारण युद्ध हुने गर्दछ । नेपालमा पनि विभिन्न ऐतिहासिक, राजनीतिक र सामाजिक कारणले युद्ध देखापरेको छ । कहिले राज्य विस्तारका नाममा, कहिले विदेशी हस्तक्षेपको प्रतिरोधमा, कहिले सत्ता परिर्वतनका लागि भएका छन् । पछिल्ला समयमा अधिकार, समानता, पहिचान, शक्ति प्राप्ति, सत्ताप्राप्तिका लागि पनि भइरहेको देखिन्छ । युद्ध इतिहासमा पनि आधारित भएकोले साहित्यमा पनि सामाजिक, ऐतिहासिक र राजनीतिक प्रभाव, प्रतिशोध र परिवर्तनका पक्षलाई आधार बनाएको हुँदा साहित्यमा भित्रीएको छ। जहाँ केही प्रभाव नयनराज पाण्डेका उपन्यासमा पनि समावेश देखिन्छ । यहाँ पाण्डेका उपन्यासमा मानव पर्यावरणमा सम्बद्ध युद्ध अर्न्तगत देखिएका पर्यावरणीय अभिव्यक्तिहरूलाई साक्ष्यसहित विश्लेषण गरिएको छ ।

> बिहान सहरको स्थिति राम्रो देखिएन । सानोतिनो निहुँबाट सुरू भएको झगडाले साम्प्रदायिक दङ्गाको रूप लिने लक्षण देखिइरहेको थियो । चोकबजारका पसल खुलिरहेका थिएनन् । एकअर्कालाई सशङ्कित भएर हेर्ने क्रम सुरू भइसकेको थियो । ...वसन्तीलाई डोऱ्याएर अस्पताल लैजान थाल्यो प्रेमललवाले । चोकसम्म त जसोतसो लग्यो तर अगाडिको स्थिति उति राम्रो थिएन । हूलहूल मान्छे एकअर्कासित झगडा गर्दै थिए । एकअर्कालाई ढुङ्गामुढा गर्दै थिए (पाण्डे, २०६५, पृ.२३-२४) ।

प्रस्तुत उपन्यासको अंश पाण्डेको *उलार* उपन्यासमा अभिव्यक्त रहेको छ । यहाँ मानिसहरूबीचको सामाजिक सम्बन्ध, मानसिक अवस्था, डर, शङ्का, आक्रोश र विभाजनलाई जनाउँछ । यो अंशमा युद्धको स्वरूप खुला युद्ध नभएपनि सामाजिक युद्ध अर्थात् समाजभित्रको विघटन, अविश्वास र आतङ्कको उपस्थिति रहेको देखिन्छ । सानोतिनो निहुँबाट सुरू भएको झगडाले सहरमा सहिष्णुताको अन्त्य र टकरावको सुरूवातलाई संकेत गर्दछ । हूलहूल मान्छे एकअर्कासित झगडा गर्दै थिए । एकअर्कालाई ढुङ्गामुढा गर्दै थिए भन्ने वाक्यले सहरमा सामाजिक युद्ध सुरू भइसकेको स्पष्ट संकेत हो, जहाँ युद्ध हतियारले होइन भीडको आक्रोशले लडिन्छ भन्ने कुरालाई पनि अभिव्यक्त गर्न खोजेको छ । यहाँ मधेशको एउटै स्थानमा विभिन्न जात, भाषा, धर्म र संस्कृतिका मानिसहरू बसोबास गर्ने संवेदनशील सामाजिक संरचनाको चित्रण गरिएको हुँनाले सानो निहुँले झगडाको स्थिति हिंसात्मक हुन जान्छ भन्ने संकेत देखिन्छ । यसकारण नै समाजमा भय, त्रास र अस्तव्यस्त मच्चिरहन्छ । सानो प्रकृतिको झगडाले पनि ठुलै रूप लिएमा बजारहरू बन्द हुने, सार्वजनिक यातायात ठप्प हुने भएकोले आर्थिक र सामाजिक जीवन मात्र नभएर सहरको वातावरणीय व्यवस्थापनलाई पनि अव्यवस्थित बनाइरहेको हुन्छ । प्लास्टिक, धातु, रसायन जस्ता सामग्रीहरू जलाइँदा वायु र माटोमा दीर्घकालीन असर पार्ने प्रदूषण पैदा हुन्छ । हिंसाका कारण मानिसहरू घर छाडेर अन्यत्र जान बाध्य हुन्छन्, जसले सहरी ग्रामीण पर्यावरणीय दबाब बढाएको हुन्छ । मानवजन्य गतिविधि र अस्थायी बसोबासले वनस्पति तथा वातावरणीय स्रोतमा समेत असर पर्दछ । युद्ध र हिंसा सामाजिक अव्यवस्थाको रूप मात्रै भएपनि वातावरणीय विनाशको कारक पनि युद्ध र हिंसालाई लिन सकिन्छ । यस्ता घटना वातावरणीय दृष्टिले हेर्दा दीर्घकालीन असर पार्ने हुन्छन्, जसमा वायु, माटो, जल र जैविक तत्व सबै प्रभावित भएका हुन्छन् ।

प्रस्तुत अंशमा शक्तिको प्रयोग गर्न खोजिएको छ । पसल बन्द हुनुले आर्थिक र सामाजिक गतिशीलता रोकिनुका साथै सहरी प्रणालीमा समेत अवरोध निम्त्याएको हो । ढुङ्गामुढा र झगडाले फोहोरमैलाको मात्रा बढाउँछ । सडक अवरूद्ध हुन्छ र सार्वजनिक स्थानहरूमा अवरोध पुग्छ । यस्तो हिंसामा सार्वजनिक संरचनाहरू जस्तै : पार्क, ढल, सडक र अस्पताल जस्ता क्षेत्रहरूमा क्षति पुऱ्याउँछ । यस्तो प्रकृतिको क्रियाहरूले वातावरणलाई असन्तुलन बनाएको हुन्छ । धुलो र धुवाँ पनि वायु प्रदूषणको कारक हुन् । बजार बन्द हुँदा

कुहिने खाद्यवस्तुहरू सडकमा थुप्रिन्छन्, त्यस्तै हिंसात्मक भिडन्तहरू हुने समयमा प्रायः सडक छेउमा बगैँचा, रूखहरू र फूलबारीहरूमा क्षति पुऱ्याएका हुन्छन् जसले वातावरणलाई प्रदूषित बनाएको हुन्छ । यहाँ वसन्तीलाई अस्पताल लैजान सक्ने अवस्था नभएको हुनाले स्वास्थ्य सेवा प्रवाहमा पनि अवरोधको संकेत सिर्जना भएको देख्न सकिन्छ । यस्तो स्वास्थ्य संकटले प्राकृतिक मानव प्रणालीमा असन्तुलन ल्याउँछ, जहाँ अशान्त वातावरणले दैनन्दिन जीवन मात्र होइन सफा पानी, हावा र खाना प्राप्तिमा पनि असर पार्छ । प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा वातावरण प्रणालीमा देखिएको असरले वातावरणको अस्तित्व, सन्तुलन र स्थायित्व नै धरापमा परेको कुरालाई पनि यहाँ उल्लेख गर्न खोजिएको छ ।

युद्धका कारण वातावरण नै भयवित भएको हुन्छ भन्ने कुरालाई स्पष्ट पारिएको छ । पृथ्वीमा रहेका सम्पूर्ण जीव तथा प्राणीहरू प्रकृतिबाट नै उत्पन्न भएका प्रकृतिका अनुचर हुन् । मानव जाति प्रकृतिको अनुचर भएर पनि प्रकृतिकै लागि प्रतिकूल र हिंस्रक प्राणी बनेको छ । मानव जाति एकअर्काबीच झैझगडा गर्नुले र एकअर्कालाई ढुङ्गामुढा गरेको नकारात्मक अवस्थाले पर्यावरण त्रासमय बनेको अवस्थालाई देखाउन खोजिएको छ :

> अब त शम्भुराम तगडा ठेकेदार भैसकेको छ । पूरा बहराइच जिल्लाभरि नेता र राजनीतिक पार्टीहरूका ऱ्याली र जुलुसहरूमा मानिसहरू सप्लाई गर्ने ठेक्का उसैले लिने गर्छ । मानिस मात्र कहाँ, उसले त नेताहरूलाई कार्यक्रममा उडाउने परेवादेखि विपक्षीहरूलाई तर्साउन पड्काउने बन्दुकसम्म पनि सप्लाई गर्छ । धर्ना, हड्ताल र सडक जाम गर्नको लागि कार्यकर्ता र भीडभाडको आवश्यकता पऱ्यो भने नेताहरू उसैलाई गुहार्छन् । सडकमा बाल्ने टायरदेखि ढुङगामुढा गर्ने, आगजनी गर्ने, तोडफोड गर्ने केटाहरू लगायत सार्प सुटरसम्मको व्यवस्था तुरून्तातुरून्तै गर्न सक्छ ऊ । (पाण्डे, २०७२ पृ. ९६)

माथिको लू उपन्यासबाट लिइएको अंश हो यसमा शम्भुराम नामक पात्रको माध्यमबाट एक किसिमको सामाजिक, राजनीतिक र मानव पर्यावरणमा प्रभाव पार्ने युद्धको स्वरूप प्रस्तुत गरिएको छ । शम्भुरामले सञ्चालन गर्ने कार्यहरू परम्परागत युद्धजस्तो भएतापनि आधुनिक सामाजिक, राजनीतिक परिस्थितिअनुसार रूपान्तरण भएका छन् । अब युद्ध केवल सेनासँग लडाँइ गर्ने मात्र नभई सामाजिक अस्थिरता सिर्जना गर्ने र राजनीतिक

स्वार्थका लागि हिंसात्मक गतिविधि गराउने रूप लिइसकेको छ । शम्भुरामका ठेकेदारहरूले धर्ना, हड्ताल, सडक जाम जस्ता नागरिक जीवन अस्तव्यस्त सामाजिक वातावरणमा आतंक र असुरक्षा फैलिएको कारण नागरिक जीवन अस्तव्यस्त भएको, तोडफोड र आगजनीले सार्वजनिक सम्पत्तिमा क्षति पुगेको र मानिसहरू मानसिक तनाव, अस्थिरता र भयको वातावरणमा बाँच्न बाध्य भएको कुरालाई मानव पर्यावरणको अप्रत्यक्ष असर पार्ने युद्धका रूपहरू भएको कुरालाई स्पष्ट रूपमा देखाइएको छ । प्रस्तुत अनुच्छेदमा शम्भुरामले मानिसलाई सप्लाई गर्ने व्यापारमा बदल्नुले देखाउँछ कि कसरी राजनीतिक शक्ति हासिल गर्न जनताको प्रयोग हतियारको रूपमा गरिएको हुनाले राजनीतिक स्वार्थका लागि मानव संसाधनको दुरूपयोग भएको अवस्थालाई देखाइएको छ । लोकतान्त्रिक प्रक्रिया र शान्तिपूर्ण अभिव्यक्तिमाथि आक्रमण गर्ने, कानुनविपरित कार्य गर्ने भएकोले शान्तिपूर्ण मानव समाजको संरचना भत्काउने अदृश्य युद्धले सतहमा नदेखिई पनि गहिरो असर पारेको कुरा प्रस्ट हुन्छ । शम्भुरामको गतिविधिहरूलाई हेर्दा थाहा हुन्छ कि आधुनिक युगको युद्ध केवल सीमा पारको होइन, बरू सामाजिक, राजनीतिक र मानव पर्यावरणभित्रै चलिरहेको छ । यो सशस्त्र नहुन सक्छ तर असर पुराना युद्धहरू जत्तिकै विनाशकारी हुन्छ, सँगसँगै विधिको शासन र शान्तिपूर्ण मानव समाजमाथिको हमला भएको कुरा पनि यहाँ स्पष्ट छ । उपन्यासको यो अंशले मानव पर्यावरण अन्तर्गत हुने अदृश्य युद्धको चेतावनी दिन्छ ।

*सल्लीपिर* उपन्यासमा मानव पर्यावरणमा सम्बद्ध युद्ध अर्न्तगत देखिएको पर्यावरणीय अभिव्यक्तिलाई यसरी देखाइन्छ :

> धेरैबेर पछि फुर्वाले हिम्मत गऱ्यो र कमरेड हिमालीले बोकेको बन्दुकलाई छामेर सोध्यो - यो के हो ? बाबु, यो राइफल हो । तिमी ठूलो भएको भए तिमीले पनि यस्तै राइफल लिएर राज्यसत्ताविरूद्ध युद्धमा भाग लिनुपर्थ्यो तर, तिमी सानै छौ । त्यसैले हामी सबै तिम्रो तर्फबाट पनि लड्दैछौ । हामी सबै शोषित पीडितको मुक्तिका लागि निर्णायक लडाइँ लड्दैछौँ । भोलि जब तिमी ठूलो हुनेछौ, कसैले तिम्रो शोषण र तिमीमाथि अत्याचार गर्न सक्ने छैन । तिमीले फेरिफेरि आफ्नो हक अधिकारका लागि लडिरहनुपर्ने छैन (पाण्डे, २०७३ पृ. १००)

प्रस्तुत *सल्लीपिर* उपन्यासको अंशले समाज, सत्ता र युद्धबीचको सम्बन्धलाई गहिरो रूपमा उजागर गर्छ । साथै, युद्धको प्रभाव केवल मानवीय अस्तित्वमा मात्र होइन,

पर्यावरणीय सन्तुलनमा पनि कसरी पर्ने गर्छ भन्ने पक्षलाई पनि संकेत गर्छ । यहाँ फुर्वाजस्तो नाबालक पात्रले बन्दुक देखेर जिज्ञासा राख्नु र कमरेडको जवाफमार्फत् राज्यसत्ताविरूद्धको युद्धको औचित्य प्रस्तुत हुनु, यो संकेत हो कि युद्धले बालमनलाई पनि ढाकेको छ । बालबालिका युद्धको वास्तविक प्रभावभन्दा धेरै आदर्श, क्रान्ति र प्रतिरोधका नाराबाट प्रभावित हुन्छन् । यसले मानव समाजमा हिंसा र द्वन्द्व कत्तिको गहिरो गरी गडेको छ भन्ने कुरा देखाउँछ । माथिको प्रसङ्गले प्रत्यक्ष रूपमा जैविक पर्यावरण नभए पनि युद्धको कारणले हुने पर्यावरणीय विनाशलाई सन्दर्भित रूपमा बुझ्न सकिन्छ । युद्धका लागि आवश्यक संशाधन बन्दुक, राइफल, लडाँइ, शिविर, लुकेर युद्ध गर्ने स्थान आदिका लागि जङ्गल कटान, वनस्पति क्षेत्रको अतिक्रमण, वन्यजन्तुको विस्थापन र भूमि स्रोतको दोहन आदि अनिवार्य हुन्छन् । क्रान्तिकारी युद्धका बेला विद्रोहीहरू जङ्गलभित्र लुक्छन् यसले वन क्षेत्रलाई दबाब दिएको हुन्छ । सुरक्षाबल र विद्रोही दुवैले रणनीतिक कारणले भौगोलिक संरचनाहरू नष्ट गर्छन् । कमरेडले भनेझैँ- “हामी सबै तिम्रो तर्फबाट पनि लड्दैछौँ” यस्ता अभिव्यक्तिबाट बुझिन्छ कि युद्धको कारण सामाजिक र राजनीतिक शोषण हो । द्वन्द्वले मानिसहरूलाई आफ्नै घर, खेतीयोग्य जमिन र स्रोतबाट टाढा पुऱ्याउँछ । शोषणले जब मानिसलाई आफ्नो अधिकार खोज्न बाध्य बनाउँछ । त्यसले जनजीवन र त्यससँग जोडिएको पर्यावरणीय सम्बन्धमा उतारचढाव ल्याउँछ ।

माथिको अंशमा राइफलको उल्लेख केवल हतियारको प्रतिक नभई त्यो द्वन्द्व र युद्धको सुरूवात हो भन्ने सन्देश दिएको छ । युद्धकालमा हतियार, खाद्यान्न, आवास आदि सबैका लागि प्राकृतिक स्रोतहरू (रूख, ढुङ्गामाटो, पानी) को दोहन हुन थालेको छ । युद्धको समयमा लुकेर बस्नका लागि जङ्गल फाँडिने, शिविर बनाउँदा काठ काटिने, आगो बाल्न, खाना पकाउन वन स्रोतहरू नै प्रयोग गर्ने गरिन्छ । यस्तै एक राइफलको उपस्थितिले युद्धको पृष्ठभूमिमा प्राकृतिक स्रोतहरूमाथि गहिरो दबाब सिर्जना गरेको छ । जसरी कमरेड हिमालीहरूले जङ्गललाई रणनीतिक उपयोगका रूपमा लिन्छन् । त्यसले वन्यजन्तुहरूको वासस्थानमा हस्तक्षेप गर्छ । ध्वनि प्रदुषण अर्थात् गोली, बमको आवाजले र सोहीको धुवाँ, मानव उपस्थिति आदिले प्रजातिहरूको स्थानान्तरण, संवेदनशील वन्यजन्तु लोप हुने जोखिम, पारिस्थितिक सन्तुलनमा अवरोध चराचुरूङ्गी र जनावरहरू विस्थापित हुन्छन् । त्यस्तैगरी जब कुनै क्षेत्र युद्धग्रस्त हुन्छ, त्यहाँ विकास तथा संरक्षणका योजना स्थगित हुन्छन् । स्थानीय सरकार र गैरसरकारी संस्थाले वातावरण सुधारका कार्यहरू गर्न सक्दैनन् ।

खासमा कमरेडहरूको युद्धले वातावरणको सुरक्षा होइन, तत्कालिन राजनीतिक लक्ष्यलाई प्राथमिकता दिइरहेको देखिन्छ । फुर्वाको बन्दुकप्रतिको जिज्ञासामा पनि रूख नभई हतियारप्रतिको आकषर्ण हो, जसले द्वन्द्वमा हुर्किएका बालकमा प्रकृति होइन, संघर्ष र प्रतिरोध चेतना बलियो हुन्छ । यसले दीर्घकालिन रूपमा पर्यावरणप्रेमी पुस्ताको अभाव निम्त्याउँन सक्छ । उपन्यासको यो सानो संवादले युद्धको मानवीय पक्ष मात्र होइन, त्यसको पर्यावरणीय आयाम समेत गहिरो गरी उजागर गर्छ । यहाँ समाज अन्यायप्रति लड्न विवश छ तर यहीँ लडाइँले प्रकृति र पर्यावरणलाई पनि युद्धको मैदान बनाइरहेको छ । युद्धको राजनीतिक पक्षलाई अगाडि ल्याए पनि त्यसको पर्यावरणीय असर प्राकृतिक स्रोतहरूको विनाश, दिगो जीवनशैलीको अवरोध र भावी पुस्ताका लागि असन्तुलित वातावरण बनिरहेको हुन्छ । जुनसुकै कारणले युद्ध सुरू गरेतापनि त्यसले मानव लगायत प्रकृति र वातावरणलाई गहन असर पुऱ्याएको हुन्छ । *सल्लीपिर* उपन्यासले यस्ता संवादमार्फत यो गम्भीर सन्देश प्रभावशाली ढंगले दिन सफल भएको छ ।

माथिको अंशले मानव पर्यावरण द्वन्द्वको जटिल सम्बन्धलाई उजागर गर्छ । सामाजिक, राजनीतिक शोषण, वर्गीय भेदभाव, अधिकारको लागि संघर्ष जस्ता यी सबैले युद्ध जन्माउँछन् । युद्धले मानव जीवन मात्र होइन, प्रकृति र पर्यावरणमा समेत गहिरो प्रभाव पार्छ । यसरी उपन्यासले एउटा बालक र क्रान्तिकारी पात्रको संवादमार्फत समग्र युद्ध, समाज र पर्यावरणको अर्न्तसम्बन्धलाई गहिरो रूपमा चित्रण गर्छ ।

### २.३.४ मानव संस्कृति/सांस्कृतिक पर्यावरणको अभिव्यक्ति

पाण्डेका उपन्यासमा मानव पर्यावरणसँग सम्बद्ध मानव संस्कृति तथा सांस्कृतिक पर्यावरण अर्न्तगत देखिएका पर्यावरणीय अभिव्यक्तिहरूलाई साक्ष्यसहित विश्लेषण गर्ने क्रममा *लू* उपन्यासबाट झिकिएको उदाहरणलाई यसरी देखाइन्छ । "धन्न, पञ्चक परेको रहेनछ ! नत्र लाशको साथमा कुशका पाँचओटा पुत्ला पनि गाड्नुपर्थ्यो । पहिलो पुत्ला शिरमा राख्नुपर्छ । दोस्रो आँखानेर । तेस्रो दाहिने काखीमा । चौथो नाभिमा र पाँचौं पाउमा राख्नुपर्छ ।" (पाण्डे, २०७२, पृ. १६) । *लू* उपन्यासबाट लिइएको यो अंशमा नेपाली समाजको संस्कार, परम्परा, विश्वास, मूल्य, धर्मलाई चित्रण गरिएको छ । पञ्चक परेको रहेनछ, भन्ने भनाइले नेपाली पञ्चाङ्गअनुसार कुनै व्यक्तिको मृत्यु भएमा त्यसले अरू व्यक्तिहरूको पनि मृत्यु निम्त्याउन सक्ने जनविश्वासलाई देखाएको छ । मृत व्यक्तिसँगै

पाँचओटा कुशका पुत्ला गाड्ने चलनले हिन्दू संस्कारमा मृत्यु र आत्माको शान्तिको लागि गरिने अनुष्ठानहरूलाई देखाउँछ । कुश वनस्पति हो, जसलाई पवित्र मानिन्छ र धार्मिक क्रियाकलापमा प्रयोग गरिन्छ । यसको प्रयोगले प्रकृति र धार्मिक संस्कारबिचको सम्बन्ध देखाउँछ । यस्तो संस्कारले समाजमा वनस्पति, मृत शरीर र पञ्चतत्वसँगको सम्बन्धलाई स्पष्ट पार्छ । मृत्युजस्तो घटनाले उत्पन्न गर्ने मानसिक तनावलाई धार्मिक संस्कारमार्फत कम गर्ने प्रयासलाई यो अंशले देखाएको छ । यस किसिमको संस्कारले बाँकी रहेका परिवारजनमा अब खतरा टर्यो भन्ने सान्त्वना दिएको हुन्छ, जुन मानव समाजको सामूहिक चेतनाको हिस्सा पनि हो ।

माथिको अंशमा मानव पर्यावरणमा पर्ने संस्कार संस्कृतिको कुरालाई प्रस्तुत उपन्यासको अंशले चित्रण गरेको छ । इलैयाको मृत्युको समयमा टुटे पण्डितले भनेको कुरालाई व्यक्त गरिएको छ । विशेषतः जन्मपश्चात् मृत्युसम्म अपनाउनुपर्ने संस्कारमा मृत्युको समयमा पञ्चक परेमा लाशको साथमा कुशका पाँचवटा पुत्ला बनाएरसँगै जलाउनुपर्ने वा गाड्नुपर्ने प्रचलन रहेको छ । यदि यसो गरिएन भने अन्य नजिकका व्यक्तिहरूलाई छिटो लैजाने र पाँच पुर्याउँछ भन्ने चलन अझै रहेको छ । हिन्दूधर्ममा आस्था राख्ने जतिपनि व्यक्तिहरू छन् प्रायः सबैमा यो मानवीय सोच रहेका कारण यसले पनि मानव पर्यावरणमा प्रभाव पार्ने देखिन्छ । नेपाली समाजमा यदि कुनै व्यक्ति पञ्चक परेको अवस्थामा देहावसान भएमा भित्री रूपमा मानसिक तनावले छटपटाहट भइरहने अवस्थामा आजको मानव समाज पुग्छ, तसर्थ मानवीय मान्यता तथा संस्कारका कुराहरूले पनि वातावरणमा आँच पुर्याँएको हुन्छ । मानवको मृत्यु संस्कारसँग कुशलाई जोडिएको पाइन्छ । पृथ्वीको माटो फल्ने एक प्रकारको घाँस (कुश) लाई मृत्यु हुँदा पञ्चकमा परे त्यसको पुत्ला बनाएर गाड्ने प्रसङ्गले मानव संस्कारलाई पर्यावरणसँग जोडेको अभिव्यक्ति उपन्यासमा पाइन्छ । कुशलाई मृत्युसंस्कारसँग जोड्नुले सांस्कृतिक पर्यावरण ‘लू’ उपन्यासमा अभिव्यक्त छ भन्न सकिन्छ ।

सांस्कृतिक पर्यावरणसँग सम्बन्धित अन्य विभिन्न ठाउँमा पाण्डेले मानव संस्कृति पर्यावरणलाई विभिन्न ठाउँमा व्यक्त गरेका छन् । यस्तै अर्को उदाहरणलाई यसरी प्रष्ट पार्न सकिन्छ : “उत्तरप्रदेशमा कुनै चुनावसुनाव वा नेताहरूको र्यालीस्याली हुने भयो भने मेरा लागि त चाडबाड आएजस्तै हुन्छ । .....कहिले कुन नेताको जयजयकार गरिरहेको हुन्छु,

कहिले कुन नेताको जिन्दावाद भनिरहेको हुन्छु (पृ. ९६) ।" यहाँ राजनीति एक प्रकारको चाडपर्वका रूपमा आएजस्तै राजनीति संस्कार भएको कुरालाई देखाइएको छ । कहिले कुन नेताको जयजयकार गरिरहेको हुन्छु, भन्ने वाक्यले नेताप्रति अन्धसमर्थन वा आस्थालाई जनाएको छ, जुन समाजमा प्रचलित नेताको भक्ति संस्कृतिको प्रतीक हो । यसले व्यक्तिको वैचारिक स्वतन्त्रताभन्दा सामूहिक उत्सव वा भीडसँग समाहित हुनु प्राथमिक हुन्छ, जुन संस्कृति पर्यावरणकै विशेषता हो । भारत (विशेष गरी उत्तरप्रदेश) मा राजनीतिक दलहरूका र्‍यालीहरूमा सहभागी हुनु, झन्डा बोक्नु, नारा लगाउनु आदि सामाजिक सांस्कृतिक अभ्यास बन्न पुगेको छ । यसले राजनीति र संस्कृतिको घनिष्ट सम्बन्ध देखाउँछ, जहाँ चुनाव पनि चाडजस्तै सामाजिक गतिविधि बन्न पुग्छ । यहाँ राजनीतिक विषयवस्तुको परिवेशलाई आधार मानेर स्पष्ट पारिएको छ । समाजमा हुने खाने र हुँदा खाने गरी दुई प्रकारका मानिसहरूको बसोबास भएको हुन्छ । जसमा हुँदा खाने वर्गहरू कुनै न कुनै काम गरेर आफ्नो जोहो गरेका हुन्छन् । नेपाली समाजमा त अझैसम्म नेताको झन्डा बोकेर पनि केही पाउने आशमा हिड्ने मानिसहरू पनि अवस्थित रहेका छन् । समाजमा नेताहरूको जयजयकार गर्दै अघि बढेर आफू रमाइरहेका व्यक्तिहरूको अझै पनि चाप रहेको छ । राजनीतिका कारणले र्‍याली गर्ने क्रममा होहल्ला गर्दै जिन्दावाद भनिरहँदा यसले समाजको पर्यावरण अशान्त बनाउँछ । जसले नेताको पछि लाग्यो उसैको समय फर्किएको कुरा अर्थात् उसैलाई चाडबाड आएझै हुने भएकोले नेपालको राजनीतिमा बसेको यस्तो कुसंस्कारबाट पनि पर्यावरणमा नकारात्मक असर पर्दछ भन्ने कुरालाई स्पष्ट पारिएको छ ।

*लू* उपन्यासबाट लिइएको उदाहरणलाई देहायबमोजिम रूपमा स्पष्ट पारी यसरी हेरिएको छ :

> रामलालले बनियाभारकी मुसलमान केटीलाई भगाएर ल्याएछ । अनि त बिरादरीले उसको हुक्कापानी नै बन्द गरिदिएछन् । त्यसपछि पञ्चायत बसेछ । पञ्चायतले चौध हजार नगद जरिवाना लगाएछ । ...रामलालले मुसलमान केटीसित बिहे गरेको र त्यसैको सजायस्वरूप बिरादरीलाई भोज खुवाउन लागेको भन्ने सुनेपछि किनकिन उसलाई रामलालको बिहे भोजमा जान मन लाग्यो (पृ.७२) ।

*लू* उपन्यासबाट लिइएको प्रस्तुत अंशमा सामाजिक, सांस्कृतिक र जातीय सम्बन्धहरूको चित्रण गरिएको छ । प्रस्तुत अंशलाई पर्यावरणीय संस्कृतिको सन्दर्भमा

विश्लेषण गर्दा हामीले केवल प्राकृतिक वातावरण मात्र होइन सामाजिक सांस्कृतिक परिवेश, परम्परा, मान्यता र समुदायभित्रको अन्तर्सम्बन्धलाई पनि ध्यान दिनुपर्छ । यहाँ पर्यावरणीय संस्कृति भन्नाले भौतिक र सामाजिक वातावरणको अन्तर्क्रिया बुझिन्छ । रामलालले बनियाभारकी मुसलमान केटीसँग विवाह गरेपछि उसमाथि समाजले कठोर कदम चालेको देखिन्छ जस्तै : हुक्कापानी बन्द गरिनु र चौध हजार जरिवाना तिराउनु । यसले समाजको पर्यावरणीय संरचनाभित्र अझै पनि जात धर्मको कठोर विभाजन र धार्मिक असहिष्णुता विद्यमान छ भन्ने कुरालाई देखाएको छ । यस्ता सामाजिक पर्यावरणले व्यक्ति स्वतन्त्रताको दायरा साँघुरो बनाएको हुन्छ । पञ्चायतको निर्णयले समाजमा विद्यमान परम्परागत शक्तिकेन्द्रहरू (पञ्चायत, जातपञ्च) को प्रभाव दर्शाएको छ । यस्ता संरचनाले पर्यावरणमा संरक्षणभन्दा बहिष्कार र नियन्त्रणलाई बढी स्थान दिएका छन् । धार्मिक असहिष्णुता, परम्परागत पञ्चायती न्याय, जातीय पूर्वाग्रह र सामाजिक एकताको जटिलता यी सबै उपन्यासको पर्यावरणीय संस्कृतिका आयाम हुन् । रामलालको घटना केवल व्यक्तिगत प्रेम नभई सामाजिक पर्यावरणमा रहेको असमानता र परिवर्तनको संघर्षलाई पनि यहाँ संस्कृतिभित्र राखेर व्याख्या गरिएको छ ।

नेपाली समाजमा जातियताको आधारमा आफ्नै जातसँग विवाह गर्नुपर्ने प्रचलन रहेको छ जसको प्रतिफल फरक जातसँग विवाह गरेमा घरपरिवारले अस्वीकार गर्ने, समाजले नराम्रो दृष्टिले हेर्ने परिवेश रहेको छ । माथिको उपन्यासको अंशमा फरक जातसँग विवाह गरेको अवस्थामा पञ्चायतले सजाय दिलाएको छ । मानव संस्कृतिको नाममा कायम रहेको सामाजिक संरचना, धार्मिक सीमारेखा र परम्परागत दण्ड व्यवस्थालाई उजागर गर्छ । साथसाथै सामाजिक सोचमा हुँदै गएको परिवर्तनको संकेत पनि हो । जहाँ मानिसहरू व्यक्तिगत स्वतन्त्रता र सामाजिक अनुकूलनबीचको संघर्षको बीचबाट गुज्रिरहेका छन् । विवाह, जन्म, मृत्यु लगायत अन्य पक्षहरू मानवीय संस्कार संस्कृतिअर्न्तगतको पर्यावरणलाई समेटेको हुन्छ । विवाह र भोज सांस्कृतिलाई पर्यावरणसँग जोड्ने आधार हो । विवाह सांस्कृतिक पक्ष हो भने भोज पर्यावरणसँग जोडिएको पक्ष हो । भोजका लागि आवश्यक खानपानका कुराहरू पर्यावरणबाट आउने गर्दछ । नेपाली समुदायमा विवाह, व्रतबन्धलगायतका विविध संस्कारमा भोज खुवाउने प्रचलन रहेको छ । यस्ता संस्कारमा भोज खुवाउने प्रसङ्गले संस्कृति र पर्यावरणबिचको सम्बन्ध उपन्यासमा अभिव्यक्त भएको पाइन्छ ।

> दुलही लिएर फर्किएको जन्तीलाई स्वागत गर्न छिमी, डोल्मा र गाउँका अरू आइमाई छ्याङको ठेकी बोकेर उभिएका थिए । डोल्माले धूप बाली । छिमीले छ्याङमा धुपीको पात चोबेर जन्तीलाई छर्किदिइन् र खादा पनि लगाइदिइन् । ... बल्ल पेमाले थाहा पाई, छिमी त दावाको बिहेमा मच्चेर स्याब्रु नाच्ने ग्याल्जेनकी आमा पो रहिछन् । (पाण्डे २०७३ पृ. २७)

माथिको अंशमा वर्णित गतिविधिहरू जन्ती स्वागत, छ्याङ छर्किनु, धूप बाल्नु, खादा लगाउनु, स्याब्रु नाच सम्झनु सबै संस्कृति पर्यावरणका नाममा जरा गाडेर बसेका मानव अभ्यासका प्रतीकहरू हुन् । मानव पर्यावरणका आयामहरूमध्ये एक मुख्य आयामका रूपमा संस्कृति पर्दछ, जसले समाजका मूल्य, व्यवहार र परम्परागत रीतिथिति समेटेको हुन्छ । माथिको अंशमा छिमी, डोल्मा र गाउँका आइमाईहरू जन्ती स्वागत गर्न छयाङको ठेकी बोकेर आउँछन् । यो केवल एक संस्कारको निर्वाह मात्र होइन, यो सामूहिक सहभागिता र सांस्कृतिक निरन्तरताको प्रतिविम्ब हो । यो सामाजिक पर्यावरण समुदायको साझा चेतना, परम्परा र आपसी सम्बन्धमा आधारित भएर अघि बढेको हुन्छ । छिमीले छ्याङमा धूपीको पात चोबेर छर्किनु, डोल्माले धूप बाल्नु जस्ता क्रियाकलाप प्राकृतिक स्रोतसँग जोडिएका सांस्कृतिक अभ्यास हुन् । धूपी, छ्याङ भन्ने वस्तुहरू प्रकृतिबाट लिइएका हुन्, जसलाई मानिसहरूले सांस्कृतिक अर्थ दिन्छन् । यसबाट नै बुझिन्छ कि मानव समाजले प्राकृतिक सम्पदालाई केवल उपयोगिताका लागि होइन, आध्यात्मिक र सांस्कृतिक प्रयोगका लागि पनि समावेश गर्छ । यहाँ छिमी, डोल्मा, गाउँकी अन्य आइमाईको उपस्थितिले संस्कृतिको संरक्षण, विस्तार र अभ्यासमा महिलाको भूमिका केन्द्रमा हुन्छ भन्ने कुरालाई स्पष्ट पारेको छ । सामूहिक रूपमा जन्ती स्वागत गर्नु, परम्परा निर्वाह गर्नु यी सबै सामाजिक एकता र सहकार्यका संकेत हुन्, जुन मानव पर्यावरणको सुदृढ पक्ष हो । यसरी हेर्दा *सल्लीपिर* उपन्यासको प्रस्तुत अंश मानव पर्यावरण अन्तर्गत पर्ने संस्कृति र परम्पराको जीवित दस्तावेज हो । यसले संस्कृति मानव समाजको आत्मा भएको कुरालाई देखाउँछ । यसमा प्रकृति, परम्परा, सम्बन्ध, स्मृति र सहभागिता सबै समाहित हुन्छन् । संस्कृतिको माध्यमबाट नै मानिसले समाज निमार्ण गरेको कुरा पनि प्रस्तुत अंशबाट प्रस्ट देखिन्छ ।

उपयुक्त अंशले तामाङ समुदायको सांस्कृतिक जीवनशैली, सामाजिक संरचन र परम्परागत मान्यताको झल्को दिएको छ । तामाङहरू नेपालका हिमाली तथा पहाडी भेगमा

बसोबास गर्ने, प्रकृतिसँग नजिकको सम्बन्ध राख्ने जातीय समुदाय हुन्, जसले आफ्ना धार्मिक, सांकृतिक र सामाजिक विधिहरूलाई गहिरो रूपमा जोगाउँदै आएका छन् । ग्याल्जेन, डोल्मा, छिमी जस्ता नामहरू तामाङ जातमा सामान्य रूपमा प्रचलित छन्, साथै उपन्यासको पात्रहरूको व्यवहार, बोलीचाली र संस्कार तामाङ जातीय संस्कृति अनुरूप देखिन्छ । तामाङ जातमा परम्परा, लोकसंस्कृति र समूहगत सहभागितालाई अत्यन्तै महŒ्व दिइन्छ, जुन उपन्यासको अंशमा प्रस्ट देखिन्छ । स्याब्रु नाच तामाङ समुदायको परम्परागत लोक नृत्य हो, जुन विशेष पर्व, विवाह तथा उत्सवमा नाचिन्छ , दावाको बिहेमा मच्चेर स्याब्रु नाच्ने ग्याल्जेनकी आमा, यो वाक्यांशले संस्कृति र स्मृतिमा गहिरो सम्बन्ध प्रकट गर्छ र यस्तो सांस्कृतिक गतिविधिहरूले व्यक्तिको पहिचान निमार्ण गर्दछ भन्ने कुरालाई स्पष्ट पारेको छ । यहाँ छिमीको स्याब्रु नाच्न सक्ने कला र उत्साह उनलाई सामाजिक सांस्कृतिक योगदानकर्ताको रूपमा चित्रित गर्छ । यसरी सांस्कृतिक गतिविधिले व्यक्ति समाजबीचको सम्बन्ध प्रगाढ बनाउँछ र समाजभित्रको स्थान निर्धारण गर्दछ । स्याब्रु नाच समुदायको सांस्कृतिक वातावरणको प्राण भएकोले मानव पर्यावरणमा जीवन्तता ल्याएको हुन्छ । लोक संस्कृतिहरू कलात्मक अभिव्यक्ति मात्र नभएर स्थान, जातीयता, मौसम, प्रकृति र सामुदायिक भावनासँग गाँसिएका हुन्छन् । स्याब्रु नाच खुला वातावरणमा संगीत, भेषभूषा र सामूहिक सहभागितासहित सम्पन्न हुन्छ जसले मानव र प्राकृतिक पर्यावरणबीचको अर्न्तसम्बन्धलाई झल्काउँछ । यहाँ संस्कृति व्यक्ति र समाजबीचको पुल मात्र नभएर मानव पर्यावरणको आधारभूत संरचनालाई पनि मानिन्छ ।

### २.३.५ जातिको अभिव्यक्ति

पाण्डेका उपन्यासमा मानव पर्यावरणमा सम्बद्ध जातिको पर्यावरण अर्न्तगत देखिएका पर्यावरणीय अभिव्यक्तिहरूलाई साक्ष्यसहित विश्लेषण गरिएको छ । "आमाको माया पाएर हुर्कने रहर थियो पेमालाई तर, कोङ्दो र नुम्बुरलाई छोएर आएको चिसो बतासले हुर्काउँदै थियो पेमालाई । केमगुन गुम्बाबाट आउने बज्रमन्त्रसहितका सुमधुर आवाजले हुर्काउँदै थियो उसलाई ।" (पाण्डे, २०७३ पृ.११) प्रस्तुत अंश *सल्लीपिर* उपन्यासबाट लिइएको जातीय पर्यावरणको आधारबाट पनि अभिव्यक्त भएको छ । पेमाको पहिचान केवल मानव बच्चाको रूपमा मात्र होइन । एक विशेष जातीय समुदायमा हुर्केको बालकको रूपमा प्रस्तुत गरिएको छ । यो समुदायले प्रकृतिसँग सहजीवन गर्छ र त्यसकै

सन्दर्भमा उनीहरूको पहिचान र संस्कार निमार्ण हुन्छ । खासगरी शेर्पा जातिको जीवनशैलीमा हिमाल, गुरूत्व, बौद्ध मन्त्र र प्रकृति पूजाको विशेष महŒ्व हुन्छ । यस्तो जातीय संस्कारले प्राकृतिक सम्पदाको संरक्षण र सम्मानमा योगदान गर्छ । जब आमाको माया छैन तब त्यो अभावलाई प्रकृति र संस्कृति मिलेर परिपूर्ति गर्छन् यो हुनु पर्यावरणले जातीय भावनालाई सन्तुलन दिनु हो । गुम्बाको मन्त्रले आध्यात्मिक उर्जा दिने भएकोले पेमाको भावनात्मक र सामाजिक विकास सम्भव बनाउनमा पारम्परिक जातीय समाजको विशिष्टता हो । प्रकृति केवल भौतिक तत्व होइन, संवेदनशील, आध्यात्मिक र जातीय संरक्षक हो ।

उपयुक्त अंशमा पेमाको जीवनले हिमाली जनजाति सम्भवतः शेर्पा वा तामाङ जातिको जीवनशैलीलाई प्रतिनिधित्व गर्छ । यी समुदायहरू प्राकृतिक भौगोलिकतामा र मौलिक संस्कृतिमा गहिरो रूपमा जरा गाडेको हुन्छन् । तिनको जीवनशैली सहजीवितामा आधारित हुन्छ, जसले प्रकृति र मानवबीचको सन्तुलन टिकाउँ छ । जातीय संस्कृतिमा आमाको भूमिका केवल मानिसमा सीमित छैन । गुम्बा, मन्त्र र प्राकृतिक शान्तता सबै आध्यात्मिक शुद्धता र पर्यावरणीय सामञ्जस्यका सूचक हुन् । धार्मिक अभ्यास (बौद्ध धर्म) प्रत्यक्ष रूपमा वातावरणसँग गाँसिएको छ । पेमाजस्ता बालकहरू सहरको कंक्रिट संरचना नभई हिमाली गुम्बाको ध्वनि र प्राकृतिक मौनतामा हुर्किन्छन् । यस्तो हुर्काइमा बाह्य वा शारीरिक होइन संवेदनात्मक वा सांस्कृतिक पक्ष हावी भएका कारण भित्रि पक्ष बलियो राख्छ । उपन्यासको प्रस्तुत अंशले केमनुन गुम्बाबाट आउने बज्रमन्त्रसहितका सुमधुर आवाजलाई बुझाएको छ । गुम्बा (बौद्ध विहार), बज्रमन्त्र (बौद्ध विहार), बज्रमन्त्र (बौद्ध स्तोत्र/ध्वनि) यी तत्वहरू बौद्ध धर्मावलम्बी जातिहरू जस्तै शेर्पा, तामाङ, योल्मो, घेले आदि समुदायसँग प्रत्यक्ष सम्बन्धित छन् । यी संकेत गर्छ कि पेमाको हुर्काई बौद्ध मूलका जनजाति समुदायमा भएको हो । शेर्पा तामाङजस्ता जातीय समुदायमा प्रकृति पवित्र, मायालु र अभिभावक सरह मानिन्छ । जसले बालकलाई हुर्काउँछ, रक्षा गर्छ । यस्तो दृष्टिकोण जातीय संस्कारमा गहिरो रूपमा पाइन्छ, जसले मातृत्वलाई मानिसमा मात्र सीमित नराखी प्राकृतिक संरचनामा पनि देख्ने गर्छ । हिमाली जनजातिहरूको गाउँघरमा शहरको सुविधाभन्दा टाढा, प्रकृति र धर्मसंगत वातावरणमा बालबालिकाहरू हुर्कन्छन् । विद्यालय, खेलौना, अभिभावकीय निगरानीको कमी हुँदा पनि, गुम्बाको मन्त्र पर्वतीय मौनता, हावाको लय, चाडपर्व र रीतिथिति नै शिक्षा र संवेदना दिने स्रोत हुन्छन् । यो हुर्काइ जातीय परम्परा र पर्यावरणीय

चेतनाको मिश्रण हो । पर्यावरण नै बालकको आमा, शिक्षक र समाज बनेर उभिएको हुनाले हिमाली जनजातिहरूको मौलिक विशेषता हो, यसरी प्रस्तुत अंशले जातीय आधारमा वातावरणसँगको सम्बन्धलाई प्रष्ट पार्दछ ।

जातीयका विषयका देखिएका उपन्यासमा देखिएका उदाहरणलाई यसरी हेर्न सकिन्छ :

> मेरो घरमा त्यतिखेर कोही थिएन । बुवा पुरैनीमा रामबक्स चौधरीको छोरोको बिहेमा डोली बोक्न जानुभएको थियो । हामी कहारहरूको पेशा नै यही । बिहेमा डोली । मियाना बोक्ने । डोली बोकेर पाउने नेग (सगुन) र ज्यालाबाट हाम्रो जीवन चलिरहेको छ । त्यतिखेर आमा पनि गुइँठा बनाउनको लागि गोबर खोज्न निस्कनुभएको थियो (पाण्डे, २०७२, पृ.१) ।

*लू* उपन्यासमा प्रस्तुत अंशका आधारमा 'हामी कहारहरूको पेशा नै यही' भन्ने वाक्यले जातिको आधारमा श्रम विभाजनको परम्परागत संरचना देखाउँछ । कहार जातिलाई परम्परागत रूपमा डोली, मियाना बोक्ने काममा बाँधिएको देखिन्छ । यस्ता पेशा स्वेच्छाले रोजिएको नभई सामाजिक सांस्कृतिक बाँध्यताबाट थोपरिएको हो । आमा गुइँठा बनाउनको लागि गोबर खोज्न निस्कनुभएको भन्ने वाक्यले जातीय श्रमिक महिलाको जीवन झन कठिन छ भन्ने देखाउँछ । महिलाहरू घरेलु कामसँगै सामाजिक रूपमा हेपिएको श्रम पनि गर्नुपर्छ । यसले जातीय र लैङ्गिक पर्यावरणीय अन्याय एकसाथ देखाउँछ । सामाजिक संरचनाले जातिगत श्रमलाई निरन्तरता दिईरहेकाले शिक्षा, रोजगारी, विकासको अवसरहरूबाट यस्ता समुदाय टाढा रहन्छन् । यसले मानव पर्यावरणमा जाति एक बाधक तत्व हो, जसले जीवनको गतिको दिशानिर्धारण गर्छ । डोली बोक्ने प्रसङ्ग जातीय श्रम व्यवस्थाको वास्तविक चित्र हो, जहाँ जातिले मान्छेको पहिचान जीविका, अस्तित्व र अवसर निर्धारण गर्छ । मानव पर्यावरणमा जाति एक गहिरो सामाजिक सूचक हो । यसले विभाजन, शोषण अवसरको असमान वितरणको जरा समातेको हुन्छ । यहाँ जातीय श्रमिक वर्गको जीवनसंघर्ष र पर्यावरणीय असमानताको गहन चित्रण गरेको छ ।

रेडियोलालको प्रस्तुत प्रारम्भिक सूक्तिले नै परम्परागत रूपमा भारी बोकेर जीविकोपार्जन गर्दै आइरहेको कहार जातिको जीवनयापनलाई पर्यावरणका रूपमा चित्रण गरिएको छ । मानव धर्तीमा जन्म लिएपश्चात् न्वारन, ब्रतबन्ध, बिहे उसले मनाउँदै आएका

संस्कारहरू हुन् । नेपाली समाजमा अझै पनि बिहेमा डोली बोकेर लैजानको निम्ति तराई क्षेत्रमा कहार जातिको बसोबास रहेको बुझिएको छ । गाईभैँसीको गोबरबाट गुइँठा बनाएर सोहिबाट आगो बाली खाना बनाउने नेपाली ग्रामीण समाजलाई देखाउन खोजिएको छ । डोली काठबाट बनाइएको वस्तु हो । जुन कहार जातिले बोक्ने गर्दछन् । त्यसैले कहार जाति र पर्यावरणबीच सम्बन्ध रहेको पाउन सकिन्छ । यस्तै ठेकी बनाएर बेच्ने राउटे जातिमा पनि पर्यावरणसँगको सम्बन्ध निकट रहेको हुन्छ । त्यसैले जाति र पर्यावरणबिच निकट सम्बन्ध रहेको हुन्छ । यसलाई उपन्यासले कहार जाति र पर्यावरणबिच सम्बन्ध रहेको देखाएको छ । यसैगरी गुइँठा र त्यसबाट बल्ने आगो पनि पर्यावरणसँगै सम्बन्धित विषय हुन् । गुइठा बाल्ने नेपाली ग्रामीण समुदायको प्रचलन, संस्कारले पनि पर्यावरणलाई प्रभाव पारिरहेको हुन्छ । उपन्यासमा यस्ता विषयलाई प्रस्तुत गर्नाले पर्यावरणीय विषयले स्थान पाएको पाउन सकिन्छ । यो अवस्था अझै तराईका क्षेत्रतिर रहेको छ । पर्यावरणका सन्दर्भमा मानवले निम्त्याएको संस्कृति अर्थात् संस्कारमा निश्चित कहार जातिलाई नै डोली बोक्न लगाउनुले समाजमा अझै पनि यस्ता जातिमाथि गरिने कुसंस्कारले पर्यावरण खलल भएको देख्न सक्छौँ ।

*उलार* उपन्यासको जातिसम्बन्धी साक्षीलाई यसप्रकार आधार बनाएर व्याख्या विश्लेषण गर्न सकिन्छ : कलुवाको यो घर घसियारन टोलमा पर्छ । ऊ जातले पनि घसियारा नै हो । ऊ आफूले घसियाराको काम उहिले नै गर्न छाडे पनि उसकी स्वास्नी र आमा अझै यही काममा छन् । (पाण्डे, २०६५ पृ. ३६) प्रस्तुत *उलार* उपन्यासको अंशलाई हेर्दा मानव पर्यावरणीय जातियताका आधारमा विश्लेषण गर्दा यसमा पर्यावरणीय श्रमको जातीयकरण, जातीय पहिचान र पेशागत निरन्तरता तथा सामाजिक आर्थिक असमानताको चित्रण स्पष्ट देखिएको छ । कलुवा जातले पनि घसियारन हो भन्ने पर्यावरणसँग प्रत्यक्ष जोडिएको श्रम जस्तै : घाँस दाउरा काट्ने काम जातीय रूपमा विभाजित गरिएको छ । यहाँ घसियारन भन्ने शब्दले एउटा समाजमा ऐतिहासिक रूपमा शारीरिक श्रममा आधारित विशेष गरी वन क्षेत्रसँग सम्बन्धित काम गर्ने समुदाय जनाउँछ । यस्तो कामको विभाजन जातको नाममा हुनु सामाजिक रूपले निमार्ण गरिएको श्रम संरचना हो, जुन प्राकृतिक स्रोतमा पहुँच र मानव श्रमको मूल्याङ्कनसँग प्रत्यक्ष सम्बन्धित छ । कलुवाले उहिले नै घसियारा काम छाडे पनि उसकै आमा र  स्वास्नी अझै त्यही काममा संलग्न छन् भन्ने

अर्थले जातीय पेशा केवल व्यक्तिगत रोजाइको प्रश्न नभई सामाजिक, पारिवारिक र संरचनात्मक बाध्यता हो । कलुवा जस्तै पुरुषहरू केही हदसम्म बाहिरको कामतर्फ जान पाए पनि महिलाहरू भने अझै पर्यावरणीय श्रममा सीमित छन्, जसले लैङ्गिक र जातीय दुवै किसिमको दोहोरो उत्पीडन देखाएको छ । घाँस काट्ने, दाउरा सङ्कलन गर्ने, गुठी वा सामुदायिक वनमा निर्भर हुने कामहरू सामाजिक रूपमा हेपिने तर ग्राम्य जीवन सञ्चालनको आधारभूत कार्य हुन् । यस्तो श्रमबिना समाज चल्दैन, तर जातका आधारमा यो नीच श्रेणीको काम मानिन्छ । यसले पर्यावरणीय स्रोतहरू प्रयोग गर्ने अधिकार, श्रमको सम्मान र जीवनको गुणस्तर यी सबैमा जातीय भेदभाव गहिरो रूपमा गाँसिएको छ । को, कसरी, कुन प्रकृतिसँग कुन तरिकाले जुद्नेछ भन्ने निर्णय जातले तय गर्ने सामाजिक संरचनाद्धारा निर्देशित छ । कलुवाको परिवारजस्तै समुदायहरूलाई केवल शारीरिक श्रम आधारित काममा सीमित राखिन्छ, जुन सामाजिक न्याय र वातावरणीय समानताको दृष्टिले अन्यायपूर्ण छ । यहाँ पर्यावरणीय श्रम अर्थात् घाँस काट्ने काम जातीय रूपमा निर्धारण गरिएको छ ।

### २.३.६ भाषिक प्रयोगको अभिव्यक्ति

पाण्डेका उपन्यासमा मानव पर्यावरणमा सम्बद्ध भाषिक प्रयोग अर्न्तगत देखिएका पर्यावरणीय अभिव्यक्तिहरूलाई साक्ष्यसहित विश्लेषण गरिएको छ । “अमरपाल सिंहले आफ्नो पाइन्टको फस्नर खोल्यो । अनि सबैले हेर्दाहेर्दै दुकानभरि मुतिदियो । बाँकी दुई जनाले पनि त्यसै गरे । एउटाले त झन् चिया पकाउने कित्लीमै तुर्क्याइदियो ।” (पाण्डे, २०७२, पृ. १५६) मानव पर्यावरण अन्तर्गत भाषिक प्रयोगका सन्दर्भमा प्रस्तुत अंशले समाजमा फैलिएको नैतिक, सांस्कृतिक पतन, मानवीय मर्यादाको ह्रास र विकृत मानसिकताको प्रदर्शनी गर्छ । यस अंशमा कठोर अश्लीलजस्तो लाग्ने तर यथार्थवादी शब्दहरूको प्रयोगले सांकृतिक पतन, अराजकता, सामाजिक असभ्यताको स्पष्ट प्रस्तुती हुन् । संवेदना जगाउने र सामाजिक संरचनाको आलोचना गर्न प्रेरित गर्ने कार्य पर्यावरणीय भाषिक दृष्टिकोणबाट हेर्दा यस्तो लेखन शैली सामाजिक परिवर्तनको उत्प्रेरक शक्ति हो, यद्यपि यसको असर असहज, अस्वस्थ लाग्छ । यस्ता भाषिक प्रयोगहरू सामाजिक अन्याय, गरिबी, श्रमिकको पीडा र भ्रष्ट शासकीय प्रणालीमाथिको सांस्कृतिक र मनोवैज्ञानिक प्रतिक्रिया पनि हुन् । पर्यावरणीय सन्दर्भमा कठोर र अश्लील भाषा प्रयोगले शालीनताको

खोल खोलेर नाङ्गो यथार्थ प्रस्तुत गरेको देखाएको छ जसले वातावरण नै अमर्यादित बनाएको हुन्छ । समाजमा सत्ता संरचनाको दम्भ, सामाजिक बिग्रिएको मनोवृत्ति र मानव व्यवहारको पतनशील स्तरको मार्मिक आलोचना हो । नैतिक ह्रास हुने खालका मर्यादाहीन शब्दप्रयोगले अर्थात् अनुचित भाषिक प्रयोगले मानव पर्यावरणलाई असुरक्षित, अशान्त र नैतिक रूपले कमजोर बनाउने गरेको हुनाले पर्यावरणमा समेत असर पर्दछ ।

माथिको अंशमा भाषाको प्रयोग गर्ने क्रममा नेपाली झर्रा शब्दहरू र अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ, कतिपय अवस्थामा नेपाली समाजमा अपाच्य शब्दको पनि प्रयोग गरिएको हुँदा पर्यावरणलाई नै उथलपुथल बनाएको हुन्छ । दुकानमा मुतिदिने, किल्लीमा तुर्क्याइदिने जस्ता पदावली पर्यावरणसँग सम्बन्धित पदावली हुन् । उपन्यासमा अमरपाल सिंहको व्यवहार देखाउनका लागि दुकानमा मुतिदिने जस्ता भाषिक प्रयोग भएको पाइन्छ । भाषा आफैमा विचार विनिमयको माध्यम भएको हुनाले मानवले हरेक कामक्रियामा विचार पुऱ्याएर शब्दको प्रयोग गर्नुपर्ने हयसरी भाषिक प्रयोगबाट पनि मानव व्यवहार देखाउनका लागि, मानव संवेदना प्रस्तुत गर्नका लागि पनि पर्यावरण जोडिएर आएको पाइन्छ । उपन्यासमा अमरपालको क्षुद्रक्रियाकर्मका व्यवहार देखाउने क्रममा उपन्यासकारले अमरपालले दुकानमा मुतिदिएको भाषिक प्रयोग गर्नुले पर्यावरणलाई पनि जोडेको पाइन्छ ।

> आइमाईको माया कोल्गेट जस्तो हो । एक छिनलाई मिठो, कुल्ला गरेपछि खत्तम । तिनीहरूले हामीहरूलाई मञ्जन जस्तै थुकेर फ्यालिदिए । रेडियोलाल अनुहार छोहोरा जस्तै कच्याक्कुचुक पारेर बम्कियो । इलैयाको अनुहार काँचो करेला खाए जस्तै तीतो भयो । घुटुक्क केही निल्यो । अपमान वा अरू नै केही ? रेडियोलाले त्यसपछि इलैयाप्रति सहानुभूति प्रकट गऱ्यो र मुसलमानहरूलाई गर्नु गाली गऱ्यो । एकदम भद्दाभद्दा गाली । इलैयाले सुनिरह्यो । केही बोलेन । रेडियोलालले गाउँभरिका आइमाईलाई पनि गाली गऱ्यो । सबैलाई रन्डी र पतुरिया भन्यो, आइमाई र हिलोमा केही फरक छैन । (पाण्डे, २०७२, पृ.२३२) ।

प्रस्तुत उपन्यास अंशले मानव पर्यावरण अन्तर्गत भाषाको प्रयोगलाई लैङ्गिक दृष्टिकोण, सामाजिक संरचना, जातीय भावना र भावनात्मक अवस्था लगायतका विविध आयाममा चित्रण गर्छ । भाषाले यथार्थको पुर्नसंरचना मात्र गर्दैन,त्यसलाई असर पनि पार्ने

गर्छ । रेडियोलालले इलैयाप्रति सहानुभूति देखाएपछि मुसलमान समुदायलाई गाली गर्छ । यो जातीय वा धार्मिक द्वन्द्वको संकेत हो, जुन सामाजिक वातावरणमा गहिरिएको पूर्वाग्रह र विभाजनको झल्को हो । भाषाले केवल व्यक्तिबीचको सम्बन्ध मात्र होइन समुदाय समुदायबीचको दूरीलाई पनि स्पष्ट बनाइदिएको छ । उपन्यासको अंशमा महिलाहरूको प्रतिकूलतामा अत्यन्त अपमानजनक र हिंस्रक भाषाको प्रयोग गरिएको छ । आइमाईको माया कोल्गेट जस्तो हो, थुकेर फ्यालिदिए, सबैलाई रण्डी र पतुरिया भन्यो, आइमाई र हिलोमा केही फरक छैन जस्ता अभिव्यक्तिहरूले लैङ्गिक हिंसाको भाषिक प्रतिबिम्ब दिन्छन् । महिलाप्रति गहिरो घृणा, असम्मान र अपमानजनक दृष्टिकोण देखिन्छ । महिला प्रेम, संवेदना र अस्तित्वलाई यति तुच्छ रूपमा चित्रण गर्नु पितृसत्तात्मक मानसिकता र सामाजिक संरचनाको उपज भएका कारण भाषा कथा भन्न मात्रै प्रयोग भएको छैन । यसले समाजमा सामाजिक र मानसिक संरचनालाई प्रस्ट्याउने काम गरेको छ, जसले वातावरणलाई मानसिक रूपमा पनि प्रभाव पारेको हुन्छ । शब्दचयनको कुराले पनि पर्यावरणको अवस्थामा उतारचढाव ल्याउँन सक्छ । यदि परिवेशअनुकूल भाषाको प्रयोग गरिएको छ भने त्यस्तो अवस्थामा पर्यावरणको सन्तुलन भएको मानिन्छ । प्रस्तुत उपन्यासांशमा नारीहरूलाई होच्याएर आइमाई भन्ने शब्दको प्रयोग गरिएको छ र त्यसमाथि नारीको मायालाई क्षणिक सोचिएको छ । नारी प्रकृति हुन् । नारीप्रति पुरुषले अभिव्यक्त गरेका रन्डी, पतुरिया भन्ने शब्दले नारी अस्मितामाथि खेलवाड गरिएको छ । नारीलाई तुच्छ सम्झेर हिलो अर्थात् फोहोरसँग तुलना गरिएको छ जसले गर्दा सृष्टि सर्जक नारीमाथि उच्चरित शब्दले नै नारीहरू धर्तीमा स्वतन्त्र अर्थात् खुसी छैनन् । उनीहरू धेरै प्रकृतिका समस्याहरू सहन गरेर बसेका छन् भन्ने कुरालाई पनि माथि नारीका लागि प्रयोग गरिएको भाषाप्रयोगले बुझाउँछ ।

नारीको व्यवहार देखाउनका लागि उपन्यासमा नारीलाई पर्यावरणसँग जोड्ने भाषिक प्रयोग गरिएको छ । माथिको अंशमा आइमाई र हिलोमा केही फरक छैन भनाइले यस कुराको पुष्टि गर्दछ । हिलो पर्यावरणीय तत्त्व हो । भाषिक प्रयोग गरेर नारीलाई हिलोको उपमा दिइएको छ र फोहर भन्ने संज्ञा प्रस्तुत गर्न खोजिएको छ । यसरी हेर्दा भाषिक प्रयोग गरी उपन्यासमा मानवलाई अन्य पर्यावरणीय तत्त्वसँग सम्बन्धित गरी जोड्ने कार्य गरिएको पाइन्छ ।

द्रौपदीले उसको कालो मैलो अनुहारमा प्याच्च थुकी । राजिन्दरबाबुको खुब धाक लगाउँथिस् नि भनेर गाली गरी । उसले म्वाइँ खान खोज्दा दुलत्ती दिएर भुइँमा लडाइदिई र उसकै छातीमाथि चढेर साला, रँडुवा ! एउटी मेहारु (स्वास्नी) ल्याउन नसक्नेले मलाई भुत्राको हात हाल्छस् ? भनेर झपारी । द्रौपदीको व्यवहारले ऊ असाध्यै दुखी भयो । चिन्तित पनि भयो । छट्पटियो पनि । र रुन थाल्यो । द्रौपदी उसकै अगाडि ननकउसित सुती । रातभर द्रौपदीलाई ननकउले मादल बनायो र मादलको आवाज उसले रुँदै, चित्त दुखाउँदै सुनिरह्यो (पाण्डे, २०६५, पृ. २) ।

पाण्डेको *उलार* उपन्यासबाट साभार गरिएको प्रस्तुत अंशमा भाषिक प्रयोगमार्फत लैङ्गिक द्वन्द्वको अभिव्यक्ति दिइएको छ । उसको कालो मैलो अनुहारमा प्याच्च थुकी, साला, रँडुवा, एउटी मेहारू ल्याउन नसक्नेले मलाई भुत्राको हात हाल्छस् ? यस्ता वाक्यांशहरूमा द्रौपदीको आक्रोश, घृणा र विद्रोह पूर्णरूपमा देखिन्छ । यहाँ भाषा केवल संवाद मात्रै नभई आत्मरक्षाको औजार बनेको छ । भाषाको अशिष्टताले पीडाबाट उत्पन्न भएको विद्रोहको संकेत व्यक्त भएको छ । अनुच्छेदमा एक पुरूष पात्रको लज्जा, पीडा, अपमान र असमर्थतामा डुबेको मानसिक अवस्थालाई देखाएको छ । पितृसत्तात्मक समाजमा पुरूषलाई धेरै बलियो, निर्णायक र नियन्त्रणकारी देखाइन्छ तर यहाँ त्यो भत्किएको हुँदा भाषा पनि आत्मसम्मानको आवाज बनेको छ । यहाँ भाषाको प्रयोग यति तीव्र, यर्थाथपरक र अश्लिलताको नजिक लाग्ने भएपनि त्यसले मानव पर्यावरण अर्थात् सामाजिक, मानसिक वा भावनात्मक परिवेशमा गहन प्रभाव पार्दछ ।

प्रस्तुत उपन्यासांशमा भाषा प्रयोग गर्ने क्रममा साला, रँडुवा, भुत्रा जस्ता अश्लील शब्दहरू र मैलो, स्वास्नी जस्ता ठेट शब्दहरूको प्रयोग गरिएको छ । त्यस्तै थुकी, गरी, लडाइदिई, लगाउँथिस्, हाल्छस् ? जस्ता अनादर प्रकट हुने क्रियापदको प्रयोग गरी निमार्ण गरिएका वाक्यहरूको पनि पर्यावरणमा प्रभाव पारेको हुन्छ । मानव र भौतिक प्रकृति अभिन्न अङ्ग हुन् भन्ने अवधारणासँगै मानवले आफू बाँचिरहेको प्रकृतिलाई बाधा पुऱ्याउँदै आफूखुसी अघि बढेको कुरालाई माथिको अंशले उल्लेख गरेको छ । पर्यावरणलाई कृतिभित्र भाषिक रूपले सम्मानजनक वा अपमानजनक व्यवहार गरिएको छ कि छैन भन्ने अवस्थामा प्रस्तुत अंशमा पर्यावरणलाई अश्लील शब्द र अनादर शब्दप्रयोगले पर्यावरणलाई प्रतिकूल बनाएको छ ।

ड्याम्म... ड्याम्म... पर्रर... पर्रर...पटटट... डुम्म...। अचानक, त्यही बेला फायरको आवाज सुरु भयो । (पाण्डे २०७३ पृ. १९३) प्रस्तुत अंशका अनुसार नेपाली साहित्यमा ध्वनि अनुकरण र वातावरणीय चित्रणको शक्तिशाली संयोजन अभिव्यक्त गरेको छ । ड्याम्म, पर्रर, डुम्म जस्ता शब्दहरू लेखनीय शैलीमा ध्वनिको अनुकरण हुन्, जसले वातावरणमा घटिरहेका घटनालाई प्रत्यक्ष अनुभूति गराउँछन् । यी शब्दहरूले बन्दुकको आवाज, बारुद पड्किने क्रम र तनावपूर्ण क्षणको ध्वनिलाई चित्रित गर्छन् । यस्ता शब्दहरूको प्रयोगले पाठकलाई घटनास्थलमा भएको जस्तो अनुभूति दिन्छ, दृश्यलाई सुन्ने र महसुस गर्ने स्थिति सिर्जना गर्दछ । यहाँ हिंसा र द्वन्द्वले भरिएको पर्यावरणको चित्रण भएको छ । फायरको आवाज, बारुद पड्किने आवाजले युद्ध या झडपको संकेत दिन्छ । यसले मानव जीवनको असुरक्षा, डर र तत्कालिन वातावरणमा व्याप्त तनावलाई भाषामार्फत उभ्याएको छ । पर्यावरणीय यथार्थ, सामाजिक सन्दर्भ र घटनाको गम्भीरता बुझाउने माध्यमको रूपमा कार्य गरेका छन् । यस्ता भाषिक प्रयोगले नेपाली साहित्यमा कथ्यको गहिराइ थप्नुका साथै व्यक्ति अनुभूतिलाई जीवन्त बनाउने काम गर्छ । यस्ता प्रकारका शब्दहरूको प्रयोगले पर्यावरणमा सन्त्रास उत्पन्न भएको अर्थात् उक्त पर्यावरण भयावह बनिरहेको जसले मानिसहरूलाई भित्री रूपमा तनाव सिर्जना गरेको हुनाले वातावरणमा नमिठो असर परेको तथ्य स्पष्ट रूपमा झल्किएको हुन्छ ।

## २.४ पाण्डेका उपन्यासमा मानवेतर पर्यावरणको अभिव्यक्ति

पर्यावरणलाई मानव र मानवेतर गरी विभाजन गरि व्याख्या गर्न सकिन्छ । मानवेत्तर पर्यावरणअन्तर्गत हावा, पानी, प्राणी, आदि बाह्य पर्यावरण पर्दछन् । नेपाली उपन्यासमा यस्ता पर्यावरण विषय, अलङ्कार, सन्देश आदिका रूपमा अभिव्यक्त भइरहेको छ । पाण्डेका उपन्यासमा मानवेतर पर्यावरण अर्न्तगत समावेश रहेका सूचकहरू पञ्चमहाभूत, रुखबिरुवा र वनजङ्गल, पशुपक्षीका आधारमा साक्ष्यसहित पर्यावरणीय विश्लेषण गरिएको छ ।

### २.४.१ पञ्चमहाभूतको अभिव्यक्ति

पञ्चमहाभूतअन्तर्गत पृथ्वी, जल, तेज, वायु र आकाश गरी पञ्चतत्त्व पर्दछन् । वैदिक ग्रन्थमा पञ्चमहाभूतबाटै सृष्टिको सिर्जना भएको मानिन्छ । यसरी हेर्दा सम्पूर्ण पर्यावरण यसैबाट सिर्जित मानिन्छ । पर्यावरणलाई आधार बनाई साहित्यको निर्माण हुन थालेको पाइन्छ । यसैगरी नयनराज पाण्डेका उपन्यसहरूमा पनि पर्यावरणका आधारतत्त्व

पञ्चमहाभूतलाई प्रसङ्ग बनाइएको पाइन्छ । पाण्डेका उपन्यासमा मानवेतर पर्यावरणमा सम्बद्ध पञ्चमहाभूत अन्तर्गत देखिएका पर्यावरणीय अभिव्यक्तिहरूलाई साक्ष्यसहित तल विश्लेषण गरिएको छ :

> "असार महिना भनेर के गर्ने ! गर्मी जेठ-वैशाखभन्दा रत्तीभर पनि कम छैन ।" माटोको चुलोमा पत्थरकोइला थप्दै रामआधारले भन्यो । त्यसपछि उसले कित्लीबाट चिया उतारेर सिसाको गिलासमा हाल्यो । उसको निधारको एक थोपा पसिना तप्प चियामा खस्यो गिलासैमा । त्यही गिलास उसले महेश्वर काकालाई दियो । महेश्वर काकाले देखेको भए के खान्थ्यो । देखेन । त्यसैले ठूलै आवाजले चिया सुरूप्प पार्दै उसले पनि गर्मी सम्बन्धमा आफ्नो विचार प्रकट गऱ्यो, "हिजोअस्ति त बरू आकाशमा कताकतै टुक्राटाक्री बादलहरू देखिएका थिए । आज त त्यही पनि छैन । आकाशमा सूर्य भगवानको एकलौटी दादागिरी चलिरहेछ ।"....मैले पनि त्यतिबेला सूर्य भगवानतिर हेरेँ । मलाई त तात्तातो तेलमा वाइँय्य पारेको बडेमानको आलुचप जस्तै लाग्यो सूर्य । सूर्यले घाम हैन आगो ओकल्दै छ । यति भन्दै शनिचर चौधरीले पनि गिलासमा थिग्रिएको चिया चियापत्तीसहित मुखमा हाल्यो उसले सधैँ यसरी नै चिया खान्छ (पाण्डे, २०७२, पृ.२) ।

पर्यावरणीय तŒवहरूमा पर्ने पृथ्वी, जल, तेज, वायु र आकाशले पर्यावरणमा कतिसम्म असन्तुलन ल्याउन सक्छन् भन्ने कुरा प्रस्तुत उपन्यासको अंशमा उद्धृत साक्ष्यले सिद्ध गरेको छ । पृथ्वी तत्वले भौतिक आधार प्रदान गर्दछ, यहाँ माटोको चुलोको उल्लेखले पनि पृथ्वी तत्वको प्रयोग भएको देख्न सकिन्छ । चिया निमार्णका लागि पानी आवश्यक हुन्छ र चियामा पसिनाको थोपा झर्ने दृश्यले मानवीय असावधानी र गर्मीको चरम स्थितिलाई देखाउँछ । यहाँ माटोको चुलो, गाउँले जीवनशैली र श्रमजीवी वर्गको जीवनसंघर्षसँग जोडिएको छ । सूर्यले घाम मात्र नभएर आगो ओकल्दै छ भन्ने वाक्यले तेज तत्वको तीव्र असह्य प्रभाव देखाउँछ । रामआधारको चुलोमा पत्थरकोइला थप्नु पनि तेज तत्वको प्रयोग हो । तातो तेलमा झ्वाँइ पारेको आलुचप जस्तै सूर्यको उपमा पनि तेज शक्ति र मानवमा त्यसले पार्ने प्रभावलाई दर्शाएको छ । वायु तत्व सास फेर्न, ताप नियन्त्रण गर्न र वातावरणको चक्रमा महŒवपूर्ण हुन्छ । यो अंशमा वायुको प्रत्यक्ष उल्लेख छैन तर गर्मीको चरम अवस्था हुँदा वायुमणडलमा हावा नहुनु वा चलायमान नहुनु संकेत देखिएको

छ । आकाश तत्व सबैलाई समेट्ने, फैलन दिने तत्व हो । यसले अन्य सबै तत्वहरूको क्रियाशीलतालाई सम्भव बनाउँछ । बादल नदेखिनु, खुला आकाशमा सूर्यको प्रत्यक्ष उपस्थितिले आकाश तत्वको खालीपन र त्यसले ल्याएको अत्याधिक ताप संकेत गर्दछ । आकाशमा सूर्य तत्वको एकलौटी दादागिरी, भन्ने यो अंशले आकाश तत्वभित्र सूर्यको वर्चश्व देखाइन्छ । पञ्चमहाभूतको अन्तक्रिया र असन्तुलनले मानिसको जीवनमा  विभिन्न संवेदनात्मक तथा भौतिक असर पारिरहेको छ भन्ने कुराको स्पष्ट व्याख्या यो अंशले दिन्छ ।

पृथ्वीको तापक्रम बढेर जलवायु परिवर्तन भएकोले हरेक कुरामा असहजता सिर्जित भएको छ । यसले गर्दा असार महिनामा पानी पर्ने र बालीनाली लगाउने, फल्ने र पाक्ने समय फरक पर्ने हुँदै छ । कहिले बादल त कहिले असाध्यै गर्मी हुनुको पछि प्रकृतिका सामु कसैको केही लाग्दैन । भौतिक प्रकृतिका आश्रयमा जैविक प्रकृति निरिह हुनुपरेको स्थितिलाई माथिको सर्न्दभले अभिव्यक्त गरेको छ । पञ्चमहाभूतको असन्तुलनले पृथ्वी र पर्यावरणमा पर्ने नकारात्मक असरका बारेमा उपन्यासको प्रसङ्गले चित्रण गरेको पाइन्छ । असारको महिना वर्षा ऋतुको समयमा पानी अर्थात् जलप्रधान हुनपर्नेमा बादल नलागेकाले तेजप्रधान मौसम रहेकाले मानिसको जनजीवन प्रभावित बनेको प्रसङ्गलाई उपन्यासले उतारेको छ । जलतत्त्व र तेजतŒवबिचको असन्तुलनले जनजीवन बाँच्न कठिन हुने कुरा उपन्यासमा अभिव्यक्त भएको पाइन्छ । सूर्यलाई तातो तेलमा तारेको पकौडा देख्नु पनि पञ्चमहाभूतको असन्तुलनबाट सिर्जित मानवका विचारलाई पनि देखाउने प्रयत्न हो । जाडोयाममा न्यानो लाग्ने सूर्यको प्रकाश त्यस समयमा तातो तेलबाट निकालिएको पकौडा जस्तो लाग्नुले सूर्यको तेजप्रतिको मानव जातिको असन्तुष्टिको अभिव्यक्ति हो । यसले सूर्यको तेजतत्त्वको प्रधानताले वातावरणमा पञ्चमहाभूतको असन्तुलनलाई देखाई त्यसमा मानव जीवनलाई पारेको नकारात्मक प्रभावको अभिव्यक्ति उपन्यासमा इलैयाको संवादका माध्यमबाट भएको छ ।

> .... हो, गर्मीको त कुरा गरेर के साद्धे ! हाम्रो सबै रगत पसिना चुसेर लैजाला जस्तो ! बदमास केटाहरूले सिटी बजाए जस्तो सुइँय्य - सुइँय्यको उत्ताउलो र दिक्कलाग्दो ध्वनिसाथ पश्चिमबाट तीव्र गतिमा तातो हावा आइरहने गर्छ । लू चलिरहन्छ । बोटबिरुवाका छायाहरू धूपसित लड्दालड्दा लखतरान भएर जमीनमा फ्यात्त पसारिएका हुन्छन् । बाटोमा निस्कँदा आगोको भुङ्ग्रोमा हिँडेजस्तो अनुभूति

हुन्छ । अरू त अरू, सधैँ गाउँका सडक र गल्लीहरूमा बेमतलब र्‍याल काढ्दै लखरलखर हिँडिरहने दर्जनौँ मरन्च्याँसे भुस्याहा कुकुरहरू पनि बेपत्ता छन् । (पृ.४)

*लू* उपन्यासको प्रस्तुत अंशलाई मानवेतर पर्यावरण अन्तर्गत पर्ने पञ्चमहाभूत ( पृथ्वी, जल, तेज, वायु, आकाश) का आधारमा हेर्दा प्रकृतिको तीव्र, उग्र र प्रतिकूल रूपबाट मानव जीवनमा पर्ने असर र त्यसको चित्रणलाई देखाएको छ । तातो हावा (लू) र निर्जीव परिवेशको सजीव चित्रण गरेर वातावरणीय त्रास बढाएको कुरालाई पनि यहाँ अभिव्यक्त गरिएको छ । गर्मीको त कुरा गरेर के साद्धे, आगोको भुङ्ग्रोमा हिडेजस्तो अनुभूति हुन्छ जस्ता वाक्यहरूले अग्निको उग्रता र त्यसको प्रभाव दर्शाएको छ । अग्नि तापको कारक मात्र नभई जीवनमाथिको खतरा, असह्य परिस्थिति र मानिसको जीविकोपार्जनमा बाधक शक्ति बनिरहेको अवस्थालाई यहाँ देखाइएको छ । अग्निको उग्रतालाई माथिको अंशमा लूको रूपमा लिइएको छ, जसले मानिस र जीवजन्तु दुवैलाई जीवन संघर्षमा धकेलेको पनि प्रष्ट देखिएको छ । सिटी बजाएजस्तो सुइँय्य, सुइँय्यको उत्ताउलो र दिक्कलाग्दो ध्वनि, पश्चिमबाट तीव्र गतिमा तातो हावा आइरहने वाक्यले यहाँ वायुले प्राकृतिक लय गुमाएको देखिएको छ । यो अवस्था भनेको वातावरण असन्तुलनको अवस्था हो । यहाँ पनि वायु प्रदूषणले ताप र आक्रोशको वाहक बनेर वातावरणीय सन्तुलन भत्काइरहेको छ ।

प्रस्तुत अंशको मूल केन्द्रमा लू (तातो हावा) को वर्णन रहेको छ, जुन वायु तत्वको असहज रूप हो । लू चल्नु स्वयं तेज (ताप) र वायु तत्वको संयुक्त परिणाम हो । त्यस्तैगरी प्रत्यक्ष रूपमा पानीको उल्लेख नभएपनि रगत पसिना चुसेर लैजाला जस्तो भन्ने अभिव्यक्तिमा शरीरको जल तत्व सुक्दै गएको भाव व्यक्त छ । लू का कारण मानिस अत्याधिक पसिना आउने, शरीरको पानीको मात्रा घटाउने भएकोले जल तत्वको क्षयीकरण भएको कुरालाई देखाएको छ । बदमास केटाहरूले सिटी बजाएजस्तो भन्नाले आकाश तत्वभित्र बज्ने ध्वनि, लहर र कम्पनजस्ता सूक्ष्म तत्वगत गतिविधिहरूलाई संकेत गरिएको छ । आकाश तत्वले अन्य तत्वहरूलाई क्रियाशील हुने स्थान दिन्छ । प्रत्यक्ष रूपमा उल्लेख नभएपनि लू को प्रभाव अन्ततः पृथ्वीमा बसोबास गर्ने मानव जीवन, वनस्पति, जनावर र जमिन लगायतमा परिरहेको हुन्छ । लू लाग्दा माटो चिरा पर्छ, बाली सुक्छ, मानिस बिरामी पर्छन् यिनै प्रभावले पृथ्वी तत्वमाथि लू को अप्रत्यक्ष असर रहेको हुन्छ  भन्ने कुरा माथिको अंशबाट व्यक्त भएको छ । वायु र तेज तत्वको प्रधानता स्पष्ट देखिएको प्रस्तुत अंशमा

लूको रूपमा तातो हावा र त्यसले ल्याएको तापीय संकटले मानिसको दैनन्दिन जीवन, स्वास्थ्य र मनोविज्ञानमा असर पारेको छ । माथिको भनाइमा पनि तेजतत्वको प्रधानताका कारण लू चलेको र त्यसले मानिसको पसिना चुसेर लैजाला जस्तो बनाएको भन्ने अभिव्यक्तिले पर्यावरणमा पञ्चतत्त्वको असन्तुलन हुँदा मानव अस्तित्व मात्र नभई बोटबिरुवा जनावरको पनि अस्तित्व नै सङ्कटमा परेको विचार उपन्यासको माथिको अंशले प्रस्तुत गरेको छ ।

त्यस्तै पञ्चमहाभूतको *सल्लीपिर* उपन्यासमा अव्यक्त साक्षीलाई आधार बनाएर यसरी विश्लेषण गर्न सकिन्छ :

> त्यो वर्ष खुम्बुमा सही नसक्नु गर्मी थियो रे । मान्छेहरू गर्मीले आत्तिएर रून थालेका थिए रे । मान्छे रोएको देखेर आकाशमा उडिरहेका मलेवालाई माया लागेछ अनि मलेवा देवता कहाँ गएछन् । त्यतिखेर देउताहरू मही मथेर सेरगम बनाउँदै थिए । मलेवाहरूसित खुम्बुमा चिसो पठाइदिनु भनेर प्रार्थना गरेछन् । ...त्यही नौनी नै खुम्बुमा हिउँ भएर खस्यो । खुम्बुमा फेरि चिसो भयो । (पाण्डे २०७३ पृ.५)

*सल्लीपिर* उपन्यासको प्रस्तुत अंश नेपाली लोकविश्वास, मिथकीय चेतना र प्राकृतिक तत्वहरूको सजीव समन्वयन हो, जसले मानवेतर पर्यावरण अन्तर्गत पञ्चमहाभूत अर्थात् पृथ्वी, जल, तेज, वायु र आकाशको जीवनसँगको अन्तर्सम्बन्धलाई गहन रूपमा अभिव्यक्त गर्छ । त्यो वर्ष खुम्बुमा सही नसक्नु गर्मी थियो रे भन्नुले अग्नि तत्वले सामान्यतया उर्जा, ताप, जीवनदायी शक्ति जनाएको हुन्छ र यहाँ यसको अधिकता भएकोले जीवनका लागि सङ्कटपूर्ण देखिएको छ । मान्छेहरू गर्मीले आत्तिएर रुन थालेको अवस्थाले तेज तत्व असन्तुलनको स्थितिमा पुगेको देखाइएको छ । गर्मीले आत्तिएर मान्छेलाई नै रुने अवस्थामा पुऱ्याउनु शारीरिक र मानसिक रूपमा आक्रान्त बनाउनु हो । यो प्राकृतिक असन्तुलनका कारण देखा परेको सामाजिक असर पनि हो । यहाँ पीडाबाट मुक्त हुन मानिसले अश्रु (पानी) मा आश्रय लिएको देखिन्छ, जसले तत्वको भूमिका निम्त्याउँछ । मान्छे रोएको देखेर आकाशमा उडिरहेका मलेवालाई माया लागेछ यस वाक्यले आकाश केवल शून्य नभई संवेदनशील साक्षी बनेको छ । आकाशमा उडिरहेका मलेवा पंक्षी हावामार्फत् चल्ने वायुतत्वमा विचरण गर्ने जीव हुन् । यिनीहरूको देवतासम्म पुग्ने मार्ग वायु र आकाशतत्वमार्फत सम्भव भएको देखिन्छ । मलेवा आकाशमा रहेर मानव पीडालाई देखेको

वा महसुस गरेको कुरा देवतासमक्ष सन्देशवाहकका रूपमा पुगेको कुराले आकाशलाई सांस्कृतिक रूपमा संवादको पुल बनाएको छ, जहाँ मान्छे र देवता (प्रकृति) बीचको सम्बन्ध जोडिएको हुन्छ । मलेवाको देवतासँगको प्रार्थनापछि खुम्बुमा चिसो आइपुग्नुले वायुमण्डलीय परिवर्तनको संकेतलाई पनि अनुच्छेदमा स्पष्ट पार्न खोजेको छ । यहाँ नौनी हिउँमा परिणत भएको छ, जसले जलतत्वको स्वरूपलाई देखाएको छ । गर्मीले बिथोलिएको वातावरणमा जलतत्वले शान्ति ल्याएको छ । हिँउ चिसो र सन्तुलन ल्याउन प्रयोगमा आएको छ । चिसोको आगमनले वायुतत्वको सन्तुलनलाई पुनस्थापित गर्छ जसले गर्मीले बिग्रिएको तत्वचक्र पुनः स्थायीत्वतर्फ गएको कुरालाई देखाउँछ । यहाँ वायुतत्वले जीवनमा सन्तुलन फर्काउने कारकको रूपमा कार्य गरेको छ ।

प्रस्तुत अंशमा खुम्बु नामक क्षेत्रले हिमाली भेगलाई बुझाँएको छ । हिमाली भेग विशेषतः पृथ्वी तत्वसँग जोडिएको छ । गर्मीले पृथ्वीलाई जतिसुकै आक्रान्त पारेपनि जब हिउँको प्रवेश भएपछि पृथ्वीमा सन्तुलन फर्किएको देखिन्छ । फेरि चिसो भयो, भन्ने वाक्यले प्रस्तुत अनुच्छेदमा पृथ्वीले पुनः आफ्नो स्वभाविक अवस्थालाई पर्याप्त संकेत गरेको छ । खासमा पञ्चमहाभूत मानिएका पृथ्वी, जल, तेज, वायु र आकाश हुन् । अनुच्छेदका आधारमा तेजले सहन नसक्ने गर्मीलाई बुझाउँन खोजेको छ, जुन तापको असन्तुलनको अवस्था हो । वायुको धारबाट नियाल्दा मलेवाको जोडी हावाको वेगसँगै गतिशील बनी सञ्चार गर्ने गरेको स्पष्छ. हुन्छ । त्यस्तै आकाश तत्वका कारण देवता र मलेवाको अर्न्तक्रिया भएको कुरालाई सूचना र प्रार्थनाका आधारमा पुष्टि गरेको छ । यहाँ जलतत्वलाई नौनी र हिउँसँग जोडेर पर्यावरणको सन्तुलन कायम गर्न खोजिएको अर्थात् गर्मीलाई चिसोमा रूपान्तरण गर्न खोजेको देखाइएको छ । त्यस्तै अनुच्छेदका आधारमा हेर्दा पृथ्वी तत्वलाई खुम्बुसँग जोडेर त्यहाँको भूभागसँग सन्तुलन गरिएको छ । पञ्चमहाभूतको सूक्ष्म अन्तरसम्बन्धलाई पौराणिक कल्पनाशीलता र मानव प्रकृति सम्बन्धका माध्यमबाट अन्यन्त प्रभावकारी रूपमा प्रस्तुत गरेको छ । जब कुनै तत्व असन्तुलित हुन्छ, अन्य तत्वहरूको समन्वयनद्वारा नै वातावरणमा पुनः सन्तुलनको स्थिति सम्भव भएको देखाइएको हुनाले पञ्चमहाभूतको पारिस्थितिक सिद्धान्त यही भएको स्पष्ट हुन्छ ।

*उलार* उपन्यासका आधारमा मानवेतर पर्यावरण अर्न्तगत पर्ने पञ्चमहाभूको साक्षीलाई यसरी दखाइन्छ : त्यै रात पानी पनि खुब जोरले परेको थियो । घर भत्क्यो ।

(पाण्डे, २०६५, ५४) *उलार* उपन्यासको प्रस्तुत अंशका आधारमा पानी पनि खुब जोरले परेको थियो भन्ने वाक्यबाट जल तत्वको तीव्रता देखा परेको छ । पानी सामान्यताया जीवनदायिनी हुन्छ तर यहाँ अत्याधिक पानी पर्नुले विपत्ति निम्त्याएको छ । जलको यही विपरित प्रभावले प्राकृतिक सङ्कट निम्त्याएको छ । यो मानवेतर पर्यावरणको असन्तुलनको संकेत हो । घर भत्क्यो भन्ने वाक्य पृथ्वी तत्वसँग सम्बन्धित रहेको छ । घरको भौतिक संरचना पृथ्वी तत्वको प्रतीक हो, जसले सुरक्षा दिन्छ । यहाँ वर्षाले (जल तत्वको उग्र प्रभावले) पृथ्वीमा रहेका संरचना भत्किएर प्राकृतिक विपद् परी मानवीय जीवनमा असर परेको अवस्थालाई देखाइएको छ । भारी वर्षाको सन्दर्भमा वायु र आकाश तत्व पनि अप्रत्यक्ष रूपमा संलग्न भएको छन् । वर्षा हुनुमा वायुमण्डलीय परिवर्तन र आकाशीय घटक जिम्मेवार भएको देखाइएको छ । आकाश र वायुको असामान्य अवस्था (बादल लाग्न, आँधी हुनु) वर्षा निम्त्याउने कारक भएका छन् । घर भत्किनुजस्तो घटना केवल व्यक्तिगत पीडा मात्र होइन, व्यापक रूपमा वातावरणीय सन्तुलन बिग्रिनुको संकेत हो । यो दृश्यले विकास, संरचना र वासस्थानप्रतिको मानवीय दृष्टिकोणलाई प्रकट गरेको हुन्छ । प्रकृति आफ्नै रूपमा प्रस्तुत भए मानवीय संरचनामा आघात परेको कुरालाई यहाँ देखाउन खोजिएको छ । यहाँ जोरले पानी परेको थियो, घर भत्क्यो भन्ने अंशबाट पञ्चमहाभूतको सन्दर्भमा हेर्दा विशेषगरी जल र पृथ्वी तत्वको अन्तर्क्रिया र त्यसको प्रभाव परेको देखिन्छ । मानवेतर पर्यावरण (प्रकृति) शक्ति र नियन्त्रणको रूपमा देखिएको छ, जसले मानवीय जीवनलाई प्रभावित गरेको छ ।

*उलार* उपन्यास नेपालको ग्रामीण समाजको यथार्थ चित्रण गर्ने एक यथार्थपरक कृति हो, जसमा गरिबी, विस्थापन र प्रकृतिको चित्रण गरिएको छ । प्राकृतिक शक्तिले मानवीय जीवनमा पर्ने प्रभावलाई अत्यन्त सजीव रूपमा चित्रण गरेको छ । यस अंशको विश्लेषण गर्दा हामीले हिन्दू दर्शनमा उल्लिखित पञ्चमहाभूत : पृथ्वी, जल, तेज, वायु र आकाशको कुरालाई आधार प्रशस्त मात्रामा भेटिएको छ । माथिको उपन्यासको अनुच्छेदमा पञ्चमहाभूतको दृष्टिकोणले हेर्दा पृथ्वी, जल, तेज, वायु र आकाश तत्वहरूको असन्तुलनले मानवीय जीवनमा पार्ने विनाशकारी प्रभावको मार्मिक प्रस्तुतीलाई उल्लेख गरिएको छ । यसले मानवेतर पर्यावरणको शक्तिले मानव जीवनलाई नै असहज ल्याउन सक्छ भन्ने कुरालाई पनि यथार्थपरक ढंगले उल्लेख भएको पाइन्छ ।

### २.४.२ पशुपक्षी र बोटबिरुवाको अभिव्यक्ति

पशुपक्षी र बोटबिरुवाहरू पर्यावरणका अंश हुन् त्यसैगरी ती पशुपक्षी र बोटबिरुवा पर्यासाहित्यका पनि अंश हुन् । नेपाली उपन्यासमा पशुपक्षीलाई पात्रका रूपमा समेट उपस्थित गराई साहित्यको रचना भएको पाइन्छ भने कुनै उपन्यासमा तिनीहरूको न्यून उपस्थिति गराइएको हुन्छ । नयनराज पाण्डेका उपन्यासमा मानवेतर पर्यावरणमा सम्बद्ध पशुपक्षी र बोटबिरुवा अर्न्तगत देखिएका पर्यावरणीय अभिव्यक्तिहरूलाई साक्ष्यसहित विश्लेषण गरिएको छ ।

> मोहनलाल कुम्हाल भने यसै पनि चुपै थियो । ऊ 'बको ध्यानम्'को मुद्रामा थियो । उसलाई न गर्मीको मतलब हुन्छ न बर्सातको । खेतीपाती भए पो ! जमीन एक धुर पनि छैन । बस, बास बस्ने एउटा छाप्रोसम्म छ । ऊ माटोको मूर्ति बनाउने काम गर्छ । असार साउनदेखि नै उसले दशहराको लागि दुर्गाको मूर्ति बनाउने काम थाल्छ । मेरा बुवाले भन्नुभएको, पोहोर ऊ एक्लैले दुर्गा माताका मूर्तिहरू बनाएरै बीस हजार कमाएको थियो रे । यसपालि पनि उसले प्रशस्त अर्डर पाएको छ । त्यसैले जीवन धान्न उसलाई अरूलाई भन्दा केही सहज छ । यतिखेर अरूले बर्सातको चिन्ता गरिरहँदा ऊ भने गम्छाले पसिना पुछ्दै यसपालि हुने आम्दानीको हिसाब-किताब गर्दै थियो । .... हो, गर्मीको त कुरा गरेर के साद्धे ! हाम्रो सबै रगत पसिना चुसेर लैजाला जस्तो ! बदमास केटाहरूले सिटी बजाए जस्तो सुइँय्य - सुइँय्यको उत्ताउलो र दिक्कलाग्दो ध्वनिसाथ पश्चिमबाट तीव्र गतिमा तातो हावा आइरहने गर्छ । लू चलिरहन्छ । बोटबिरुवाका छायाहरू धूपसित लड्दालड्दा लखतरान भएर जमीनमा फ्यात्त पसारिएका हुन्छन् । बाटोमा निस्कँदा आगोको भुङ्ग्रोमा हिँडेजस्तो अनुभूति हुन्छ । अरू त अरू, सधैं गाउँका सडक र गल्लीहरूमा बेमतलब र्याल काढ्दै लखरलखर हिँडिरहने दर्जनौं मरन्च्याँसे भुस्याहा कुकुरहरू पनि बेपत्ता छन् । गर्मी र गाउँलेहरूबीच चलिरहेको संघर्षमा गाउँलेहरू असहाय भएर पराजित हुने स्थितिमा पुगिसकेका छन् । बजरङ्गीको बाउ भिखारीले पोहोर परार जस्तै यस पटक पनि भन्यो, "मैले त यसपालिको जस्तो गर्मी कहिले पनि महसुस गरेको थिइनँ । अनि यस्तो तातो पछुवा (पश्चिमी हावा) पनि पहिले कहिले चलेको थिएन ।" उनीहरूको आकाशतिर पनि हेरे । उनीहरूले हेरेपछि मैले पनि

हेरेँ । हो त, आकाश पूरै सुनसान थियो । टाढाटाढासम्म पनि चराचुरूङ्गीको नामनिसानै थिएन । (पाण्डे, २०७२ पृ. ३-४)

प्रस्तुत नयनराज पाण्डेको *लू* उपन्यासको अंशमा पनि तातो हावाका कारण कुकुरहरू, चराचुरुङ्गीहरू, बोटबिरुवाका लगायतको तहसनहस भएको छ । समाजमा फरक फरक जातजातिका मानिसहरूको बसोबास हुने गर्दछ, जसमा जातजातिअनुसार प्रायः छुट्टाछुट्टै पेशा अपनाउने पनि गर्दछन् । नेपाली समाजमा विशेषतः कुमाल जातिका मानिसहरू माटोबाट विभिन्न प्रकारका भाँडाकुडा लगायत मूर्तिहरू बनाउने काम गर्दछन् प्रस्तुत कुरालाई पनि माथिको अनुच्छेदमा जातिय पर्यावरणलाई अभिव्यक्त गरेको देखिन्छ ।

मानवेतर पर्यावरणका तत्त्वहरूमा पृथ्वी, जल, तेज, वायु, आकाश, चराचुरुङ्गी जस्ता अनेक रहेका हुन्छन् । मानव जाति गर्मीका पछाडि केही गर्न सकेको छैन । निरिह हुनुपरेको छ, मानव जस्तोसुकै पर्यावरणमा पनि मानव अडिक रहनु नै पर्छ । जतातत्तै ढकमक्क फुलेका निख्खर सेतो कपासे फूलले वातावरणलाई पूरै उज्यालो बनाएको थियो । पर्यावरणीय सुन्दरता आफैमा व्यक्तिका मनमष्तिकमा भएका हरेक पीडा, व्यथाहरू भुलाउने माध्यम हो । पर्यावरणलाई शोभायमान बनाउने फूलले मानिसको दृष्टिलाई नै मोहक बनाइदिन्छ । प्रकृतिको सुन्दरताले हरेक मानिसको मनमा उमङ्ग र शान्ति ल्याउने काम गर्छ । मनमोहक बनाउने र उज्यालो बनाउने सेतै फूलेको प्रकृतिको उपहारले पर्यावरणको अस्तित्व बचाइराखेको देखिन्छ ।

माथिका अंशमा चराचुरुङ्गी, कुकुर आदि वातावरणमा नदेखिनुको कारण गर्मी बढ्नुलाई भनिएको छ । मानिसका प्रकृतिबिरुद्धका कियाकलापका कारण पृथ्वीमा दिनप्रतिदिन गर्मी बढ्दै गएको र यसले पशुपक्षी लगायत बोटबिरुवालाई समेत नकारात्मक असर पारेर अस्तित्व सङ्कटमा पारेको अवस्थालाई साङ्केतिक रूपमा उपन्यासमा अभिव्यक्ति पाण्डेका उपन्यासमा व्यक्त गरिएको छ ।

*सल्लीपिर* उपन्यासमा पेमाले गाउँमा छिमीले गुनगुनाइँरहने गीतलाई साक्षीका रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चौरी डुलाउँदै जब आफ्नो दुख बिर्सिएर गोठालाहरू हाँस्छन्
उनीहरूसँगै सुसाउँदै हाँस्छन् सल्ला पनि

र गीत भएर भुइँमा खस्छन् *सल्लीपिर* र सिम्टाहरू ।

उफ्रीउफ्री हाँस्छ रातो हाब्रे,

उसको हाँसो पनि गीत बन्छ ।

आकाशमा बत्तिँदै हाँसेका मुनाल र चिमलका मुस्कान पनि गीत बन्छन्

निगाला पनि कति मज्जाले मस्किन्छन् गीत गाउँदै

उत्तिस, चिमल र लालीगुराँस पनि हावामा हल्लीहल्ली हाँस्छन् । (पाण्डे, २०७२ पृ. ५६)

*सल्लीपिर* उपन्यासमा पेमाको गाउँमा छिमीले गाएको प्रस्तुत उपन्यासको अंश गीतको माध्यममा आधारित रहेको छ । गोठालाहरू हाँस्दा सल्ला पनि हाँस्छ भनी प्रस्तुत भएको माथिको अंशले बोटविरुवा पनि मानिसको भावना बुझ्ने, त्यससँग सजीव भावनात्मक सम्बन्ध राख्छन् भनेर देखाइएको छ । *सल्लीपिर*, सिम्टा, निगालो, उत्तिस, चिमल, लालीगुराँस वनमा पाइने वनस्पतिहरू हुन् । मानववेतर पर्यावरणअन्तर्गत पर्ने बोटविरुवा जस्तै : सल्ला, सिम्टा, निगालो र पशुपक्षीमा रातो हाब्रे, मुनाल, चिमललाई गीत र हास्यको भावमा जीवित रूपमा प्रस्तुत गरिएको छ । यो पारिस्थितिक साहित्यको उत्कृष्ट उदाहरण पनि हो । यहाँ उफ्रीउफ्री हाब्रे हाँस्नुले चञ्चलता र रमाइलोपन त्यस्तै हाँसो पनि गीत बनेको सांगीतिक रूपले वातावरण नै मनोरञ्जनमूलक भएको पुष्टि हुन्छ । जब प्रकृति शुद्ध, शान्त र सन्तुलित हुन्छ, तब पशुपक्षीहरू स्वतन्त्र र आनन्दित जीवन बिताउन सक्छन् । यस्तो सहअस्तित्वले जैविक विविधता कायम राख्न मद्दत गर्छ । जीवजन्तुहरूको उपस्थिति वातावरणीय सन्तुलन, परागसंक्रमण, कीट नियन्त्रणजस्ता कार्यमा अत्यन्त प्रभावकारी हुन्छ । त्यसैले उपन्यासको यो अंशले पशुपक्षीहरूप्रतिको संवेदना र संरक्षणको सन्देश दिन्छ, जुन समग्र वातावरणीय संरक्षणमा सहायक हुन्छ । यहाँ वर्णित सल्ला, सिम्टा, *सल्लीपिर*, निगालो, उत्तिस, चिमल र लालीगुराँस जस्ता बोटविरुवाहरू वातावरणीय सन्तुलनका आधारशिला हुन् । सुसाउँदै हाँस्नु, हल्लीहल्ली हाँस्नु, जस्ता शब्दहरूले बोटविरुवालाई मानवीय भावनासँग जोडिएको जीवित अस्तित्वका रूपमा प्रस्तुत गरिएको छ । यस्ता वनस्पतिहरूले जलवायु सन्तुलन कायम राख्न, माटोको क्षय रोक्न र अक्सिजन उत्पादन गर्न महŒवपूर्ण भूमिका खेल्दछन् । यहाँ बोटविरुवाको सौन्दर्य र प्रभावलाई अनुभव गराइएको छ, जसले पाठकहरूमा प्रकृतिप्रतिको सम्मान र संरक्षणको चेतना जागृत गराउँछ । यस्तो भावनात्मक सम्बन्धले वनविनाश रोक्न, वृक्षारोपण बढाउन र हरित

आवरण सुरक्षित राख्न उत्प्रेरणा दिन्छ । प्रस्तुत अंशले मानव र प्रकृतिबिचको सहजीवनलाई देखाउँछ । जब पशुपक्षी र बोटविरुवाहरू खुसी, स्वतन्त्र र जीवित हुन्छन्, त्यो वातावरण हराभरा, स्वच्छ र सन्तुलित हुन्छ । यस्ता साहित्यिक चित्रणले मानिसमा प्रकृतिप्रतिको आत्मीयता बढाउँछ, जसले संरक्षणको भावना विकास गर्न मद्दत गर्छ साथै यस्तो भावनात्मक र पर्यावरणीय चेतनाले जैविक विविधता, वातावरणीय नीतिमा सहकार्य र दिगो विकासमा सकारात्मक प्रभाव पारेको हुन्छ ।

प्रस्तुत अंशमा उल्लेख भएअनुसार वनस्पतिहरू उपयुक्त वातावरण भएको कारणले फस्टाइरहेका छन् । प्राकृतिक पानी, उर्वर माटो र उपयुक्त तापमानले बोटविरुवाको प्राकृतिक रूपले वृद्धि गर्न मद्दत गर्छ । यहाँ विभिन्न जातका बोटविरुवाहरूले वन क्षेत्रको जैविक विविधता कायम राखेका छन्, जसले स्वस्थ वातावरणको संकेत गरेको छ । वनस्पतिहरूले कार्बनडाइअक्साइड सोसेर अक्सिजन उत्सर्जन गर्ने भएकोले हावा शुद्ध पारेर पनि वातावरण प्रतिकूल हुनबाट जोगाएको कुरालाई माथि अंशमा चित्रण गरिएको छ ।

## २.५ पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरणको सम्बन्धगत अभिव्यक्ति

नयनराज पाण्डेका उपन्यासमा मानव पर्यावरण र मानवेतर पर्यावरणको सम्बन्ध अर्न्तगत पर्ने आधारहरूलाई देहायबमोजिम रूपमा साक्ष्यसहित पर्यावरणीय विश्लेषण गरिएको छ । पाण्डेका उपन्यासका मानव र मानवेतर पर्यावरणको सम्बन्ध विभिन्न आधारबाट सिर्जना भएको देख्न सकिन्छ । जसमा *सल्लीपिर* उपन्यासमा अभिव्यक्त भएको उदाहरणलाई यसरी स्पष्ट पार्न सकिन्छ :

> "खुम्बु आइसफलमा बाटो बनाइसकेपछि उनीहरू क्याम्प वान र त्यसपछि क्याम्प टुतिर लागे । बाटोबाटोमा डोरी बाँध्दै गए र भऱ्याङ पनि मिलाउँदै गए । केहीबेर अघिसम्म सामान्य स्थितिमा रहेको मौसम एकाएक तीव्र गतिमा बिग्रन थाल्यो । बतासको गति अनियन्त्रित हुन थाल्यो । अघिसम्म अलिअलि खुलेको आकाशमा बाक्लो बादल धुम्मिन थालेको थियो । ग्याल्जेनको मनभित्र त्यतिबेलै चिसो पसिसकेको थियो । ऊ पटकपटक नोर्बुतिर हेर्थ्यो । अनुभवी नोर्बुको अनुहारमा डर त थिएन तर, हतारमा भने थियो ऊ पनि । होसियार हुनुपर्छ अब । कतिबेला हिउँको पहिरो जान्छ भन्न सकिन्न यहाँ । अलिकति पनि होस हरायो भने हिउँमा चिप्लिन पनि सकिन्छ (पाण्डे, २०७३, पृ. ८६) ।"

मानवेतर पर्यावरणका स्रोतहरूमा पर्ने आकाश, वायु र हिमाली भेगलाई पनि यहाँ प्रस्तुत गरिएको छ । मानव जीवनसँग पर्यावरणको असन्तुलन भएको अवस्थामा त्रास फैलिने कुरालाई उपन्यासको अंशले प्रस्तुत गरेको छ । प्रकृति कतिबेला कुन अवस्थामा रहन्छ कसैले बुझ्न सकिदैन । प्रकृतिसँग मानवले सचेत भएर अगाडि बढ्नुपर्छ । प्रकृति अनियन्त्रित भएको अवस्थामा मानवलाई समस्या सिर्जना हुन्छन् तसर्थ समयमा नै मानवले सचेतता अपनाउनुपर्छ भन्ने विचार उपन्यासको घटनाबाट अभिव्यक्त भएको पाइन्छ ।

मानव र मानवेत्तर पर्यावरण एकआपसमा जोडिएका हुन्छन् । त्यही हिउँ पग्लेको नदीको पानी पिएर बाच्ने मानवका लागि हिउँ वरदान हो तर त्यही हिउँको पहिरोमा पुरिएर पनि ज्यान जान सक्छ । मानवेत्तर पर्यावरणले मानिसलाई सहज बनाएको हुन्छ तर माथिको अंशमा नोबूलगायत पात्रहरू पर्वतारोहणका प्रक्रियामा छन् । मानिसले प्रकृतिलाई जित्न विभिन्न प्रयासहरू गर्ने गरेको देखाइएको छ । पर्वतारोहरण पनि त्यसैको एउटा उदाहरण हो । यसै क्रममा विभिन्न प्राकृतिक विपत्ति आउन सक्ने र ज्यानै जान सक्ने अवस्थालाई देखाउँदै इतिहासमा जस्तै मानिस चेतनाका कारण होसियार भएका खण्डमा प्राकृतिक अर्थात् मानवेत्तर पर्यावरणलाई समेत जित्न सक्ने विचार नाटकका घटना र संवादका माध्यमबाट प्रस्तुत भएको पाइन्छ ।

> इन्डियाले लक्ष्मणपुरमा बनाएको कलकलवा तटबन्धले गर्दा नालाहरूको निकास थुनिएको हो । त्यसैले यताको पानी बगेर जान पाएन ... पानी गाउँमै जम्न थालिहाल्यो । त्यसमाथि आकाशबाट पनि तीन दिन चार रातदेखि लगातार मुसलधारे पानी परिरहेको थियो । जता हेऱ्यो त्यतै पानी । गाउँमा समुन्द्र नै उर्लेर आए जस्तो भएको थियो । हेर्दाहेर्दै पूरा गाउँ डुबानमा पऱ्यो । पत्थरपुरवा त समुन्द्रको बीचको टापु जस्तो पो भयो । मेरो माटोको घर गर्ल्यामगुर्लुम ढल्यो । भैँसीहरू पनि मरे । हाम्रो पनि मर्ने बाँच्ने ठेगान थिएन । ... प्याकेट टिप्न खोज्दा मेरा बुवा पानीमा बग्नुभयो र मैले हेर्दाहेर्दै बेपत्ता हुनुभयो । त्यस साल धान पनि गजबले सप्रिएको थियो पचास हजारको धान बेचुँला भन्ने लागेको थियो मलाई । तर बाढीले सारा गाउँको धान बाली सखाप भयो । मेरो दुई बिघाको उब्जाउ खेतमा बालुवैबालुवा थुप्रियो (पृ.९९) ।

माथिको अनुच्छेदमा प्रकृतिको विनाशले वर्तमान अवस्थामा मानिसहरूले अनेक तवरका उतारचढावहरू खेप्नुपरेको छ । मानिस स्थानीय प्रकृतिका स्रोत र साधनमा रमाएर प्राकृतिक जीवनशैली अपनाएका हुन्छन् । आधारभूत र प्राकृतिक मनोरममय जीवनयापनका लागि हावा, पानी, माटो, वनजङ्गल, नदीनाला, जीवजन्तु, चराचुरुङ्गीसँग मानिसको निकटतम् सम्बन्ध रहेको हुन्छ । यस्ता वस्तुहरूको समुचित प्रयोग हुन नसक्दा निकास थुनिनु, पानी जम्नु, बाढी पहिरो जानु, बालीनाली सखाप हुनु, गाउँ डुबानमा पर्नु र मानिस लगायत अन्य पशुपक्षीहरू मृत्युको मुखमा पुग्नु लगायतका अन्य समस्याहरू पनि पर्यावरणीय सङ्कटका कारण निम्तिएका हुन्छन् ।

पाण्डेको उपन्यासको उल्लिखित उधृतांशले पर्यावरणीय चक्रलाई प्रतिकूल बनाउने दुष्कर्म मानवबाट भइरहेको भाव व्यक्त भएको छ । पानीको समुचित तवरले निकास नहुँदा कतिसम्म मानवलगायत अन्य पशुपक्षीहरूलाई कष्टकर स्थिति सिर्जना हुन्छ भन्ने कुरा प्रकटित छ । पर्यावरणप्रति मान्छेको नैतिक जिम्मेवारी र विवेकसम्मत व्यवहार हुन नसक्दा प्राकृतिक प्रकोपका कारण सारा गाउँ नै तहसनहस हुन जान्छ भन्ने आक्रोश प्रस्तुत अनुच्छेदले पोखेको छ ।

> गाउँदेखि दक्खिनका ओडारहरूमा चितुवाको पिसाबको गन्ध आएको छ । त्यतै वरपर पाइतालाको छाप पनि देखिएको छ । अब होसियार हुनुपर्छ । गाउँभन्दा अलि पर मालिङ्गोको बाक्लो घारी थियो । त्यहाँ मालिङ्गो टुसाउन थालेदेखि भालुहरूको ओहोरदोहोर पनि निक्कै बढेको थियो । मालिङ्गो घारीभित्र पसेर स्वाद मानीमानी टुसा खाइरहेका जब्बर भालुहरूले छेउछेउमा कतै मान्छे देख्यो कि जाइलाग्थे (पाण्डे, २०७३, पृ. १२९) ।

मानव, पशुपक्षी, वन्यजन्तु, बोटबिरुवा, झारपात लगायतका सबै चीजहरू पर्यावरणमा नै निर्भर रहेका हुन्छन् । वनजङ्गलमा वन्यजन्तुहरू बसोबास गर्दछन् । वन्यजन्तुहरू आफू बाँच्नका लागि पनि पर्यावरणमा निहित भएका हुन्छन् । कुनै वन्यजन्तुहरू घाँसपात खाने गर्दछन् भने कुनै वन्यजन्तुहरू अरू कुनै वन्यजन्तुकै आहारा बनाइरहेका हुन्छन् । आफू बाँच्नका लागि एकअर्कामा निर्भर हुनु पनि पारिस्थितिक पर्यावरणसँग जोडिन आउँछ । भौतिक वातावरणबिना जीवहरूको अस्तित्व कल्पना गर्न पनि सकिदैन । पर्यावरणीय सैद्धान्तिक समालोचनाका आधारमा प्रकृतिका वनस्पति जगत्, प्राणी

जगत् र समग्र स्थावर जगत्को समुपस्थिति सन्तुलनका आधारमा मात्र संसारको सञ्चालन प्रक्रियाले निरन्तरता प्राप्त गर्न सक्छ भन्ने कुरालाई माथिको साक्ष्यले चित्रित गरेको छ ।

> काठमाडौँकै जस्तो ठूलो गुम्बाको लामा होस् ऊ । उसले चिनाओस् गाउँका सबै बालकलाई अक्षर र सबैले कुद्न सकून् गाउँका हरेक निर्जीव ढुङ्गाहरूमा ओम माने पेमे हुँ । तिनै ढुङ्गामा आएर बास बसून् चिलिमे चरा, डाँफे, मुनाल र हिमाली हाँसहरू । तिनै ढुङ्गाका कापकापमा फुलोस् बुकी फूल र त्यसको मगमग बास्ना फैलियोस् गाउँभरि । सधैँ उसले पहेँलो बुकीफूल टिपेर ध्यानमग्न भएर किताब पढिरहेको फुर्वाको भुवादार सेमुङभित्र सिउरिन पाइरहोस् । आहा ! त्यसपछि मुस्कुराउनेछ फुर्वा । उसको मुस्कानले अँध्यारो घर फेरि धपक्क बल्नेछ । अनि फेरि फुल्नेछन् पेमाको मनभरिभरि हजारौँ तोङमरहरू । हजारौँ लालीगुराँसहरू (पाण्डे, २०७३, पृ. १७१) ।

*सल्लीपिर* उपन्यासको उद्धृत अंश मानव र मानवेतर पर्यावरणको सम्बन्धबारे भावुक, सौन्दर्यात्मक र संवेदनशील चित्रण हो । यहाँ गुम्बाको लामा, गाउँका बालक, चरा, ढुङ्गा, फूल, बास्ना, किताब यी सबै तत्वहरू एकै संरचनाभित्र समेटिएका छन् । यसले मानव (फुर्वा, लामा, बालक) र प्रकृति (ढुङ्गा, चरा, फूल) सँगसँगै बाँचिरहेको देखाएको छ । यहाँ ढुङ्गामा कुदिएको मन्त्र (ओम मानेपेमे हुँ) ले संकेत गर्छ कि प्रकृतिमा अध्यात्म घुलमिल भएको छ । ढुङ्गाजस्तो निर्जीव वस्तुमा समेत अध्यात्मको जीवनस्रोत भरिने चाहनाले प्रकृति मानवीय चेतना र संस्कारको अङ्गका रूपमा पनि चिनिन आउँछ । बुकी फूलको बास्ना गाउँभरि फैलनु भनेको प्रकृति गाउँको जीवनशैलीमा समाहित भएको छ भन्ने बुझाउँछ । यसले मानवेतर जीवनलाई पनि आत्मीयता र अस्तित्वको महŒव दिएको देखिन्छ । फुर्वाको मुस्कानसँगै अँध्यारो घर धपक्क बल्ने चित्रणले मानवीय संवेदना र प्रकृतिको अन्तर्सम्बन्ध दर्शाउँछ । प्रस्तुत अंशमा बुकीफूल, लालीगुराँस, तोङमर जस्ता प्राकृतिक प्रतीकहरूले मानिसको मनस्थितिमा सकारात्मक असर पारिरहेको छ । फूलहरू फूल्नु, तिनको बास्ना फैलिनु यी सबै दृश्यहरूले मानिसको चेतनामा आनन्द, प्रेरणा र आशा जगाउछन् भन्ने कुरालाई पनि स्पष्ट पारेको देखिन्छ । ओम माने पेमे हुँ ढुङ्गामा कुदिनु सांस्कृतिक चेतना प्रकृतिमा अंकित हुनु हो भने फुर्वाको ध्यानमग्नता र पुस्तकप्रेम पनि प्रकृतिसँग लयबद्ध

भएको हुनाले गुम्बा, लामा, मन्त्र, ध्यानमग्नता बौद्ध धर्मका सांस्कृतिक पक्ष हुन् । यी पक्षहरूलाई नै प्रकृतिसँग जोडेर प्रस्तुत गरिएको छ ।

साहित्यले मानवीय जीवनका पक्षहरू मात्र नभएर मानव र प्रकृतिबीचको अन्तरसम्बन्धलाई पनि गहिरो तरिकाले प्रस्तुत गर्छ । त्यस्तै यहाँ *सल्लीपिर* उपन्यासको प्रस्तुत अंशमा पनि मानव र मानवेतर पर्यावरणबीचको सहअस्तित्व, सौन्दर्य, अध्यात्म र संवेदनालाई अत्यन्त सजीव रूपमा चित्रित गरिएको छ । यहाँ चिलिमे चरा, डाँफे, मुनाल र हिमाली हाँसजस्ता जीवजन्तुहरूको ती ढुङ्गामै बास बस्ने कल्पनाले प्रकृति र जीवजन्तुबीचको जैविक सहअस्तित्वको महŒ्व देखाउँछ । यहाँ मानवेतर पर्यावरण कुनै पृष्ठभूमि मात्र नभई सक्रिय सहचरको रूपमा प्रस्तुत छ । ढुङ्गाका कापकापमा फुल्ने बुकीफूल र त्यसको बास्नाले गाउँ नै सुगन्धित बनाउने दृश्यले फूल, सुगन्ध, ढुङ्गा गाउँबीचको भावनात्मक सम्बन्धलाई देखाएको छ । यहाँ फुर्वाले पहेँलो बुकीफूल टिपेर ध्यानमग्न भएर किताब पढ्ने दृश्यले मान्छेको मानसिक शान्ति र चेतनाको उचाइमा प्रकृतिले पुऱ्याउने भूमिकालाई देखाएको छ । अनुच्छेदमा उसको मुस्कानले अँध्यारो घर धपक्क बल्नेछ, भन्ने वाक्यले व्यक्ति मात्र नभई सम्पूर्ण घर परिवारको उज्याले प्रकृतिबाट नै सम्भव छ भन्ने कुरालाई पुष्टि गरेको छ । त्यस्तै मुस्कानको विस्तार पनि पेमाको मनभरि फुल्ने हजारौँ तोङमर र लालीगुराँस हुँदै प्रकृतिको सौन्दर्य र प्रेमभावनासँग गाँसिएको छ । प्रकृति मानिसको चेतना, संस्कार, अध्यात्म, सौन्दर्यबोध र जीवनशैलीसँग गहन रूपमा जोडिएको छ । आजको समयमा जहाँ प्रकृतिको विनाश तीव्र छ, यस्तो दृष्टिकोणले हामीलाई सहअस्तित्व र संवेदनशीलताको बाटो अपनाउन प्रेरित गर्दछ । मानिसले प्रकृतिलाई जति नाश गर्दै गइरहेको छ तर यस्तै सहअस्तित्वले मात्र हामी बाँच्न सकिरहेका छौँ भन्ने कुरालाई प्रस्तुत अंशले संकेत दिएको छ ।

माथि उल्लेख गरिएको उपन्यासको अंशमा बौद्ध धर्म संस्कृतिमा प्रचलित शब्द ओम माने पेमेको प्रयोग गर्न अबका पुस्ताहरूले पनि बिर्सिनु हुँदैन । आफ्नो पहिचान गुमाउनु हुदैन । आफ्नो जातको स्तर माथि पुऱ्याउन सक्नुपर्छ । संसारमा हरेक मानव जातिलाई फूल मन पर्छ । फूलको सुगन्धमय प्रवाहले हरेक ठाउँहरू सुगन्धमय बनेका हुन्छन् जुन प्राकृतिक देनको परिणाम हो । जुनसुकै व्यक्ति जस्तासुकै पीडा व्यथाले ग्रसित भएपनि प्रकृतिको सुन्दरताले उनीहरूमा थप उर्जा थपेको हुन्छ ।

## २.६ निष्कर्ष

प्रस्तुत अध्यायमा नयनराज पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरणमा आबद्ध भएर अध्ययन गरिएको छ । मानव पर्यावणको सन्दर्भमा औद्योगीकरण, सहरीकरण, युद्ध, मानव संस्कृति, जाति र भाषिक प्रयोगजस्ता सूचकहरूलाई आधार बनाएर विश्लेषण गरिएको छ भने मानवेतर पर्यावरणका सन्दर्भमा पञ्चमहाभूत, पशुपक्षी, रूखविरूवा तथा वनजङ्गलजस्ता सूचकहरूलाई आधार बनाएर उपन्यासका अंशहरूको व्याख्या विश्लेषण गरिएको छ । त्यस्तैगरी मानव र मानवेतर पर्यावरणको सम्बन्धलाई पनि उपन्यासांशका आधारमा स्पष्ट पारिएको छ ।

वास्तवमा मानव पर्यावरण र मानवेतर पर्यावरण एक अर्कामा परस्पर निर्भर हुन्छन् । पर्यावरणका सन्दर्भमा यी दुवैको सन्तुलित उपयोगले दीर्घ विकास सम्भव रहेको हुन्छ । हरेक मानवले आफ्नो आवश्यकता परिपूर्ति गर्नका निम्ति प्रकृतिको उपयोग गर्ने क्रममा संरक्षण तथा संवर्द्धनमा पनि सजग रहनुपर्दछ । मानिसका आवश्यकताको पूर्तिका निम्ति प्राकृतिक संसाधनको अनियन्त्रित दोहन भएकोले प्राकृतिक सन्तुलन बिग्रन गई आएका अनेक समस्याले मानिसको मात्र नभई अन्य जीवजन्तु र वनस्पति समेतको बासस्थान लोप हुँदै गएका विषय उपन्यासमा प्रयुक्त छन् । जल, जमिन र बोटबिरुवा समाप्त भई बाढी पहिरोको प्रकोप बढेर विस्थापनको समस्या बढ्दै गएर पृथ्वीमा मानिस नै परिचयको सङ्कटमा पर्दै गएको यथार्थको अभिव्यक्ति समेत उपन्यासले दिएका छन् । परम्परागत रूपमा प्रकृति मानव उपभोग र सुखसुविधाको साधन मानिदै आएको छ ।

वास्तवमा पर्यावरणमा देखिने असन्तुलनले मानिसका आर्थिक, सामाजिक, राजनीतिक, जैविक लगायतका क्रियाकलापहरूमा कुनै न कुनै ढंगले प्रभावित बनाइरहेको हुन्छ । बढ्दो वातावरणीय असन्तुलन र जलवायु परिवर्तनका असरहरूसँग जुध्दै स्वच्छ र स्वस्थ वातावरणमा बाँच्नका लागि मानिस अग्रसर भएको हुन्छ । वर्तमान सन्दर्भमा प्रकृतिको अव्यवस्थित दोहन र प्रयोगले पृथ्वीको बासस्थानसमेत नाश हुने अवस्थामा पुगेको विश्वपरिवेशप्रति चिन्ता र चासो प्रकट गरी संरक्षण तथा संवर्द्धनसम्बन्धी अभिव्यक्ति दिने कार्य पर्यावरणले गर्दछ ।

## तेस्रो अध्याय

# पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यता

## ३.१ विषयप्रवेश

प्रस्तुत अध्याय नयनराज पाण्डेका उपन्यासमा चित्रित पर्यावरणीय स्वच्छता र ग्राम्यताको अध्ययनमा केन्द्रित छ । पर्यावरणीय स्वच्छता र ग्राम्यताका पक्षहरू यस अध्यायमा विश्लेषणका लागि वायु स्वच्छता, जल स्वच्छता र पाण्डेका उपन्यासमा व्यक्त ग्राम्यतालाई उपशीर्षकका आधारमा प्रस्तुत गरिएको छ । सो कार्यको परिपूर्तिका लागि पाण्डेका उपन्यासहरू अध्ययन गरी पर्यावरणीय स्वच्छता र ग्राम्यताको खोजीनीति गरी विश्लेषण गरिएको छ । सामान्यतया वातावरण अर्थात् वातको आवरण हो । सरल रूपमा भन्दा हामी वरपर रहेको वायुको आवरणलाई मान्न सकिन्छ । खाने खाना, पिउने पानी, श्वास फेर्ने हावा लगायतका अन्य कुराहरू वातावरणका उपज हुन् । पर्यावरणीय स्वच्छताले नै मानिसलाई यस धर्तीमा आनन्ददायक तवरले बाँच्न सफल बनाएको हुन्छ । जतिपनि मानवीय र अन्य प्राणीहरू छन् ति सबै स्वच्छ वातावरणमा नै बाँच्नका लागि तल्लीन रहेका हुन्छन् । उपयुक्त वातावरणमा रहेर रम्नु रमाउनु सम्पूर्ण प्राणीका अपेक्षा नै हुन्छन् । यहाँ पाण्डेका उपन्यासहरूमध्ये पर्यावरणीय दृष्टिले छनोट भएका *लू, सल्लीपिर* र *उलार* उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यताका पक्षहरूलाई खोज्ने काम गरिएको छ । पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यता के कस्तो तरिकाले प्रकट भएका छन् तिनलाई साक्ष्यसहित विश्लेषण गरिएको छ ।

## ३.२ पर्यावरणीय स्वच्छता र ग्राम्यताको सैद्धान्तिक अवधारणा

पर्यावरणीय स्वच्छताको अवधारणा मानव सभ्यताको सुरुवातसँगै गाँसिएको भएपनि यसको वैज्ञानिक र योजनाबद्ध अभ्यास भने अठारौँ र उन्नाइसौँ शताब्दीतिर विकसित हुँदै आएको हो । प्राचीन समयमा सिन्धु सभ्यतामा घरघरमै ढल निकास प्रणाली रहेको प्रमाण भेटिनुले पनि पर्यावरणीय स्वच्छताको प्रारम्भिक चेतना मान्न सकिन्छ । १८ औं शताब्दीको अन्त्यदेखि पश्चिमी देशहरूमा औद्योगिक क्रान्तिपछि जनघनत्व बढ्दै जाँदा सरसफाइको अभावले हैजा, टाइफाइड जस्ता महामारीहरू फैलिन थालेसँगै पर्यावरणीय स्वच्छताप्रति ध्यान केन्द्रित भएको थियो । आर्थिक क्रान्तिपछि बढ्दो औद्योगिकीकरणका कारण युरोपमा

अभ्युदय भएको पूर्व स्वच्छन्दतावादी चेतनाद्वारा रोमान्टिक पर्यावरणसम्बन्धी अवधारणाको प्रारम्भ भएको देखिन्छ भने यसको विकास रोमान्टिक कालमा आएर भएको छ । रोमान्टिक कालदेखि पर्यावरणीय चिन्तनको विकास भएपछि रोमान्टिक इकोलोजीको अध्ययन बढी मात्रामा हुन थालेको पाइन्छ तापनि त्यसको सैद्धान्तिक स्वरूप चाहि बिसौं शताब्दीको अन्त्यमा आएर मात्र निमार्ण भएको छ । (त्रिपाठी :२०८०) पश्चिममा स्वच्छन्दतावादी परम्परा र त्यसको पर्यावरणीय विश्लेषणका सन्दर्भमा स्वच्छन्दतावादी पर्यावरण (रोमान्टिक इकोलोजी) पनि शक्तिशाली रहेको छ । पर्यावरणको यस धारालाई ग्राम्यता पनि भन्ने गरेको पाइन्छ । यसरी साहित्यमा प्रस्तुत भएका धारा र प्रवृत्तिका आधारमा पर्यावरणीय समालोचनाको विकास भएको हो ।

### ३.२.१ पर्यावरणीय स्वच्छता

पर्यावरणलाई सफा र अनुकूल अवस्थामा राख्नका लागि गरिने कार्यलाई पर्यावरणीय स्वच्छता मानिन्छ । फोहोरमैलाको उचित व्यवस्थापन, जलस्रोत संरक्षण, वायु प्रदूषण नियन्त्रण, ध्वनि प्रदूषण नियन्त्रण, वन तथा रुखविरुवा संरक्षणजस्ता कार्यकलापहरू गर्नाले पनि पर्यावरण स्वच्छ रहन्छ । स्वच्छन्दतावाद नयाँ विषय, नयाँ भाव तथा भाषा र नयाँ शैलीका साथ पुँजीवादका कारण सिर्जित मजदुरका समस्या, नगरमोह र तीव्रतापूर्वक बढिरहेको अव्यवस्थित सहरीकरणका विरुद्ध प्रस्तुत भएकाले स्वच्छन्दतावादले पर्यावरणीय सचेतनाको पहिलो पाइलाका रूपमा हिमाल, पहाड, वन, चराचुरुङ्गी आदिलाई साहित्यमा स्थान दिएको हो (भट्टराई, २०६५, पृ. १६५) । आजको पर्यावरणीय अध्ययनले विज्ञानसँग निकटता राख्छ भने स्वच्छन्दतावादी पर्यावरणले आत्मिक आनन्दका लागि प्रकृतिको रहस्मय निकटताको खोजी गरेको देखिन्छ । यसर्थ पृथ्वीको हरियालीका निकटतामा रही मान्छेको मनमा जीवनप्रतिको अनुराग पुनः फर्काउनु तत्कालीन स्वच्छन्दतावादको विशेषता रहेको छ । जोनाथन बेटको रोमान्टिक इकोलोजी (सन् १९९१) तथा द सङ अफ द अर्थ (सन् २०००) जस्ता कृतिहरूमा यस क्रमको आरम्भ र विकास भएको छ । पहिलो पटक बेटले नै रोमान्टिक इकोलोजीमार्फत स्वच्छन्दतावादलाई पर्यावरणीय चिन्तनका आधारमा अध्ययन गरी यसको ऐतिहासिक मूल्य पहिल्याएका हुन् (भट्टराई, २०७०, पृ. ८५) । रोमान्टिक इकोलोजीले मानव जीवन र प्रकृतिबिचको सम्बन्धलाई सुधार गर्ने कार्य गर्दछ । वर्तमान

समयमा जलवायु परिवर्तन र वातावरणीय विनाशको समस्यालाई समाधान गर्न अझ महŒवपूर्ण मानिएको छ ।

स्वच्छन्दतावादी साहित्यले मानवीय संवेदनाका केन्द्रमा प्रकृतिको ज्यादा हार्दिक र आत्मपरक अभिव्यक्ति गरेको भएपनि स्वच्छन्दतावादी पर्यावरणले चाहिँ त्यस्ता कृतिलाई पर्यावरणीय समालोचना सिद्धान्तका आधारमा विश्लेष्य ठहऱ्याइएको छ । त्यसैले पछिल्ला संरक्षणमुखी पर्यावरणीय छट समालोचनामा पर्यावरणीय अध्ययनको एउटा क्षेत्र ठहऱ्याइएको स्वच्छन्दतावादी पर्यावरणको समेत विशिष्ट महत्त्व रहेको छ । मानिसका निम्ति प्रकृतिको स्वतन्त्र सत्ताको अर्थ त्यतिखेर मात्र हुन्छ, जतिखेर उसले प्रकृतिको सही उपभोग गर्न सिक्छ । प्राकृतिक वस्तुलाई प्रकृतिकै नियमअनुकूल उत्पादन गरी मानिसका आवश्यकताको पूर्ति गरेर नै मानिसले प्रकृतिको अर्थ दिन्छ (बटनर, सन् १९८३, पृ.३५) । प्राकृतिक वस्तुहरूको स्वतन्त्र र सन्तुलित प्रक्रियाले वातावरण संरक्षणमा भूमिका खेल्दछ ।

परिस्थितिअनुकूल कुनै जीव विकसित हुनु र कुनै नष्ट हुँदै जानु प्राकृतिक छनोटको नियम नै भएपनि मान्छेको क्रियाकलापले यो क्रिया अति तीव्र बन्दै गएको छ । आर्थिक लोभ, लालच र स्वार्थी प्रवृत्तिका कारण योजनाबद्ध रूपमा मान्छेले आफ्नै आधार पनि समाप्त गर्दछ । जोन्स र अरू (सन् १९९०) का अनुसार सन् १६०० देखि यता लोप भएकामध्ये ७५ प्रतिशत स्तनधारी र ६६ प्रतिशत चरावर्गका प्राणीहरू मानव क्रियाकलापकै कारण लोप भएका हुन् । कैयौँ वनस्पति र सूक्ष्म जीवहरू पनि यसै गरी हराउँदै छन् अनि तीसँगै कतिपय संस्कृतिहरू पनि विलुप्त हुँदै छन् । यस प्रकारका खतराबाट बाँच्न अहिले स्क्यान्डिनेभियन देशहरूमा हरित सहर नाम दिएर सहर वरिपरि जङ्गल तयार गर्नुपर्ने नीति लिइएको छ (एटम, २०७६ पृ. ३१७) । पर्यावरणीय स्वच्छता कायम राख्नमा मानवले कुनै पनि नकारात्मक कार्य गरिनुहुँदैन । मानवले पनि प्रकृतिको सुरक्षा गर्न सक्ने भएकोले जुनसुकै तवरका कार्य गर्दा पनि सचेत र सावधानी अपनाउनुपर्छ, तबमात्र पर्यावरणको स्वच्छता अनुकूल रहन्छ ।

स्वच्छन्दतावादको आगमन नै पुँजीवादी नागर र समाज र त्यसले ल्याएका विभिन्न प्रकारका प्रदूषणका विरुद्ध भएकाले पर्यावरणको आधार र अध्ययनको प्रारम्भ स्वच्छन्दतावादबाटै भएको हो । रुसोको प्रकृतितिर फर्क भन्ने मान्यतामा पर्यावरणीय चिन्तनको बीज रूप फेला पर्छ भने स्वच्छन्दतावादी कविहरूले शास्त्रीयतावादले सिर्जना

गरेको अभिजात वर्गीय अन्तर्वस्तु र रूपलाई लोक जीवन र लोकगाथातर्फ फर्काउने क्रममा प्रकृति चित्रण र पर्यावरण पनि एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा रह्यो । आध्यात्मिकता, रहस्य, कोरा कल्पना, समाज निरपेक्षता, स्वच्छन्द प्रेम र भावुकताजस्ता कुराले स्वच्छन्दतावाद आलोच्य रहे पनि गणतान्त्रिक चेतना र पर्यावरणीय चिन्तनका दृष्टिले भने स्वच्छन्दतावादी दर्शन महत्त्वपूर्ण छ (भट्टराई, २०७०, पृ. ९५) । पर्यावरणीय स्वच्छताले प्रकृतिको संवर्द्धन र मानवीय स्वास्थ्यलाई अनुकूल बनाउाछ । मानवीय जीवनलाई स्वस्थ राख्न जीवनका हरेक पक्षसाग पर्यावरणीय स्वच्छता जोडिएको हुन्छ ।

## ३.२.२ ग्राम्यता

साधारणतया कुनै पनि वस्तु, व्यक्ति, विचार वा परम्परामा गाउाको विशेषता प्रकट हुनुलाई ग्राम्यता भनिन्छ । जहाा ग्रामीण भेगको जीवनशैली र संस्कार संस्कृति झल्किएको हुन्छ । पर्यावरणसाग ग्रामीण जीवनको निकटतम् सम्बन्धलाई पर्यावरणीय ग्राम्यता भनेर बुझिन्छ । पर्यावरणीय विज्ञानको प्रारूप ग्राम्यतामा नै प्राप्त हुन्छ भन्ने मान्यता रहेको छ । उदाहरणका लागि राचेल कार्सनको 'साइलेन्ट स्प्रिङ' (१९६२) कृतिलाई पर्यावरणीय समालोचनाका आधाग्रन्थ मान्नेहरूले उसको ग्राम्य परम्पराको मुक्तकण्ठले प्रशंसा गरेका छन् । औद्योगिक क्रान्तिको युगपछि त ग्राम्य प्रयोग पर्यावरणीय समालोचनाका सन्दर्भमा पनि महत्त्वपूर्ण रहेको पाइन्छ । टेरी गिफर्डले निम्न प्रकारका ग्राम्यताको वर्णन गरेका छन् । (क) विशिष्ट प्रकारको साहित्य परम्परा, जसले सहरदेखि गाउासम्मको परम्परालाई समावेश गरेको छ र यसको उत्पत्ति प्राचीन अलेक्जेन्डर युगमा भयो र पुनर्जागरणसम्म काव्यशास्त्रको मूल स्वरूपका रूपमा कार्य गऱ्यो । (ख) त्यस्तो कुनै पनि साहित्य, जसले सहरका वैपरीत्यका सन्दर्भमा आन्तरिक र बाह्य दुवै पक्षबाट गाउाको वर्णन गर्दछ । (ग) त्यस्तो साहित्य जसले होच्याउने अर्थमा ग्राम्यताको प्रयोग गर्छ र श्रम र कठिन सङ्घर्षमा समेत आाखा चिम्लादै ग्रामीण जीवनको चित्रण गर्दछ (भट्टराई, २०७०, पृ. १००) । ग्रामीण क्षेत्रको दिगो विकासका लागि पर्यावरणीय ग्राम्यता महत्त्वपूर्ण मानिन्छ ।

ईसाको बिसौं शताब्दीको अन्तिम दशकबाट सुरु भए पनि पर्यावरणीय अध्ययन प्राचीन कालदेखिकै साहित्यको अध्ययनको विषय हो । रामायण र महाभारत जस्ता ग्रन्थमा वनबास वा वनप्रस्थानका अनेकौं सन्दर्भ मात्र छैनन्, मूल परिवेश नै वन र त्यस वरपरको वातावरण बनेको छ । होमरदेखि मध्यकालसम्मको पाश्चात्य साहित्यमा ग्राम्यताको चित्रण र

त्यसको अध्ययन परम्परा पनि रहिआएको छ (पृ. ९४-९५) । स्थानीय वातावरणीय सन्तुलन कायम राख्नका लागि पर्यावरणीय ग्राम्यता अर्थपूर्ण मानिन्छ । ग्रामीण समाजका संस्कार, परम्परा र सामाजिक संरचनामय जीवनशैलीलाई ग्राम्यता मानिन्छ । सरल, सादा र प्राकृतिक जीवनशैलीसँग ग्राम्यता सम्बन्धित रहेको हुन्छ, जहाँ मानिसहरू परम्परागत मूल्य र संस्कारको सम्मान गर्दछन् । प्रायः ग्रामीण भेगका मानिसहरूमा सहयोगको भावना बढी हुन्छ । प्राकृतिक सन्तुलन, सस्तो र दीर्घ जीवनशैलीले पनि ग्राम्यताको महत्त्वलाई झल्काउँछ ।

मानिस र प्रकृतिको इन्द्रिजन्य सम्बन्धको पहिलो सेतु प्राकृतिक सौन्दर्य नै हो, जसले मानिसका सारा अहङ्कार र घृणा भावलाई पराजित गराएर चारैतिर परम आनन्दको अनुभूतिमा पुऱ्याउँछ । लेखकले खोज्ने प्राकृतिक सौन्दर्यमा स्वच्छता र ग्राम्यताको तीव्र आकर्षण रहेको पाइन्छ । प्रकृतिसँग मानिसको जैविक नाता हुने कारणले नै त्यो आकषर्णको अन्त्य कहिल्यै हुँदैन । जहाँ पुगे पनि मानिस आफ्नै स्थानीय प्राथमिक अनुभूतिमा पुग्ने अभिलाषामा बाँचिरहेको हुन्छ (थपलिया, २०७५,पृ.२०८-२०९) । इकोक्रिटिक र आजका लेखकहरू मानिसलाई निर्मल, प्रकृतितिर फर्किन र फर्काउन चाहान्छन् । आधुनिकताले नछेडेको ग्राम्य परिवेश, उदाङ्ग नागी, डाँडा, पर्वत, वन्यक्षेत्र, मैदान, चरणक्षेत्र, जलाशय जहाँ धूवाँधूलो छैन । हाम्रो मूल स्वभाव तीसित नजिक छ । हाम्रो यस्तो चाहनाको मार्गमा अवरोध भएर हाम्रै आर्थिक र विकासात्मक क्रियाकलापहरू उभिएका हुन्छन् । त्यता लाग्दा हामी सदा ध्वंसात्मक भएका छौँ (भट्टराई र हितान, २०८० : पृ.३०) । ग्रामीण समाजको जीवनशैलीलाई अनुसरण गर्न सकेमा ध्वंसात्मक विचार र व्यवहारको अन्त्य हुन्छ ।

## ३.३ पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यताको अभिव्यक्ति

नयनराज पाण्डेका उपन्यास आफैँमा पर्यावरणको क्षेत्रमा स्वच्छता र ग्राम्यताले सशक्त रहेका छन् । उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यता अर्न्तगत समावेश रहेका सूचकहरूका आधारमा साक्ष्यसहित पर्यावरणीय विश्लेषण गरिएको छ ।

### ३.३.१ पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छताको अभिव्यक्ति

पर्यावरणीय स्वच्छता भन्नाले मानव बस्ती वरिपरि रहेको प्राकृतिक तथा मानव निर्मित वातावरणलाई सफा, सुरक्षित र स्वस्थकर बनाउने कार्यलाई बुझिन्छ । नेपालमा

पर्यावरणीय स्वच्छताको परम्परा प्राचीन समयदेखि नै अवस्थित भएतापनि सरकारी रूपमा र योजनाबद्ध ढंगले स्वच्छता अभियानको थालनी २०२८ सालदेखि भएको मानिन्छ । त्यसयता विभिन्न चरणमा नीति, कार्यक्रम र चेतनामूलक अभियानहरूमार्फत यसले गति लिएको छ । खासमा बस्तीको वरिपरि सफा गर्ने, स्वच्छ नेपाल अभियान, खुला दिसामुक्त अभियान, नगरपालिकाहरूमा फोहोर सङ्कलन, वर्गीकरण र पुनः प्रयोगका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । जनचेतना कार्यक्रम, विद्यालयहरू स्वच्छ अभियानमा सक्रिय रहने जस्ता कार्यकलापले नेपालमा परम्परादेखि नै स्वच्छ वातावरणको धारणा मानिसमा भित्रिएको पाइन्छ । साहित्य समाजको ऐना हो । पुराना लोकगीत, पौराणिक कथा धर्मग्रन्थहरूमा पनि अप्रत्यक्ष रूपमा स्वच्छता र प्रकृतिप्रेमको झल्को पाइन्छ । बिसौँ शताब्दी पछिका कवि, लेखकहरूले पर्यावरणीय स्वच्छता, प्रदूषण र प्राकृतिक विनाशलाई प्रत्यक्ष रूपमा आफ्नो रचनामा समेट्न थालेका छन् । त्यस्तै नेपाली उपन्यासको क्षेत्रमा नयनराज पाण्डेका कृतिलाई हेर्दा पनि पर्यावरणीय चिन्तन भित्रिएको हुनाले सोही अनुकूल यहाँ चर्चा गरिएको छ ।

पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता अर्न्तगत देखिएका पर्यावरणीय अभिव्यक्तिहरूलाई साक्ष्यसहित विश्लेषण गरिएको छ । पाण्डेद्धारा लिखित 'लू' उपन्यासबाट झिकिएको पर्यावरणीय स्वच्छतासम्बन्धी उदाहरणलाई निम्नलिखित रूपमा प्रस्तुत गरी विश्लेषण गर्न सकिन्छ :

> गाउँ फर्केर गाउँलेहरूले के गर्ने र कसो गर्ने भनेर राम्ररी सोच्न पनि भ्याएका थिएनन्, अचानक टाढाटाढाबाट केही आवाज आए जस्तो भयो । गाउँलेहरूले ध्यान दिएर सुने । त्यो आवाज झन्झन् चर्कोचर्को सुनिन थाल्यो । एकै छिनमा गाउँलेहरूले इन्डियातिरबाट ककरधरीघाटको बाटो डुङ्गा चढेर केही केटा पत्थरपुरवातिर आएको देखिहाले । त्यतिबेलै कटकुइँया बोर्डरतिरबाट अर्को थरी जमात पनि आयो । तिनीहरूले पछुवाको चियादुकान हुँदै पत्थरपुरवामा तरबार नचाउँदै मार्चपास गरे । उनीहरूले मुसलमानविरुद्ध चर्काचर्का नाराहरू पनि लगाए । हिजो पछुवाको चिया दुकानमा मुसलमानविरुद्ध चर्काचर्का कुरा गर्ने अबिरको ठाडो टीका लगाएको र घाँटीमा केशरी रङ्गको गम्छा बेरेको केटो पनि त्यही हूलमा थियो र उसले पनि चर्को नारा लगाउँदै थियो (पाण्डे, २०७२ पृ. २०९) ।

*लू* उपन्यासको प्रस्तुत अंशमा बाहिरी आवाज, डुङ्गाको आवागमन र बाह्य व्यक्तिहरूको आगमनले गाउँको शान्त, स्वच्छ र प्राकृतिक वातावरणमा भइरहेको हस्तक्षेपको संकेत दिएको छ । अचानक टाढाटाढाबाट आएको आवाज र डुङ्गा चढेर आएको दृश्यले एक प्रकारको प्राकृतिक शुद्धतामा फैलिँदै गरेको अवस्था र बाह्य प्रभावको डरलाई दखाएको छ । यस्ता क्रियाकलापहरूले गाउँको पर्यावरणमा ध्वनि प्रदूषण फोहोरजन्य क्रियाकलाप र पानी स्रोतको दूषित हुने सम्भावना बढाउँछन् । ग्रामीण क्षेत्रमा स्वच्छता केवल सफा मात्र होइन, त्यो शान्ति, जैविक सन्तुलन र संसाधनहरूको अविकृत अवस्थासँग सम्बन्धित पनि हुन्छ । डुङ्गाको बाटो हुँदै मानिसहरू पत्थरपुरवातिर आइरहेका दृश्यले प्राकृतिक स्रोतहरूको अनियन्त्रित उपयोग, नदी र जलमार्गको दरूपयोग तथा संक्रमणको जोखिमसमेत संकेत गर्छ । ग्रामीण समाजमा प्राकृतिक स्रोतहरूप्रति संवेदनशीलता र संरक्षणको चेतना आवश्यक रहेको सन्देश दिन खोजेको देखिन्छ । ग्रामीण जीवनशैलीमा शुद्ध हावा, स्वच्छ पानी र शान्त वातावरण जीवनको मेरुदण्ड हुन् जब बाह्य हस्तक्षेपले ती प्राकृतिक तत्वहरूलाई क्षति पुऱ्याउँछ, तब सम्पूर्ण सामाजिक संरचना, जीवनशैली र पर्यावरण नै प्रभावित हुन्छ । सामाजिक अशान्ति, धार्मिक घृणा र द्वेषपूर्ण गतिविधिका माध्यमबाट पर्यावरणीय स्वच्छता केवल भौतिक मात्र नभएर मानसिक, सामाजिक र सांस्कृतिक रूपले पनि प्रदूषित हुन सक्ने यथार्थलाई अनुच्छेदमा देखाउन खोजिएको छ । यहाँ मुसलमानविरुद्ध चर्काचर्का नारा लगाई तरबार नचाउँदै गरिएको मार्चपास र केशरी गम्छा बेरेका युवाको कट्टर व्यवहारले सामाजिक प्रदूषण र मनोवैज्ञानिक अस्वच्छताको गहन कुरालाई इङ्कित गरेको छ । ग्राम्य समाजको शान्त र समन्वयपूर्ण वातावरणमा यस्ता उग्र गतिविधिहरूको प्रवेशले केवल भौतिक शान्तिमा खलल पुऱ्याउँदैन । यसले सामाजिक सद्भाव, सहिष्णुता र परम्परागत मेलमिलापपूर्ण मानव पर्यावरणलाई भत्काउने काम गर्छ । धार्मिक वैमनस्य र घृणायुक्त नाराहरूले समुदायबीचको आपसी विश्वासमा दरार ल्याउँछ, जसले सांस्कृतिक वातावरणमा विषाक्तता फैलाउँछ । यस किसिमको मानसिक र सामाजिक वातावरणीय अस्वच्छता दीर्घकालीन रूपमा समाजको सामाजिक आध्यात्मिक पर्यावरण बिगार्ने कारक बन्छ । त्यसैगरी पछुवाको चिया दुकानजस्ता सार्वजनिक स्थानहरू जो सामान्यतया संवाद र सामाजिक मेलमिलापका केन्द्र हुनुपर्ने हो, तिनै स्थानबाट घृणा फैलिनु समाजको मानसिक स्वच्छता र विवेकको क्षय हो भन्ने कुराको संकेत हो । यसरी

पर्यावरणीय स्वच्छता केवल फोहोर नहुनु सामाजिक न्याय, सहिष्णुता र समावेशी चेतनाले भरिएको वातावरण हो । धार्मिक उग्रता र सामुदायिक विभाजनले वातावरणीय स्वच्छतामा प्रदूषित बनाएको हुन्छ ।

मानिसले ग्रमीण परिवेशलाई विगार्दै गरेको मान्छेको ध्वंशात्मक प्रवृतिलाई यस अंशले देखाउने प्रयत्न गरेको छ । उपान्यासमा मुसलमानविरुद्ध हिन्दूजस्ता देखिनेहरूले नारा लगाएको प्रसङ्ग आएको छ । यसले के देखाउँछ भने मानिसले आफ्नो हितका लागि मान्दै आएका धर्मको पनि विरोध गर्ने र ध्वंश निम्त्याउने जस्ता कार्यहरू गर्ने गरेका छन् । यसले वातावरणमा खलल पुऱ्याउने देखिन्छ । उपन्यासको यस अंशमा नारा लगाएको प्रसङ्गले ध्वनि प्रदूषण भएको देखाइएको छ । उल्लिखित उपयांशले चर्कोचर्को आवाज सुनिनु र चर्को नाराले वातावरणमा ध्वनिप्रदूषण भएको देखाइएको छ । पर्यावरणीय स्वच्छता कायम राख्नका लागि वातावरण जुनसुकै तरिकाले प्रदूषित भए पनि त्यसलाई नियन्त्रण गर्न सक्नुपर्छ । मुसलमानले दुर्गा माताको मूर्ति बनाउने माटोलाई अपवित्र बनाउन थाले, जसले हिन्दूहरूको घोर अपमान भयो भनेर गाउँ नै आतङ्कमय भएको हुँदा वातावरण त्रासमा परिणत भएको छ । यस्तो वातावरणले मानिसलाई मानसिक रूपमा असर पुगेको हुन्छ । मानवीय स्वास्थ्यलाई अनुकूल राख्नका लागि वातावरणलाई प्रदूषित बनाउने क्रियालाई न्यूनीकरण गर्नु आवश्यक हुन्छ ।

> गाउँ एकै पटक सुनसान भयो । सबैले हतारहतार आआफ्ना घरका ‰यालढोकाहरू पनि बन्द गरे । गजबारहरू पनि लगाए । चरक्क घाम चर्किएको भए पनि गाउँमा दिउँसै चकमन्नको स्थिति व्याप्त भयो । त्यसपछि कोही पनि आफ्नो घरबाट निस्कन सक्ने स्थितिमै भएनन् । सबै काँतर भए । सबै डरले लुगलुग काँप्दै थिए । सबैको मनमा चिसो पसिसकेको थियो । एकै छिनपछि त कुकुरहरू पनि अतालिएर भुक्न थाले । परेवाहरू पनि तर्सिएर जथाभावी उड्न थाले । गोठगोठमा बाँधिएका गाईभैँसी र बाख्राबाख्री पनि अतालिएर चिच्याउन थाले । जय श्रीरामको नारा लगाउँदै निधारमा अबिरको ठाडो टीका र केशरी रङ्गका वस्त्र धारण गरेकाहरूले तरबार उज्याउँदै मुसलमानका घरहरू खोज्न लागे ।
>
> त्यसपछि चर्को स्वरमा सुनिन थाल्यो, रुवावासी र चीत्कार । लखेटालखेट र भागाभाग सुरु भयो । यो भागदौडले गर्दा गाउँको सडकबाट बुङबुङ धूलो उड्न

थाल्यो । धूलोले गाउँको तस्बिरलाई झनै धमिलो र विरूप बनाइदियो । एकै छिनमा गाउँको वातावरण चिताउनै नसकिने किसिमले भयावह भयो । गाउँलेहरू छक्क परे । एउटा अत्यन्त साधारण घटना पनि आतङ्क सिर्जना गर्नको लागि यति भयानक विषय हुन सक्छ (पृ. २१०-२११) ।

प्रस्तुत उपन्यासको अंशमा गाउँघरमा भइरहेको द्वन्द्वले पशुपक्षी र मानवमा आएको त्रासले वातावरण नै सन्त्रासमय बनाएको छ । चर्को स्वर गरिनु, रुवावासी हुनु, कुकुरहरू भुक्नु जस्ता कार्यकलापले ध्वनिप्रदूषण भएको देखिन्छ । सडकबाट बुङबुङ धूलो उडेको कारण वायुप्रदूषण बढ्दो देखिएकोले वातावरणमा प्रदूषण भएको छ, जसले स्वच्छ वातावरण हुनबाट प्रतिबन्धित भएको स्पष्ट हुन्छ । नेपाली समाजमा भएका यस्ता विभिन्न क्रियाले समाजलाई नै अस्तव्यस्त बनाएको छ । मानिसहरूले चाहना गरेको भन्दा निकै नकारात्मक प्रकृतिको समाजको वातावरण बन्न पुगेको छ, जुन मानवका लागि निकै दुखद अवस्था हो ।

हरेक मानवले स्वच्छ वातावरणको अपेक्षा राखेको हुन्छ, जुन अपेक्षाअनुकूल हुन नसक्दा मानव लगायत पशुपक्षी जीवजन्तुहरूमा पनि असर पुऱ्याएको हुन्छ । वातावरण स्वच्छ बनाउनका लागि जस्तोसुकै प्रदूषणलाई पनि नियन्त्रण गर्न सक्नुपर्छ तबमात्र स्वच्छ वातावरणको परिकल्पना गर्न सकिन्छ । मानिसको क्रियाकलापले अन्य जीवजन्तु, जनावर र वातावरणका अन्य तत्त्वलाई पनि प्रभावित बनाएको छ । मानिस सधैँ यस्तै विध्वंशात्मक क्रियाकलाप गरिरहने र त्यसमा पर्यावरणमा कस्तो असर पर्ला भन्नेसम्म नसोच्ने कुरा उपन्यासको यस अंशमा प्रस्तुत गरिएको छ ।

पाण्डेद्वारा रचित '*सल्लीपिर*' उपन्यासको पर्यावरणीय स्वच्छता सम्बन्धी उदाहरणलाई निम्नलिखित रूपमा प्रस्तुत गरी विश्लेषण गर्न सकिन्छ :

> चिच्याई मुनियाँ, साले इलैया ! हामी भोकभोकै मर्न लागिसक्यौं । कि हामीलाई तैंले खान दे, कि हामीलाई छोरी बेच्न दे । त्यसपछि मुनियाँले रुँदै इलैयासित हात जोडेर बिन्ती गरी, हामीलाई बाँच्न दे इलैया । केही बोल्नै सकेन इलैया । लाचारै भयो । अनि त उसले हेरेको हेऱ्यै बीस हजारमा सर्कसवालाहरूलाई गोबरीहरूले आफ्नी कान्छी छोरी बेचे । रुवाबासी गरिरहेकी त्यो बच्चीलाई सारा गाउँको अगाडिबाट सर्कसवालाहरूले जनावरलाई जस्तै लतार्दै लगे ।

गोबरी बहिरो भैसकेको थियो । उसले छोरीको आर्तनाद सुन्दै सुनेन । बरु छाप्रोतिर फर्किएर ऊ टुसुक्क भुइँमा बस्यो । सर्कसवालाहरूले फालेको आधा सल्किएको बिँडीको ठुटो भुइँबाट टिप्यो । तान्यो । बुङ्ग धूवाँ उडायो र लगातार खोक्न थाल्यो । खोक्दाखोक्दा उसका ओठको कापबाट रगतको मसिनो धार तरर्र बग्यो । उसले वास्ता गरेन । बाहुलाले रगत पुछ्यो र पैसा गन्न थाल्यो । गोबरीहरूले पैसा गनिरहँदा त्यो बच्चीले कहालिएर रुँदै आफ्ना बाउआमातिर फर्कीफर्की हेरिरहेकी थिई । इलैयातिर पनि हेरिरहेकी थिई । याचनामय मुद्रामा । तर इलैया केही गर्न सक्ने स्थितिमै थिएन । ऊ त यतिखेर आफै पनि असहाय जस्तै भएको थियो । गोबरीले उडाएको जुठो बिँडीको धूवाँ इलैयाका आँखाअगाडि बादल भएर फैलियो । धमिलो र मैलो गाउँ झन् धमिलो र झन् मैलो भयो । पत्थरपुरवामा यस्तो भैरहन्छ (पृ. ६४-६५) ।

*सल्लीपिर* उपन्यासको प्रस्तुत अंश नेपाली समाजको सामाजिक, आर्थिक र सांस्कृतिक यथार्थलाई चित्रण गरेको छ । प्रस्तुत अंशमा गरीबी, भोक, असमानता र शोषणका समस्याहरू चित्रित रहेका छन्, जुन पर्यावरणीय स्वच्छतासँग पनि गहिरो सम्बन्ध राख्दछ । 'चिच्याई मुनियाँ, साले इलैया हामी भोकभोकै मर्न लागिसक्यो' यस वाक्यले समाजमा व्याप्त चरम भोकमरी र खाद्य सङ्कटको यथार्थतालाई देखाउँछ । यहाँ भोक केवल शारीरिक आवश्यकता मात्र होइन, एक सामाजिक-आर्थिक अभाव पनि हो । पर्यावरणीय दृष्टिकोणले हेर्दा समाजका एक वर्गले प्राकृतिक स्रोतहरूमा पहुँच नपाउनुको पीडाजनक अवस्था देखाइएको छ । प्राकृतिक स्रोतहरूको असमान वितरणले उत्पन्न गरेको यो असन्तुलन पर्यावरणीय अन्यायको उदाहरण हो । यहाँ कि हामीलाई तैँले खान दे, कि हामीलाई छोरी बेच्न दे, यस अंशमा एक सामाजिक विडम्बनालाई देखाउन खोजिएको छ, जहाँ गरीब परिवार खान नपाएर आफ्नी छोरी बेच्न बाध्य हुन्छ । मानव जीवनको मूलभूत आवश्यकता खाद्यको अभावले गर्दा मानव मर्यादा र नैतिकताको क्षय भएको छ । पर्यावरणीय दृष्टिकोणले यो अवस्था प्राकृतिक स्रोतहरूको दोहन, असमान वितरण र राज्यद्वारा गरिने उपेक्षाको परिणाम हो, जब वातावरणीय स्रोतहरूको उपयोगमा गरिब वर्गको पहुँच हुँदैन, तब यस्तो अन्याय घट्छ ।

माथि अभिव्यक्त भएको अंशअनुसारको पर्यावरणीय दृष्टिलाई नियाल्दा मनोवैज्ञानिक वातावरणमा आघात पुगेको भेटिन्छ । रुने, चिच्याउने, केही बोल्न नसक्नु मानसिक रूपमा असर परेको कुरालाई लक्षित गर्न खोजेको छ । यस अवस्थाको पर्यावरणीय अवस्थालाई न्यून गर्नका लागि हरेक व्यक्तिमा सकारात्मक चिन्तन हुनुपर्दछ । बिँडीको धूवाँले वायु प्रदूषण भई मानव स्वास्थ्यमा समस्या निम्त्याएको हुन्छ । पैसाका लागि छोरी बेचिएर जनावरलाई गरेको झैँ व्यवहारबाट प्रताडित हुनुपरेको अवस्थालाई पनि यहाँ प्रस्तुत गरिएको छ, जसले गर्दा छोरीहरू कति सन्त्रासमय वातावरणमा गुज्रिनुपरेको छ त्यो स्थितिलाई अभिव्यक्त गरिएको छ । अझै पनि नेपाली समाजमा छोरीहरू कतिसम्म त्रास बोकेर आफैँले आफ्नो शरीर दाउमा राखेर बाँच्नुपरेको दर्दनाक पर्यावरणीय अवस्थालाई माथिको उपन्यासको अंशमा प्रकट भएको छ ।

पहिले उसले त्यसरी ध्यान पनि त दिएको थिएन । गाउँको धूलोमैलोमा हुर्केकी, यहाँको शीतलहर, लू, बाढी र बर्सात भोगेकी, लामखुट्टे र उडुसको टोकाइ सहेकी, यहीको रोग र भोकसित लड्दै-भिड्दै गरेकी एउटी साधारण केटी त थिई नि नुसरत (पाण्डे, २०७२ पृ. ५५) । यहाँ नयनराज पाण्डेको लू उपन्यासमा अभिव्यक्त गरिएको कुरालाई लिइएको हो । ग्रामीण भेगमा रहने व्यक्तिहरू साधारण हुन्छन् । उनीहरू सामान्य तरिकाले जीवनयापन गरिहेका हुन्छन् । प्राय : गाउँतिर खेतबारीमा काम गर्ने क्रममा धूलोमैलो हुने गर्दछ, जसले गाउँको छुट्टै झल्को दिने गर्दछ । गाउँतिर उकाली ओराली, डाँडापाखा हुने भएकोले बाढी र बर्सात पनि स्थानीयहरूले भोग्दै आएका हुन्छन् । यस्तो अवस्था शहरीया भन्दा गाउँले जीवन भोगाइका क्रममा बढी भोगिरहेका हुन्छन् । गाउँघरतिर आइपर्ने जस्तासुकै समस्यालाई पनि स्वीकार्य गर्दै साधारण जीवनयापन गर्ने गाउँले मानिसहरूले जीवन व्यतित गरिरहेका हुन्छन् । गाउँले जीवन आफैमा उकालीओराली सुखदुख साटासाट गर्दै अघि बढ्ने जीवन हो, जुन शहरीया जीवनको तुलनामा दुखदायी नै हुन्छ । हुन त स्वस्थकर जीवन शहरीया जीवनको तुलनामा ग्रामीण जीवन हो तर पनि वर्तमान सन्दर्भमा मानिसहरू आयआर्जनका बाटा र सुविधाजनक जीवन बिताउन शहरको क्षेत्र मन पराउछन् । खासमा ग्रामीण जीवन मन नपराउने जीवन हो भन्न खोजिएको होइन, यो एकोहोरो दुखमात्रै भोगेर जस्ता व्यवधानमा पनि सहजै गुज्रिएको जीवनशैली हो ।

पर्यावरणीय स्वच्छताको आधारमा *सल्लीपिर* उपन्यासमा देखिएको उदाहरणलाई निम्नलिखित रूपमा उल्लेख गरी विश्लेषण गर्न सकिन्छ :

> पेमा असाध्यै तर्सिई । तेम्बा पनि आत्तियो । एक्कासि यो के भएको ? के कसैले मिस फायर गरेको हो ? कि हामीभित्रै कोही गद्दार निस्कियो र प्रहार गर्न थाल्यो आफ्नै साथीहरूलाई ? तर, कसैको हातमा हतियार थिएन । त्यसैले त्यो मिस फायर थिएन । कोही गद्दार पनि थिएन त्यहाँ । शाही सेनाले अचानक बोलेको धावा थियो त्यो । सबै अत्तालिए । कताबाट फायर खुल्यो भन्ने निर्क्योल नै गर्न पाएनन् उनीहरूले । एकदमै अप्रत्याशित भएकोले उनीहरूले कभरिङ फायर खोल्ने पनि समय पाएनन् । प्रतिशोधका लागि पोजिसन लिन पनि भ्याएनन् ।
>
> गोलीका पर्राहरू गोठतिर पनि पुगे । भुक्लुकभुक्लुक ढले केही चौरी । अत्तालिएका बाँकी चौरीले भत्काए गोठ र कराउँदै यत्रतत्र भाग्न थाले । च्याङ्ग्राहरू अघि नै उफ्रिएर भागाभाग गरिरहेका थिए । घाइते मान्छे, जनावर र चराहरूका भयभीत आवाजले भयानक कोलाहल निमार्ण गऱ्यो । मलेवाका जोडी आत्तिएर कोठामै यता र उता उड्न थाले । गुँडका बचेराहरू कमजोर आवाजमा रुन थाले (पाण्डे, २०७३ पृ. १९८) ।

प्रस्तुत अंशमा नयनराज पाण्डेद्वारा रचित '*सल्लीपिर*' उपन्यासको अंशलाई प्रस्तुत गरिएको छ, जसमा वातावरण देखावटी मात्र हुदैन मानसिक वातावरण पनि असन्तुलित भएमा मानव स्वस्थ रहन सक्दैन । उसलाई विभिन्न किसिमका असन्तोषहरूले घेरेको हुन्छ । व्यक्तिलाई मानसिक रूपमा शान्त बनाउन, मानसिक रूपमा रहेका समस्याहरू कम गर्न यस्तो तरिकाको पर्यावरणलाई पनि सुधार गर्नुपर्ने हुन्छ । जब जुनसुकै व्यक्तिले बदलाको भावनाका साथ हिंसात्मक कार्यहरू गर्न खोज्छ या त्यस्ता कार्य गर्छ भने त्यहाँको वातावरण अनुकूल रहन सक्दैन । वातावरणलाई स्वच्छ बनाउनका लागि हतियारहरूको प्रयोग गरेर द्वन्द्व सिर्जना गर्नतिर लाग्नुहुदैन ।

द्वन्द्वमय वातावरणले मानिस मात्र नभई जनावर, चराचुरुङ्गीमा पनि नराम्रो असर पारेको हुन्छ । यहाँ पनि गोली प्रहारका कारण चौरीहरू भागाभाग गरेको अवस्था र चोट लागेर केही चौरी ढलेको दुखदायी वातावरणलाई देखाइएको छ । मानिसका गलत

कार्यकलापका कारण जीवजनावरहरूले समेत कतिसम्म दुख व्यहोर्नुपर्छ भन्ने अभिव्यक्तिलाई पनि अनुच्छेदमा प्रकाश पार्न खोजिएको छ । चराहरूका भयभीत आवाजले भयानक कोलाहल निमार्ण गर्नुले ध्वनिप्रदूषण भई वातावरणमा असर पुऱ्याएको छ ।

पर्यावरणीय स्वच्छताको आधारमा *उलार* उपन्यासबाट लिइएको साक्षीलाई देहायबमोजिम प्रस्तुत गरी स्पष्ट पार्न सकिन्छ :

> एकपटक प्रेमललवा साह्रै बिरामी पऱ्यो । निमोनियाँ भएछ । तीन सयजति राजेन्द्रराजबाट सापटी लिएर उसले औषधी गरायो । आफूसित बल्लबल्ल जोगाएको साठी रूपैयाँ थियो, त्यो पनि स्वाहा ! तर निको भएन । नानपारा गएर हाकिमलाई देखायो । दरगाह बाबाकहाँ गयो तर केही काम लागेन । त्यसपछि निमोनियाँ र आर्थिक सङ्कट दुवै रोगले चाप्यो उसलाई । उपाय केही नलागेपछि ऊ राजेन्द्रराजको आँगनमा गएर पसारियो - लाचार, निरीह, उपायहीन । (पाण्डे २०६५ पृ. ७)

निमोनियाँजस्तो रोग प्रायः दूषित वायु, चिसो वातावरण, कमजोर स्वास्थ्य पूर्वाधार र अस्वच्छ जीवनशैलीका कारण फैलिएको हुन्छ । यहाँ बस्ने, खाने, सुत्ने स्थानहरू र उचित सरसफाइ वा सुरक्षित आवास नभएको हुनाले प्रेमललवाको निमोनियाँ भएको पुष्टि भएको छ । गरीब तथा श्रमिक वर्गका लागि स्वच्छ जीवनयापन गर्न आधारभूत सुविधाहरूको अभाव भएको हुँदा मानव पर्यावरणमा पर्ने पर्यावरणीय स्वच्छताको अभिन्न पक्ष स्वच्छता रहेको छ । प्रेमलालवाले तीन सय रूपैयाँ सापटी लिई औषधी गऱ्यो, नानपारा गयो, हाकिम र दरगाह बाबसम्म धायो तर रोग निको भएन भन्ने आधारबाट सस्तो, गुणस्तरीय र सहज पहुँचयोग्य स्वास्थ्य सेवा उपलब्ध नहुँदा गरिबले उपचार गर्न आर्थिक सङ्कट व्यहोर्नुपरेको छ । अशिक्षा र अन्धविश्वासका कारण वैकल्पिक उपचार (जस्तै : दरगाह जानु) मा निर्भरता देखिएको छ जसले स्वास्थ्य प्रणालीमा उतारचढाव सिर्जना गरेको छ । स्वच्छ पर्यावरणमा सफा पानीको उपलब्धता, मलमूत्रको व्यवस्थापन, स्वस्थ बासस्थान, धूलो, धुवाँ र प्रदूषणविहीन वातावरण आदिलाई समेटेको हुन्छ । यी मध्ये प्रेमललवाको जीवनमा कुनै पनि उपलब्ध नभएको हुनाले निमोनियाँ हुनु अस्वच्छ  वातावरणको परिणाम भएको छ । गरिब तथा निम्नवर्गका लागि अस्वच्छता नै रोगको प्रमुख कारण बनेको छ । मानिसले आर्थिका अभावका कारण पनि पर्यावरणको जोखिम मोल्नुपरेको यथार्थ कुरालाई माथिको अनुच्छेदमा

प्रेमललवाको जीवनसँग सम्बन्धित रहेको पुष्टि गरेको छ । आर्थिक अवस्था कमजोर भएका कारण समयमा उपचार गर्न नसक्नु, उपयुक्त पोषणयुक्त खानेकुराको कमी हुनु, सस्तो र अस्वस्थ वातावरणमा बाँच्न बाध्य भएको अवस्थाले पर्यावरणीय स्वच्छता परिपूर्ति गर्नमा असहजता सिर्जना भएको छ, जसको परिणामस्वरूप रोगले ग्रसित भई अस्वस्थ जीवन जीउन बाध्यात्मक अवस्थालाई देखाएको छ । तत्पश्चात् पर्यावरणीय स्वच्छता, मानव स्वास्थ्य र सम्मानजनक जीवनसँग प्रत्यक्ष रूपमा जोडिएको छ ।

पर्यावरणीय स्वच्छताको आधारमा *उलार* उपन्यासबाट लिइएको अर्को साक्षीलाई निम्नलिखित रूपमा प्रस्तुत गरी विश्लेषण गर्न सकिन्छ :

> घरमा आएर ऊ खाटमा डङ्ग्रङ्ग पछारियो र आफ्नो वरिपरि नियाल्न थाल्यो । घर ? यस्तो पनि घर हो ? एउटा खाट, गिल्टीका दुईचार ओटा भाँडा, कोठाभित्रै आफ्नो खाट र घोडाबीच छेकबार लगाएर ऊ सुत्छ । मुसाहरू, लादीको गन्ध । कलुवाले ल्याएर टाँसिदिने सिनेमाका पोस्टर । एकदुई बर्सातपछि ढल्न तम्तयार भित्ता । चुहिएर बर्सातमा सताउनु सताउने छत र एउटा नमिठो, एकदमै नमिठो शून्यता । (पाण्डे, २०६५, १५)

*उलार* उपन्यासको प्रस्तुत अंशमा वर्णन गरिएको घरको वातावरण अत्यन्तै अस्वस्थ, अव्यवस्थित र प्रदूषित देखिएको छ । खाटमा डङ्ग्रङ्ग पछारियो, भन्ने वाक्यबाट पात्रको थकित अवस्था मात्र होइन, उसले टेक्ने ठाउँको अनुपयुक्तता पनि झल्किन्छ । घर भन्नु स्वच्छ, सुरक्षित र आरामदायी बसोबासको स्थल हो भन्ने मान्यता विपरीत यहाँको घर एउटा खाट, गिल्टीका दुईचार ओटा भाँडा जस्ता अत्यन्त न्यून भौतिक साधनसहितको अस्तव्यस्त कोठामात्र हो । त्यसमा पनि घोडा र खाटबिच छेकबा लगाएर सुत्नुपर्ने अवस्था यस घरमा कुनै उचित बसोबासको संरचना नभएको प्रमाण हो । भुइँमा लादी र मुसाहरूको उपस्थितिले संक्रमणको खतरा बढाउँछ, जसले वातावरणीय र व्यक्तिगत स्वच्छताको गम्भीर अभाव देखाएको छ । लादीको गन्ध, चुहिने छत र ढल्न तम्तयार भित्ताहरूले अत्यन्त अस्वस्थ वातावरणको चित्रण गरेको छ । यस्तो वातावरणले शारिरीक मात्र नभई मानसिक स्वास्थ्यमा पनि असर गर्ने अवस्था देखाएको छ । विशेषगरी यहाँ एकदमै नमिठो शून्यताले मानसिक पीडालाई व्यक्त गर्न खोजेको छ । मानिसको स्वास्थ्य केवल सफा वातावरणले मात्र होइन कि सुसज्जित, सजीव र प्रेरणादायी वातावरणले पनि सुनिश्चित गर्छ तर यहाँ न

त उचित साजसज्जा छ, न त स्वच्छता, न त मानसिक सान्त्वना दिने कुनै तत्व नै छ । कलुवाले ल्याएर टाँसिदिने सिनेमाका पोस्टरहरूले घरको सजावटबारेको अज्ञानता वा लाचारी दर्शाएको छ, जुन वातावरणीय चेतनाको अभावकै परिणाम हो । यसले घरलाई केवल जिउ धान्ने ठाउँ बनाएको छ । यस अंशमा चित्रित अव्यवस्थित र फोहोर वातावरण पात्रको कमजोर आर्थिक अवस्थासँग गाँसिएको छ । आर्थिक अभाव, सामाजिक पछौटेपन र चेतनाको कमीले गर्दा मानिसहरू अस्वस्थ, अस्वच्छ र अपमानजनक अवस्थाबाट गुज्रिन बाध्य छन् भन्ने कुरालाई प्रेमललवाको माध्यमबाट अभिव्यक्त गरिएको छ । विकास वातावरणीय सरसफाइ र जीवनस्तर उकास्ने अभियानसँग गाँसिनुपर्छ । त्यसकारण यो अंशले पर्यावरणीय स्वच्छता मात्र होइन त्यसको अभावले पार्ने गहन सामाजिक र व्यक्तिगत प्रभावहरूलाई पनि चित्रण गरिएको छ । विपन्नता र पर्यावरणीय अस्वच्छताबिचको सम्बन्ध स्पष्ट देखिएको छ । यहाँ वातावरणीय स्वच्छताको गम्भीर अभावलाई अभिव्यक्त गरिएको छ । यस्तो अस्वस्थ वातावरणमा बसोबास गर्दा मानिसको स्वास्थ्य, मानसिक अवस्था र सामाजिक विकासमा नकारात्मक प्रभाव परेको छ । यसले समाजमा पर्यावरणीय स्वच्छता सुनिश्चित गर्न आवासीय सुविधा, आर्थिक सशक्तिकरण र जनचेतनाको आवश्यकता रहेको संकेत दिएको छ ।

### ३.३.२ पाण्डेका उपन्यासमा ग्राम्यताको अभिव्यक्ति

पर्यावरणीय स्वच्छता भन्नाले मानव बस्ती वरिपरि रहेको प्राकृतिक तथा मानव निर्मित वातावरणलाई सफा, सुरक्षित र स्वस्थकर बनाउने कार्यलाई बुझिन्छ । नेपालमा पर्यावरणीय स्वच्छताको परम्परा प्राचीन समयदेखि नै अवस्थित भएतापनि सरकारी रूपमा र योजनाबद्ध ढंगले स्वच्छता अभियानको थालनी २०२८ सालदेखि भएको मानिन्छ । त्यसयता विभिन्न चरणमा नीति, कार्यक्रम र चेतनामूलक अभियानहरूमार्फत यसले गति लिएको छ । खासमा बस्तीको वरिपरि सफा गर्ने, स्वच्छ नेपाल अभियान, खुला दिसामुक्त अभियान, नगरपालिकाहरूमा फोहोर सङ्कलन, वर्गीकरण र पुनः प्रयोगका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । जनचेतना कार्यक्रम, विद्यालयहरू स्वच्छ अभियानमा सक्रिय रहने जस्ता कार्यकलापले नेपालमा परम्परादेखि नै स्वच्छ वातावरणको धारणा मानिसमा भित्रिएको पाइन्छ । साहित्य समाजको ऐना हो । पुराना लोकगीत, पौराणिक कथा धर्मग्रन्थहरूमा पनि अप्रत्यक्ष रूपमा स्वच्छता र प्रकृतिप्रेमको झल्को पाइन्छ । बिसौं शताब्दी पछिका कवि, लेखकहरूले पर्यावरणीय स्वच्छता, प्रदूषण र प्राकृतिक विनाशलाई

प्रत्यक्ष रूपमा आफ्नो रचनामा समेट्न थालेका छन् । त्यस्तै नेपाली उपन्यासको क्षेत्रमा नयनराज पाण्डेका कृतिलाई हेर्दा पनि पर्यावरणीय चिन्तन भित्रिएको हुनाले सोही अनुकूल उपन्यासमा ग्राम्यता अन्र्तगत देखिएका पर्यावरणीय अभिव्यक्तिहरूलाई साक्ष्यसहित यहाँ विश्लेषण गरिएको छ । पाण्डेद्वारा लिखित '*सल्लीपिर*' उपन्यासबाट झिकिएको साक्षी निम्नलिखित रूपमा प्रस्तुत गरी विश्लेषण गर्न सकिन्छ :

> केही दिनदेखि सन्चो थिएन छिमीलाई । सुरुसुरुमा खाना रुच्न छाड्यो उनलाई । ग्याल्जेन र डोल्माले चिराइतो पिसेर पनि ख्वाए तर, त्यसले पनि असर गरेन । अरूचि झनझन् बढ्दै गयो । घरमा जो आएपनि भन्थिन्-कानैनेर आएर लाटोकोसेरो कराएजस्तो लाग्छ । अस्ति कोङबुमा बालेको घिउबत्ती हेर्दाहेर्दै निभ्यो । जिउमा अलिकति पनि तागत छैन । रातिराति बोक्सीहरू आएर रगत जति सबै चुसेर लगेजस्तो लाग्छ । जताततै मरेका मान्छेका प्रेत उडिरहेको देख्छु । यसपालि त बाँच्दिन होला । दावा र पेमाले सम्झाउँथे - केही हुन्न छिमी तिमीलाई छिटो निको होऊ ! हामीलाई तिमीले पकाएको आलुको थुक्पा र हरियो मकैको फल्गी खानु छ । तिमी अहिले मर्न पाउँदिनौ ।
>
> लामागुरु आएर भूत भगाउने पूजा गरेर जन्तर पनि लगाइदिएका थिए । अझ ग्याल्जेनले त तीन दिन हिँडेर टाढाको गाउँबाट ठूलो लामागुरुलाई ल्याएको थियो । उनले विभिन्न औषधी र केशर मिसिएको जललाई तान्त्रिक विधिबाट पूजा गरी छिमीलाई ख्वाए र शरीरमा छर्की पनि दिए । त्यति गर्दा पनि छिमीलाई सन्चो भएन । लामागुरुले नै सल्लाह दिए-अब लेकचरी उडाएर छेथर गर्नुपर्छ । ग्याल्जेनले एउटा गोठालोले समातेको लेकचरीलाई दाम हालेर किन्यो र छिमीको हातमा राखिदियो । छिमीले त्यो चरालाई आकाशमा उडाएर मुक्त गरिदिइन् । यसरी छेथर गरिसकेपछि त पक्कै निको हुन्छ भन्ने लागेको थियो सबैलाई । तर, छिमीको व्यथा निको भएन (पाण्डे २०७३ पृ. १११-११२) ।

*सल्लीपिर* उपन्यासको प्रस्तुत अंशलाई पर्यावरणीय ग्राम्यताका दृष्टिले विश्लेषण गर्दा यसले ग्राम्य परिवेश, जनजीवन, विश्वास, रोगव्यथा र प्रकृतिसँगको सम्बन्धलाई प्रगाढ रूपमा प्रस्तुत गरेको छ । यहाँ छिमीको रोगको वर्णनमा चिराइतोजस्ता जडीबुटीहरू ग्राम्य जीवनमा औषधीको रूपमा प्रयोग हुने प्रकृतिप्रतिको निर्भरतामा सम्बद्ध भएकोले ग्राम्य

अनुभव र विश्वासमा आधारित भएको देखाइएको छ । यसैगरी घिउबत्ती निभ्नु, रातिराति बोक्सीले रगत चुस्नु, प्रेत देख्नु जस्ता अनुभवहरू गाउँको सामाजिक धार्मिक सोचसँग गाँसिएको आध्यात्मिक पर्यावरण चेतनाको परिचायक हुन् । छिमीलाई लागेको रोगलाई व्यावहारिक उपचारभन्दा पनि बोक्सीले रगत चुस्नु, प्रेत देखिनु जस्ता सांस्कृतिक विश्वासहरूसँग गाँसिएको छ । यस्ता विश्वासहरूले गाउँमा रोगको व्याख्या प्राकृतिक भन्दा पनि आध्यात्मिक रूपमा गरिन्छ जुन ग्राम्य चेतना र परम्परागत ज्ञानप्रणालीसँग सम्बन्धित रहेको छ । दावा र पेमाले छिमीलाई सम्झाउँदा उनी पकाउने आलुको थुक्पा र हरियो मकैको फल्गीको उल्लेख गरेका छन् र यी खाद्यवस्तुहरू स्थानिक उत्पादन हुन् । यसले ग्राम्य जीवनका प्राकृतिक स्रोत, कृषि उत्पादन र मौसमी खानपानको महत्त्व देखाउँछ । जिउमा तागत छैन, प्रेत देखिन्छ यस्ता अभिव्यक्तिहरूले छिमीको मानसिक र शारीरिक अवस्था मात्र नभई प्रकृति र मान्छेबिचको संवेदनशील सम्बन्धलाई पनि अभिव्यक्त गरेको छ । छिमीको अवस्था मानव अस्तित्व र प्राकृतिक शक्तिबिचको द्वन्द्वको रूपमा देखिएको छ । यसबाट यो प्रष्ट हुन्छ कि गाउँको जीवनशैलीमा मानिसको अस्तित्व पूर्ण रूपमा प्राकृतिक, सामाजिक र आध्यात्मिक तत्वहरूसँग जोडिएको हुन्छ । यस अंशमा ग्राम्य परिवेश, परम्परागत उपचार प्रणाली, अन्धविश्वास, आत्मिक अनुभव, खाद्यसंस्कृति र सामाजिक अन्तर्सम्बन्धहरूका माध्यमबाट एक जटिल पर्यावरणीय ग्राम्य संसारको निमार्ण भएको छ ।

मानव पीडा निवारणका लागि प्राकृतिक जीवको प्रयोग गरिएको हुनाले यसले यथार्थमा जीव, प्रकृति र मानवबिचको  गहन अन्तर्सम्बन्धलाई दर्शाएको छ, जुन पर्यावरणीय ग्राम्यताको मूल अवधारणासँग मेल खाएको छ । छिमीको व्यथा चिकित्सा विज्ञानले बुझ्न सक्ने रोग मात्र होइन, त्यो धार्मिक, तान्त्रिक, पर्यावरणीय, सांस्कृतिक र सामाजिक सम्पूर्ण परिप्रेक्ष्यमा व्याख्यायित भएको छ । लामागुरुहरूले उपचार गर्दा पनि निको नभएपछि छेथरको सल्लाह दिनु ग्राम्य समाजमा रोगको बहुआयामिक अर्थलाई दर्शाएको हुन्छ । यो बहुआयामिक दृष्टिले ग्राम्य समाजमा रोग कुनै जैविक विकार मात्र नभई सामाजिक, नैतिक र आध्यात्मिक विघटनको प्रतीक पनि हुन सक्ने विश्वास गरिएको छ । जडीबुटी, केशर मिसिएको जल, चराको प्रयोग आदि सबै प्राकृतिक स्रोत हुन् । यी प्राकृतिक तत्वहरूलाई शक्तिशाली, उपचारात्मक र आध्यात्मिक रूपान्तरणको उपकरण मानिएको छ । यस्तो प्रयोगले गाउँले जीवनशैलीमा प्रकृतिप्रति श्रद्धा र संस्कृतिको प्रभाव

गहन रहेको छ भने लेकचरी समात्नु, त्यसलाई तान्त्रिक प्रयोगमा ल्याउनु यसले पर्यावरणीय शोषण र उपयोगको दोहोरो चरित्र प्रस्तुत गरेको छ ।

नेपाली समाजमा अझैपनि तन्त्रमन्त्र झारफुक गरेर रोगहरू निको हुन्छन् भनेर सोहीअनुकूल उपचारात्मक विधिहरूको अनुसरण गरिरहेका छन् भन्ने कुरालाई माथिको उपन्यासको अंशले वकालत गरेको छ । झारफुक गर्नका लागि गाउँमा लामागुरु हुने र उनैले भनेअनुसार नै औषधी गर्ने, तान्त्रिक विधिबाट पूजा गर्ने, केशर मिसाइएको जल खुवाउनु र शरीरमा छर्कने गर्नाले निको हुन्छ भनी गर्ने परम्परा रहेको छ । लेकचरी नामको चरा किनेर त्यसलाई आकाशमा उडाएर मुक्त गरिसकेपछि पनि निको हुन्छ भन्ने परम्परावादी चिन्तन समाजमा अझसम्म कायम नै छ भन्ने कुराको झल्को उल्लिखित उदाहरणमा स्पष्ट रहेको छ । यस्ता प्रकारका गतिविधि समाजमा हिजोआज पनि भइरहेको अवस्था छ । प्राचीन समयमा डाक्टरभन्दा धामीझाक्रीमा बढी विश्वास गरी सोहीअनुकूल मानिसहरू अगाडि बढ्ने गर्ने कुरा छर्लङ्ग छ । सहरमा बिरामी परेको अवस्थामा औषधीउपचार गर्नका लागि डाक्टरसँग नै चेकजाँच गर्दछन् भने गाउँमा लामागुरुसँग केही असहज परिस्थितिमा त्यस समस्यालाई परिपूर्ति गर्नका लागि मानिसहरू लागि परेका हुन्छन् । बोक्सीले रगत चुसेको र मरेको मान्छे भूतप्रेत भएर अर्को व्यक्तिलाई बिरामी हुँदा विभिन्न ग्राम्य भेगका प्रक्रिया अपनाएर जाँच भएको हुन्छ । खासमा विकट ग्रामीण भेग अर्थात् हिमाली भेगतिरका मानिसहरू निकै असहज परिस्थितिमा जीवन गुजारिरहेको कुराको यथार्थ रूपलाई यहाँ प्रस्तुत गरिएको छ ।

प्राकृतिक उपचार पद्धति, तात्विक विश्वास, जीव, प्रकृति र मानवबिचको सम्बन्ध, ग्राम्य समाजको सांस्कृतिक चिन्तन र धार्मिक उपचार पद्धतिमा पर्यावरणीय तत्वहरूको प्रयोगलाई प्रभावशाली ढंगले प्रस्तुत गरको छ । *सल्लीपिर* उपन्यासको अंशमा यस्तो प्रकृतिको ग्राम्यताको चित्रणले हामीलाई ग्राम्य समाजमा मानिस र प्रकृतिको सम्बन्ध केवल भौतिक मात्र नभएर भावनात्मक, सांस्कृतिक र आध्यात्मिक पनि हो भन्ने सन्देश प्रवाह गरेको पाइन्छ ।

त्यस्तै *सल्लीपिर* उपन्यासको साक्षीलाई देहायबमोजिम रुपमा उल्लेख गरी सोही आधारमा विश्लेषण गरिन्छ :

परार साल दावा, ग्याल्जेन, तेन्जी र गाउँका अरू केटाहरू मिलेर गाउँभन्दा निकै परबाट बगिरहेको कुलोको पानीलाई काठको डुँडबाट झारेर घट्ट बनाएका थिए । केही दिनअघिमात्र पेमाले फुर्वालाई कसरी बाँसको सोलीमा अन्न हाल्ने र कसरी पिठोलाई पोको पारेर घरसम्म ल्याउने भनेर सिकाएकी थिई आज पनि अलिकति उवा दिएर फुर्वालाई नै घट्टमा पठाउन खोजेकी थिई उसले । घट्टमा जाने भनेपछि यसै पनि फुर्वा दङ्ग पर्थ्यो । अन्नका गेडा जब पिठो भएर घट्टवरिपरि थुप्रिन्थ्यो, उसलाई यो प्रक्रिया निर्जीव वस्तुहरूले देखाएको सजीव कारिगरी जस्तै लाग्थ्यो, ... गाउँदेखि दक्खिनका ओडारहरूमा चितुवाको पिसाबको गन्ध आएको छ । त्यतै वरपर पाइतालाको छाप पनि देखिएको छ । अब होसियार हुनुपर्छ (पृ. १२८-१२९) ।

*सल्लीपिर* उपन्यासको प्रस्तुत अंशलाई पर्यावरणीय ग्राम्यताको दृष्टिकोणबाट विश्लेषण गर्दा यसले गाउँको जीवनशैली, सामूहिक श्रम, प्राकृतिक संसाधनको उपयोग, अनुभवजन्य ज्ञान र वन्यजन्तु, मानव सहअस्तित्वजस्ता विषयहरूलाई गहिरो रूपमा प्रस्तुत गरेको देखिन्छ । यस अंशमा मानव र प्रकृतिबिचको अन्तर्सम्बन्ध, परम्परागत सीपको संरक्षण र ग्रामीण संवेदनशीलता प्रमुख रहेका छन् । गाउँका युवाहरू मिलेर गाउँभन्दा निकै परबाट बगिरहेको कुलोको पानीलाई काठको डुँडबाट झारेर घट्ट बनाउनु भन्ने वाक्यले सामूहिक श्रमको संस्कृति र प्राकृतिक स्रोतहरूको परम्परागत तरिकाले उपयोग गर्ने सीपलाई देखाएको छ । पानीजस्तो प्राकृतिक स्रोतलाई कृषि र आहार उत्पादनसँग जोड्नु ग्राम्य जीवनको यथार्थता हो । पेमाले फुर्वालाई अन्न हाल्ने, पिठो पोको पार्ने सीप सिकाउनुले अन्तरपुस्तीय ज्ञान हस्तान्तरणको उदाहरण मान्न सकिन्छ । यसले स्थानीय ज्ञान प्रणाली र आजीविकाको पारस्परिक अभ्यासलाई अगाडि ल्याएको हुन्छ, जुन पर्यावरणीय ग्राम्यताको मेरुदण्ड हो । फुर्वाले घट्टमा पिठो बन्ने प्रक्रियालाई निर्जीव वस्तुहरूले देखाएको सजीव कारिगरी भन्नु एक पर्यावरणीय सौन्दर्यबोध हो । यसले बाल मनमा पनि प्रकृतिप्रति गहिरो संवेदना  कौतूहल जन्मिएको देखाउँछ । यस्ता परिवेशमा  बालकहरूको पर्यावरणीय शिक्षा र भावनात्मक सम्बन्धको सूचक हुन् । त्यस्तै यहाँ काठको डुँडमार्फत पानी झारेर घट्ट सञ्चालन गर्नु ग्राम्य प्रविधिको सरल र सस्तो रूप हो । यस्ता उपायहरूले दिगो पर्यावरणमैत्री विकासलाई प्रोत्साहन गर्दछ । यी अभ्यासहरूले कम स्रोतमा बढी उत्पादन गर्ने हरित जीवनशैलीको ग्रामीण मोडल प्रस्तुत गरेका छन् ।

उपन्यासले आफैँमा हिमाली भेगतिरको चित्रण गरेका परिदृश्यहरू प्रस्तुत *सल्लीपिर* उपन्यासमा अभिव्यक्त भएको हुनाले यहाा साक्ष्यमा पनि दाावा, ग्याल्जेन, फुर्वा र तेन्जीलगायत अन्य हिमाली भेगतिर बस्ने शेर्पा जातिको व्यक्तिको नाम हुन् भन्ने हुन्छ । ग्रामीण भेगतिर नै पानी लगाउने कुलो हुन्छ । जहाा पानी प्रशस्त मात्रामा हुन्छ त्यहाा घट्ट पनि निमार्ण गर्न मिल्छ । बोटबिरुवाका हिसाबले बास भन्ने बिरुवाको प्रजाति पनि धेरैजसो हिमाली भेगतिर पाइने प्रजाति हो । यहाा अन्न राख्नका लागि बासको सोली प्रयोग गरिने बताइएको छ । उवा नामक एक प्रकारको खाद्यान्न पनि प्राय : हिमाली क्षेत्रतिर नै लगाइने अन्नको बाली हो । गाउादेखि दक्खिनका ओडारहरूमा चितुवाको पिसाबको गन्ध आएको प्रसङ्गले पनि पर्यावरणीय ग्राम्यतालाई प्रष्ट पारेको छ ।

अर्को उदाहरणबाट यसरी ग्राम्यतालाई स्पष्ट पार्न सकिन्छ : “हो, पेमाले पकाएको ढिाडो र चिजको सोल्लर नखाई फुर्वा कतै जान्ना । पेमाले डल्लो साबुनले धोइदिएको सफा छुवा र शिरमा उसैले बुनिदिएको सेमुङ र पाउमा दोचा नलगाई ऊ कतै जान्न ।” (पृ. १९७) यहाा ढिाडो र चिजको सोल्लर (पिठोमा चिज मिसाएर बनाइएको खाना) ले ग्रामीण भोजन संस्कृतिको स्पष्टता दिलाएको छ । पिठोमा बनाइएको स्थानीय परिकारले हिमाली जनजीवनको खानपानलाई देखाउाछ ग्रामीण जनजीवनलाई प्राकृतिक स्रोतमा आधारित सस्तो र पोषणयुक्त बनाउाछ । यस्ता भोजन आयातित खानाभन्दा बढी स्वस्थकर हुन्छन् । यस्ता परिकारहरू खेती, पशुपालन र स्थानीय सीपसाग जोडिएका छन्, जसले गाउामा अर्गानिक, घरमै उत्पादन भएको खाना खाएर दिनचर्या थाल्ने चलन छ साथै पेमाले पकाएको भन्नाले पारिवारिक आत्मीयता र स्त्रीको गृहस्थ भूमिकासमेत देखाइएको छ । यहाा ग्रामीण भेषभूषा मौसम, भूगोल र परम्परासाग गाासिएको हुन्छ । सेमुङ (टोपी) र दोचा ( हिमाली जुत्ता /मोजा) जस्ता परम्परागत लुगा तथा सामग्री हिमाली पर्यावरणसाग प्रत्यक्ष जोडिएका छन् । यस्ता वस्तुहरू स्थानीयस्तरमै पाइने कच्चापदार्थ जस्तै : ऊन, कपास, को प्रयोग गरेर बनाइएका हुनाले वातावरणीय दृष्टिले दिगो छन् र चिसोबाट बच्ने उपाय हुन्, जुन स्थानीय स्रोतहरूबाट तयार गरिन्छ । यस्ता उत्पादन प्रणालीले कुनै कारखाना, प्लास्टिक वा रासायनिक प्रशोधनको आवश्यकता पर्दैन जसले प्रदूषण घटाउने र हरित अर्थतन्त्र बढाउने काम गर्छ । यसको प्रयोगले ग्राम्य जीवनको आत्मनिर्भरता, परम्परा र प्राकृतिक वातावरणसागको घनिष्ठ सम्बन्ध देखाउाछ । डल्लो साबुन भन्ने उल्लेखले स्थानीय रूपमा बनाइने साबुनलाई जनाएको छ, जुन जैविक प्रकृतिको हुन्छ । ग्रामीण

क्षेत्रको यस्तो प्रयोगले पानी प्रदूषण, जल जीवन सङ्कट र प्लास्टिकजन्य बर्बादीबाट बचाएको हुन्छ । फुर्वाको प्रेम, पेमाप्रतिको निर्भरता र स्थानीय पोशाक तथा खानाप्रतिको अनुरागले ग्राम्य समाजमा सामाजिक सम्बन्ध र पर्यावरणीय व्यवहारबिच गहिरो सम्बन्ध रहेको पुष्टि हुन्छ । यस्ता सम्बन्धले भौतिकभन्दा पनि आत्मीय, सांस्कृतिक र वातावरणमैत्री जीवनशैलील बनाएको हुन्छ । पेमाको हातको खाना, ऊनबाट बनेको सेमुङ, स्थानीय पोशाक र सरसफाइका साधनहरू सबैले ग्राम्य परिवेश र वातावरणबिच गहिरो सन्तुलन रहेको जनाउाछ । यहाा हिमाली ग्राम्य जीवनको दैनिकता, पारिवारिक आत्मीयता, स्थानीय खानपान, भेषभूषा र प्रकृतिसागको सामीप्यता प्रस्तुत भएको छ । गाउाको जीवनशैली प्रकृतिसाग मिलेर चलेको हुन्छ । खानपान, लुगाफाटो र जीवनशैली सबैजसो वातावरणमै आधारित हुन्छ । *सल्लीपिर* उपन्यासको यो अंशले ग्रामीण क्षेत्रको जीवनशैली, स्थानीय ज्ञान र प्राकृतिक सन्तुलनमा आधारित मानव जीवनशैलीलाई प्रभावकारी ढंगले प्रस्तुत गरेको छ ।

ग्रामीण जीवनमा कोदोबाट बनाइएको परिकार ढिाडो र चिजको सोल्लर शेर्पा जातिको परिवारको विशेष परिकार हो । कोदोको ढिाडोको परिकार लेकतिर बढी प्रयोग गरिन्छ । छुवा, सेमुङ र दोचा जस्ता शेर्पा जातिले लगाउने पहिरनको बारेमा यहाा प्रष्ट पारिएको छ । जहाा जुनसुकै ठाउामा हिडाडुल गर्ने क्रममा पनि आफ्नो भेषभूषालाई उनीहरूले सम्झिरहन्छन् जसले ग्राम्य संस्कारलाई पनि चिनाउाछ ।

त्यस्तैगरी पाण्डेको अर्को उपन्यास *लू* बाट लिइएको उदाहरणलाई यसरी देखाइन्छ :

> अनवरको घरमा रूवावासी चलिरहादा आधा गाउा भने गोबरी र बुधवाले मरेको भैंसीको छाला उधिनिरहेको ठाउामा रमिते भएर उभिएको थियो । बुधवा र गोबरीले बिहानै धोकिसकेका रहेछन् । भैंसीको मासुको भागबन्डामा कुरो नमिलेर दुवैमा त्यहीा घम्साघम्सी परिहाल्यो । रामप्यारी गाउामा केही राम्रो-नराम्रो घटना भयो कि घटनास्थलमा उपस्थित भैहाल्छे । त्यस्ता घटनास्थलहरूमा जान पाइन र यथार्थ घटनामा मरमसला थपथाप गरेर गाउाभरि प्रचारप्रसार गर्न पाइन भने खाएकै पच्दैन उसलाई । आज भने फूर्सद पाइन जसले । रातिदेखि नै सुत्केरी गराउने चटारोमा परिहाली । किनभने गाउामा दर्जनजति आइमाईलाई राति डाकाहरूले पड्काएको पेस्तोलको आवाज सुन्नेबित्तिकै सुत्केरी बेथा सुरु भएको थियो । गाउाको एक मात्र सुाडिनी हो रामप्यारी । त्यसैले रातिदेखि नै उसलाई सुत्केरी गराउादै फुर्सद भएको थिएन (पाण्डे, २०७२, पृ. ८१) ।

प्रस्तुत *लू* उपन्यासको अंशमा नेपाली समाजको ग्रामीण जीवन, त्यहााको वातावरण, संस्कृति, परम्परा र जनमानसको गहिरो चित्रण हो । यहाा ग्रामीण परिवेशको यथार्थ जीवनशैली, सीमित सेवासुविधा, प्राकृतिक र सामाजिक प्रभावलाई अभिव्यक्त गरिएको छ । पर्यावरणीय ग्राम्यता भन्नावले गाउाको भौगोलिक, सामाजिक, सांस्कृतिक र त्यससाग गाासिएका जनजीवनका पक्षहरूलाई बुझिन्छ । त्यसै आधारमा आज भने फुर्सद पाइन जसले भन्ने वाक्यले ग्रामीण जीवनको निरन्तर सक्रियता र श्रमशीलताको पहिचान गराएको हुन्छ । गाउाका व्यक्तिहरू विशेषतः महिलाहरू सधैा काममा व्यस्त हुन्छन् । खेतीपातीको काम होस् या घरको काम होस् या कुनै समुदायको जिम्मेवारी जुनसुकै काम भएपनि यहाा फुर्सद नपाउनु भनेको सुाडिनी (प्रसूति सहायक) रामप्यारीको भूमिकाबाट ग्रामीण सेवाको अभाव र व्यक्तिमा पर्ने अतिरिक्त बोझ देखिएको छ । अझै पनि ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुाच हुन नसक्दा परम्परागत तरिकामा नै सुत्केरी गराउने प्रचलन रहेको छ । रातको समय भएपनि सेवा दिनुपर्ने बाध्यता रहेको हुनाले यसले ग्रामीण जीवनको कठिनता, जोखिम र असुविधालाई झल्काउाछ । गाउामा दर्जनजति आइमाईलाई राति डाकाहरूले पड्काएको पेस्तोलको आवाज सुन्नेबित्तिकै सुत्केरी बेथा सुरु भएको थियो, यो वाक्यले ग्रामीण समाजमा हिंसात्मक घटना (जस्तै डाकाहरूको आक्रमण) र त्यसले महिलाहरूको स्वास्थ्यमा पार्ने मनोवैज्ञानिक असरलाई देखाउाछ । पेस्तोलको आवाजले सुत्केरी बेथा सुरु हुनु मानिसको मानसिक स्वास्थ्य र डरको अवस्था बुझाउाछ जसले पर्यावरणीय तनाव ( मानवजन्य) र ग्रामीण जीवनको असुरक्षाको चित्रण गरेको छ । गाउाको एकमात्र सुाडिनी हो रामप्यारी, भन्ने वाक्यबाट ग्रामीण भेगमा दक्ष जनशक्तिको अभाव र महिलाको भूमिकाको महत्त्व पनि धेरै रहेको कुरालाई देखाइएको छ ।

माथिको अंशमा महिलाहरूलाई सुत्केरी हुने अवस्थामा सहायता गर्नका लागि सुडिनीको प्रयोग ग्रामीण समाजमा हुने गरेको देखिन्छ । अझै पनि नेपालमा रहेका सबैजसो ग्रामीण क्षेत्रमा स्वास्थ्य चौकीको व्यवस्थित परिचालन हुन सकेको छैन । घरनजिकै अस्पताल हुन नसक्दा महिला सुत्केरी हुने समयमा घरमै सुडिनी बोलाउने प्रचलन रहेको छ । ग्रामीण क्षेत्रमा राम्रोसाग स्वास्थ्यचौकी परिचालन हुन नसक्नु अर्थात् विकट क्षेत्रमा स्वास्थ्य चौकी नहुनु दुखद कुरा हो, जसको असर समग्र जनताहरूमा परेको छ । विशेषगरी सृष्टि महिला र पुरुषको सहायताबाट चल्ने भएपनि धेरै विडम्बना नारीहरूले नै झेल्नुपरेको तितो यथार्थ बच्चा जन्माउने बेलामा स्वास्थ्योपचार प्राप्त नभई सुडिनीको सहायता लिनु

हो । यो अवस्थाले गर्दा नेपाली ग्राम्य क्षेत्रको झल्कोलाई बुलन्द बनाएको छ । गाउामा तत्कालिन आवश्यकता पूरा गर्नका लागि प्राय : सहरबजारमा जसरी सुविधा हुदैन । त्यसकारण गाउामा खसीबोका काटेर नापतौल पनि अनुमानको आधारमा गरेर भागबन्डा लगाउने गरेको पाइन्छ, त्यस्तै माथिको उपन्यासांशमा पनि भैंसीको मासुमा भागबन्डा नमिल्दा गोबरी र बुधवा भन्ने दुई व्यक्तिहरू आपसमा झैझगडा गरेको कुरालाई देखाउन खोजिएको छ, जुन समाजको यथार्थ अवस्था हो ।

गाउाघरतिरको परिवेश बढी चासो प्रकट गर्ने किसिमको हुन्छ । कहिकतै नयाातजा कुरा भयो कि समाजमा एकअर्कालाई भनिहाल्ने गर्दछन् । त्यसमाथि त कुनै व्यक्ति अरू व्यक्तिका केही कामकुराबारे जानकारी भयो भने तुरुन्त अन्य व्यक्तिहरूमा खबर आदानप्रदान गर्ने प्रवृत्ति भएका हुन्छन् । यहाा पनि रामप्यारी नामक पात्रले गाउामा यता भएका कुरा उता पुऱ्याउने र उता भएका कुरा यता पुऱ्याउने बानी भएको कुरालाई अभिव्यक्त गर्न खोजिएको छ । यस्तो प्रकृतिको व्यवहार प्रायः ग्रामीण क्षेत्रमा हुन्छ भन्ने कुरा माथिको उपन्यासको अंशबाट छर्लङ्ग हुन्छ ।

त्यस्तैगरी अर्को उदाहरणका रूपमा पनि लू उपन्यासकै अंशलाई लिन सकिन्छ । जस्तै :

> महेश्वर यो गाउाको भद्रभलादमी मानिन्छ । हुनेखाने पनि हो । दाहिनेतिरको कुकुर दाातलाई सुनले मोडेको छ उसले । उब्जनी हुन छोडेपनि दशगजासितै जोडिएको पक्का डेढ बिघा जमिन छ । घर माटोकै छ तर ठूलो छ । आागन पनि ठूलो र सफा छ । गोठमा सधै एकदुई वटा दुहुना भैासी भैरहन्छन् । जमुनहा र भिन्गा बजारतिर दूध बेचेरै महिनाको तीनचार हजार कमाउाछन् । एक जोर बयल पनि छन् । आफ्नै ट्युबवेल छ । झन्डै आधाउधी गाउालेहरूले उसैको ट्युबवेलको पानी खाएर प्यास मेट्छन् । अरूलाई आपत्विपत् पर्दा बाहिरबाहिर दुःखी भए जस्तो गर्ने र मनमा चाहि मालकोस राग गाउने खालको मान्छे होइन महेश्वर । एकदम सहयोगी स्वभावको छ ऊ । एक किसिमले गाउाको अभिभावककै जस्तो छ ऊ । सबैले इज्जत पनि गर्छन् (पाण्डे, २०७२ पृ. १२१) ।

*लू* उपन्यासका आधारमा प्रस्तुत अंशमा महेश्वरको जीवनचित्रणले ग्रामीण परिवेशको पर्यावरणीय यथार्थलाई गहिरो रूपमा उजागर गरेको छ । समाजमा जस्तासुकै मानिसहरूको बसोबास हुने भएपनि प्रायः सहरको तुलनामा ग्रामीण नेपाली समाजमा एक

अर्कालाई सहयोग गर्नुपर्छ भन्ने भावनालाई महेश्वरले देखाएको क्रियाकलाबाट स्पष्ट पार्न खोजिएको छ । गाउाको सम्पन्न व्यक्तिका रूपमा चिनिएका महेश्वरको जीवनशैली, संशाधनको उपयोग र सामाजिक भूमिका ग्राम्य पर्यावरणसाग पूर्णतः समाहित देखिन्छ । यहाा प्राकृतिक स्रोतहरूमा आधारित जीवनपद्धतिलाई प्रतिबिम्बत गर्दछ । उनी दूध उत्पादन र बिक्रिजस्ता स्थानीय उपजको उपयोग गरी आत्मनिर्भर आर्थिक प्रणालीमा बााचेका छन्, जुन ग्रामीण जैविक जीवनशैलीको उदाहरण हो । त्यस्तै ट्युबवेलको पानी आधा गाउालेहरूलाई उपलब्ध गराउनु, आपतबेला सहयोगी भूमिका खेल्नुजस्ता विवरणले ग्राम्य समाजमा विद्यमान सामाजिक सहकार्य, परस्पर निर्भरताको भावना र सामुदायिक उत्तरदायित्वलाई देखाएको छ । यी सबै पक्षहरूले ग्रामीण जीवनशैलीमा मानिस र वातावरणबीचको अन्तरसम्बन्ध, परम्परा र सामाजिक संरचनाको गहिरो अन्तर्वस्तु प्रस्तुत गर्दछन् । यसले ग्राम्य समाजमा पर्यावरण केवल प्राकृतिक स्रोतहरूको जमघट मात्र नभएर जीवन संस्कार, आत्मनिर्भरता र सामाजिक सम्बन्धले भरिएको समग्र जीवन दर्शन हो । यहाा महेश्वरको व्यक्तित्व र जीवनशैलीमार्फत उपन्यासले ग्राम्य पर्यावरणीय यथार्थ, स्रोतसाधनको उपयोग, सामाजिक उत्तरदायित्व र परम्परागत जीवन दृष्टिको संयोजन गरी ग्रामीण संस्कृतिको गहिरो, विश्लेषणात्मक तथा यथार्थपरक प्रस्तुती गरेको छ । गाउामा बसोबास गर्ने, कृषिमा आधारित जीवनशैली अपनाउने र सामाजिक संरचनामा गहिरो जरा गाडेको एक पात्रका रूपमा महेश्वर प्रस्तुत भएका छन् । उनीसाग डेढ विघा जमिन, ठूलो माटोको घर, सफा आागन, दुहुना भैसी, बयल, ट्युबवेल आदि हुनु केवल भौतिक सम्पत्तिको कुरा मात्रै होइन, यो विशिष्ट ग्राम्य परिवेश र गाउाको आत्मनिर्भरता झल्काउने संकेत हो । ट्युबवेलबाट आधा गाउालेहरूलाई पानी दिनु, दूध बेचेर आम्दानी गर्नु र अन्यलाई सहयोग गर्नु ग्राम्य पर्यावरणका साझा प्रयोग हुन् । ग्रामीण समाजमा मानिस र प्रकृतिबीचको सम्बन्ध नजिकको हुन्छ । पशुपालन, कृषि, जलस्रोत, माटोको घर आदि सबै प्राकृतिक संसाधनको सीधा उपयोग र संरक्षणसाग सम्बन्धित छन् । महेश्वरको जीवनशैली प्रकृतिको चक्रसाग समायोजन गरेर बााच्ने परम्परागत गाउा समाजको प्रतिनिधि स्वरूप देखिन्छ । त्यसैले, यो अंश केवल एक पात्रको माध्यमबाट भएपनि ग्राम्य समाजको आर्थिक, सामाजिक र पर्यावरणीय स्वरूपको समग्र चित्रण हो जहाा पहिचान उब्जनी, पशुपालन, सामूहिकता र प्रकृतिसागको सन्तुलन रहन्छ । यसरी लू उपन्यासले ग्राम्य परिवेशको पर्यावरणीय गहिराईलाई एक संवेदनशील तरिकाले प्रस्तुत गरेको छ ।

माथिको अंशमा ग्रामीण समाजमा भद्रभलाद्मी मानिएको मान्छेलाई अर्थात् हुनेखाने मान्छे जग्गाजमिन पनि धेरै भएका हुन्छन् । गोठमा एकदुई वटा भैसी दुहुना भैरहनु र

माटोका घर हुनु नेपाली ग्रामीण समाजको चित्रण हो । सहरमा घर नजिक भएपनि मन टाढा भएका मानिसहरू हुन्छन् तर गाउामा भने घर टाढा भएपनि मन नजिक भएका मानिसहरूको बसोबास हुन्छ । प्रायः गाउामा एकअर्कामा परिआएका बेला सहयोग गर्नुपर्छ भन्ने चिन्तन गाउाका व्यक्तिहरूमा रहन्छ । यहाा यस्तै भावना भएका महेश्वर गाउाकै अभिभावकको रूपमा रहेको कुरा प्रस्तुत अनुच्छेदबाट स्पष्ट भएको छ । गाउाबाट भैसी पालेर सोही दुहुना भैसीको दूध बजारतिर बेचेर प्रशस्त मात्रामा आम्दानी गर्न सकिन्छ । हरेक कुरा उत्पादन हुने शहर मात्र पनि होइन, गाउाले जीवनमा पनि विभिन्न उत्पादनका आधार अपनाएर आम्दानीको बाटो बनाउन सकिने कुरालाई स्पष्ट बनाएको छ ।

*लू* उपन्यासबाट लिइएको पर्यावरणीय ग्राम्यताको साक्षीलाई यसरी स्पष्ट पार्न सकिन्छ : कुनै पनि गरीब किसानको लागि हलो र गोरु बेच्नुभन्दा ठूलो दुर्भाग्य अरू के हुन सक्छ सबैलाई थाहा छ, खेतीको बेला हलो र बयल बेच्नु त आफूलाई बेचेसरह हो । (पाण्डे, २०७२ पृ.२०३) *लू* उपन्यासबाट लिइएको प्रस्तुत अंशमा हलो र गोरु नेपाली ग्रामीण कृषिका आधार हुन् भन्ने कुरालाई देखाइएको छ । किसानको जीविकोपार्जन प्राकृतिक चक्र (मौसम, माटो, पानी) र यस्ता पारम्परिक कृषि औजारहरूमा निर्भर भएका हुन्छन् । हलो र गोरुको माध्यमबाट किसानले वातावरणमै आधारित जीवनयापन गर्छ, जसले प्राकृतिक सन्तुलन, पारिस्थितिक स्थायित्व र परम्परागत जैविक खेतीलाई निरन्तरता दिादै आएको छ । किसान र गोरुबिचको सम्बन्ध पर्यावरणीय सहजीवनको प्रतीक हो किनभने गोरुलाई खेतबारी जोत्नका लागि प्रयोग गरिन्छ । जब किसान हलो गोरु बेच्न बाध्य हुन्छ त्यसको अर्थ कृषि संस्कृति पारिस्थितिक ग्रामीण जीवनशैलीको अन्त्य, परम्परागत जैविक खेतीको अन्त्य, पशुजन्य मलको प्रयोग घट्दै जानु र दीर्घकालीन रूपमा कृषि भूमि नष्ट गरेको हुन्छ अर्थात्  यो अवस्थाले जैविक खेतीको घटाउ, रासायनिक कृषि प्रणालीको बढोत्तरी र वातावरणीय असन्तुलन निम्त्याउन सक्छ । लू उपन्यासको यो अंशले परम्परागत ग्राम्य पर्यावरण र त्यसको संरक्षणप्रतिको गहिरो चिन्तन र चेतावनी बोकेको छ ।

त्यस्तैगरी उलार उपन्यासका आधारमा पर्यावरणीय ग्राम्यता झल्काउने उदाहरणलाई यहाा स्पष्ट रूपमा उल्लेख गरिएको छ :

> गए राति ऊ एउटा होटलको कमन रूममा पच्चीस रूपैयाा तिरेर सुतेको थियो । त्यति महागो सुताइ उसका लागि पहिलो थियो । त्यसैले उसलाई रातभर निद्रा परेन । होटलवालाले उसलाई देखेर, हेपेर फोहोर सिरक र डसना भएको खाटमा

बसायो तर त्यही ओछ्यान उसलाई एकदम सफा र सुग्घर लाग्यो । आफ्नो शरीरको मयल ओछ्यानमा सर्ला भन्ने पीरलाई पनि उसले रातभरि बेहोरिरह्यो । (पाण्डे, २०६५ पृ. ४४)

उलार उपन्यासको प्रस्तुत अंशलाई पर्यावरणीय ग्राम्यताको दृष्टिबाट विश्लेषण गर्दा ग्रामीण जीवनको यथार्थ, मानवीय संवेदना र परिवेशीय द्वन्द्व निकै मार्मिक रूपमा अभिव्यक्त भएको छ । प्रेमलाल नामको पात्रले सहरमा भोगेको होटलको अनुभवबाट ग्रामीण दृष्टिकोण झल्किएको छ । ग्रामीण परिवेशमा सुत्नका लागि पैसा तिनुपर्दैन । जमिन, धुरी, पराल वा घाासको ओछ्यान नै पर्याप्त हुन्छ । यद्यपि सहरको नजरमा जुन ओछ्यान फोहोर छ तर नि प्रेमलाललाई सफासुग्घर लागेको हुन्छ यसबाट सफाइको बोध पनि सामाजिक सन्दर्भअनुसार फरक हुन्छ भन्ने कुरालाई देखाइएको छ । पात्रको शरीरको मयल ओछ्यानमा सर्ला कि भन्ने चिन्ताले उसलाई रातभर निदाउन दिदैन । यस कुराले प्रेमललवामा नैतिक जिम्मेवारी र संवेदनशीलताको परिचायक हो, जुन ग्रामीण संस्कारको गहिरो असर हो । उसले ओछ्यानलाई फोहोर हुने डरले होइन, अरुको चीज बिग्रीन्छ भन्ने आत्मग्लानीले महसुस गर्छ, यसले मानव पर्यावरण सम्बन्धको नैतिकता प्रकट गर्छ । सहरमा ग्रामीण भेगको मानिस भनेर भेदभाव गरेपनि पात्रको ग्रामीण मानस भने सम्मान, स्वाभिमान र न्यानोपनले भरिएको छर्लङ्ग छ । सामान्य साधन र स्रोतमा पनि सन्तोष गर्ने ग्रामीण चेतनालाई माथिको अंशमा देखाइएको छ । त्यस्तैगरी उपयुक्त अंशमा निहित पात्रको अनुभूति केवल आर्थिक गरिबी होइन, एक ग्रामीण पर्यावरणीय संस्कार बोकेको चेतनाको द्वन्द्व हो । त्यो चेतनामा पर्यावरणसागको नजिकको सम्बन्ध, शुद्धता र सरलता  भौतिकभन्दा आत्मिक मूल्य प्रमुख छन् । यिनै पक्षहरूले उलार उपन्यासको पर्यावरणीय ग्राम्यताको विशेषता सशक्त रूपमा स्पष्ट हुन्छन् ।

## ३.४ निष्कर्ष

प्रस्तुत अध्यायमा नयनराज पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यता शीर्षकमा जोडिएर अध्ययन गरिएको छ । यस अध्यायमा नेपाली ग्रामीण समाजको यथार्थता र संस्कार संस्कृतिसाग सम्बद्ध भई ग्राम्य जीवनको समस्याहरूलाई अभिव्यक्त गर्ने काम गरिएको छ । वास्तवमा गाउाले जीवन परम्परागत संस्कार र मान्यतासाग गाासिएको हुन्छ । समाजभित्र मजदुर र भूमिपतिबिचको विभेदका कारण वर्गीय विभाजनको कुरालाई स्पष्ट पारिएको छ । ग्रामीण क्षेत्रको भूगोल, खेतीपाती, दैनिक जीवनशैली, खोलानाला, कूलो, डााडाकााडा, वनजङ्गल, किसानहरूको संघर्षलगायतका पक्षहरू ग्राम्यतासाग निकट देखिन्छन् । हिमाली ग्राम्यता यहाा अझ गहिरो रूपमा प्रस्तुत भएको छ । भाषा, भेषभूषा, देवीदेवताको पूजाआजा र लोकजीवनका परम्परालाई झल्काइएका छन् । यस अध्यायमा ग्रामीण गरिबी, सानो वर्गको संघर्ष, भूमिहीनताको पीडा र सहरको प्रभावबाट विकृत हुादै गएको गाउा समाजलाई देखाइएको छ । परम्परागत गाउा संस्कृति र श्रमजीवी जीवनको अवलोकन गरी स्वावलम्बी जीवनशैली र प्रकृतिसागको आत्मीय सम्बन्ध ग्राम्यताका मुख्य पक्ष मानेर ग्राम्यताको दृष्टिले नेपाली गाउा समाजको बहुरूपता भूगोल, जातीयता, संस्कृति र राजनीतिक अवस्थाले निमार्ण गरेको विविध ग्राम्य जीवनलाई स्पष्ट पारिएको छ ।

विकास र मानव क्रियाकलापले प्राकृतिक सन्तुलन बिग्रदै गइरहेको अवस्थामा जनचेतना, सरकारी नीति र व्यवस्थापनको अभावले वातावरणीय स्वच्छता सङकटमा पारेको कुरालाई पाण्डेका उपन्यासमा अभिव्यक्त गरिएको छ । स्वच्छ वातावरणको अभावका कारण सिर्जना हुने समस्या, जलवायु परिवर्तनको असर र जंगल फाडानी, अव्यवस्थित बस्ती विस्तार जलस्रोतमा गन्धक प्लास्टिक प्रयोगसागै जलप्रदूषण, ध्वनिप्रदूषण, वायुप्रदूषणले स्वच्छ र स्वस्थ वातावरण सिर्जना हुन नसक्ने जस्ता कुराहरू पर्यावरणीय स्वच्छताभित्र पर्दछन् । ग्राम्य जीवन प्रकृतिसाग नजिक छ । प्राकृतिक स्रोतहरूको संरक्षणबिना ग्राम्य जीवन बाच्न सक्दैन । ग्राम्य जीवनको संरक्षण भनेको पर्यावरणीय स्वच्छताको संरक्षण पनि हो । यदि ग्राम्यताले पर्यावरणलाई माया गर्न छोड्यो भने वा पर्यावरण नष्ट भयो भने दुवैको अस्तित्व सङ्कटमा पर्छ । यहाा मानिस र प्रकृतिबीचको परम्परागत सम्बन्ध कमजोर बन्दै गएको हुनाले पहिले पूज्य मानिने संस्कृति अब शोषणको स्रोत बनेकोमा प्राकृतिक स्रोतको अतिक्रमणले दीर्घकालीन असर परेको संकेत अभिव्यक्त गरिएको छ । पर्यावरणमा देखिने असन्तुलन, प्रदूषण, व्यवस्थापनको अभाव समाजमा फैलिएको अस्तव्यस्तता मार्फत पर्यावरणीय स्वच्छताको महत्त्व दर्शाएको हुन्छ ।

# चौथो अध्याय

# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

नयनराज पाण्डेका उपन्यासमा पर्यावरणको अध्ययन गर्ने उद्देश्य लिएर प्रस्तुत शोधप्रबन्ध सम्पन्न भएको छ । शोधकार्यको प्रतिवेदनका रूपमा रहेको यस शोधप्रबन्धलाई जम्मा चार अध्यायमा विभाजन गरिएको छ । यसको पहिलो अध्यायमा प्रस्तुत शोधका अवलम्बन गरिएका शोधप्रक्रियाको परिचय, शोधका लागि आवश्यक सामग्री सङ्कलन र तिनको विश्लेषण त्यस्तैगगरी शोधको क्षेत्र र सैद्धान्तिक आधारको समेत सीमाङ्कनसहित शोधप्रबन्धको अध्यायगत रूपरेखाको अवगत गराइएको छ भने दोस्रो अध्याय र तेस्रो अध्यायमा शोध उद्देश्य प्राप्तिका लागि शोधसमस्यासाग सम्बद्ध सामग्रीको विश्लेषण गरिएको छ । यस चौथो तथा अन्तिम अध्यायमा सामग्री विश्लेषणसाग सम्बन्धित दोस्रो र तेस्रो अध्यायमा गरिएका अध्ययनको सारांश प्रस्तुत छ । त्यस्तै समग्र शोधको उपलब्धिसहितको सामान्यीकृत अन्तिम शोधनिष्कर्ष दिइएको छ । साथसाथै आगामी दिनहरूमा अन्य शोधकार्यका निम्ति सल्लाहसुझाव पनि दिइएको छ ।

प्रस्तुत शोधमा नयनराज पाण्डेका उपन्यासमा प्रयुक्त पर्यावरणको अध्ययन गर्ने उद्देश्य प्राप्तिका लागि निर्धारित शोधसमस्यासाग आबद्ध सामग्रीको विश्लेषण दोस्रो र तेस्रो अध्यायमा गरिएको छ तिनमा गरिएको अध्ययनको सारांश तल क्रमशः उल्लेख गरिएको छ :

प्रस्तुत शोधप्रबन्धको दोस्रो अध्यायमा यस शोधको पहिलो समस्याका रूपमा रहेको नयनराज पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरण कस्तो छ ? भन्ने समस्यामा केन्द्रित रही पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरण शीर्षकमा सम्बद्ध सामग्रीको विश्लेषण गरिएको छ । मानव र मानवेतर पर्यावरणको सिद्धान्तका आधारमा प्रस्तुत अध्यायमा विवेचना गरिएको छ । मानव र मानवेतर पर्यावरणको सैद्धान्तिक आधार मानव पर्यावरणको परिचय, मानव पर्यावरणका विषयहरू युद्ध, संस्कृति, सहरीकरण, औद्योगिकीकरण, जाति र भाषिक प्रयोगमा सम्बन्धित भएर मानव पर्यावरणलाई साक्ष्यसहित विश्लेषण गरिएको छ । त्यस्तैगरी मानवेतर पर्यावरणको परिचय, मानवेतर पर्यावरणअन्तर्गत

रहेका विषयहरू पञ्चमहाभूत, पशुपक्षी, रूखविरुवा तथा वनजङ्गल जस्ता पक्षहरूको अध्ययन, मानव र मानवेतर पर्यावरणको सम्बन्धका कुराहरूलाई पाण्डेका उपन्यासका आधारमा अभिव्यक्तिसहित चित्रण गरिएको छ । यसमा भौतिक वातावरणबिना प्राणीको अस्तित्व कल्पना पनि गर्न सकिदैन भन्ने कुराको स्पष्टबोध गराएको छ । हरेक प्राणी तथा जीवजन्तुको अस्तित्व पृथ्वीमा नै निहित रहेको हुादा मानवले निम्त्याएका पर्यावरणीय असन्तुलनका कुराहरूलाई सुदृढ बनाउनुपर्ने पक्षलाई पनि जोड दिइएको छ । मानवले आफ्नै स्वार्थताको लागि गरेका कार्यबाट पनि पर्यावरणमा नकारात्मक प्रभाव पर्न जाने भएको हुनाले त्यसको असर अन्य मानवेतर प्राणीमा पनि देखिन जान्छ त्यसकारण त्यसलाई विशेष ख्याल गनुपर्ने कुराहरूलाई ध्यानाकर्षण गराइएको छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो अध्यायमा दोस्रो शोधप्रश्नका रूपमा निर्धारित नयनराज पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यता कसरी अभिव्यक्त भएको छ ? भन्ने शोधप्रश्नसाग सम्बद्ध पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यता शीर्षकमा केन्द्रित सामग्रीको विश्लेषण गरिएको छ । यहाा पर्यावरणीय स्वच्छता र पर्यावरणीय ग्राम्यताका सैद्धान्तिक स्वरूपको अध्ययन भएको छ । सोहीअनुकूल पाण्डेका उपन्यासमा व्यक्त भएका साक्ष्यहरू प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

प्रस्तुत तेस्रो अध्यायमा पर्यावरणीय स्वच्छताले नै मानव स्वास्थ्यलाई स्वस्थ बनाउने हुनाले उपन्यासका आधारमा पर्यावरणीय स्वच्छता कायम राख्न फाहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने कुरालाई मध्यनजर गरिएको छ । गाउाले जीवनशैली, परम्परा तथा सामाजिक संरचना, सामाजिक सम्बन्ध, सहयोग, जीविकोपार्जनको आधार कृषि प्रणाली जस्ता पक्षहरूलाई पाण्डेका उपन्यासमा खोज गरी साक्ष्यहरूका आधारमा पर्यावरणीय ग्राम्यताको निरूपण गरिएको छ ।

पाण्डेका उपन्यासमा प्रयुक्त पर्यावरणीय अवस्थाको अध्ययन गर्ने क्रममा मानव र मानवेतर पर्यावरण विषय तथा सूचकहरूलाई आत्मसात् गरी र पर्यावरणीय स्वच्छता र ग्राम्यतालाई गहिराइपूर्वक चित्रण गरिएको छ । गाउामा बस्ने मानिसहरूको दैनिक संघर्ष, ग्राम्य कृषि प्रणाली, सामाजिक नीतिनियमहरू, वर्गीय र जातिय असमानता, सांस्कृतिक सम्पदा, संस्कार संस्कृति तथा जातीय सम्बन्धहरू जस्ता मानवीय पर्यावरण र ग्रामीणपनसाग निकटतम् कुराहरूलाई विशेष मध्यनजर गरेर उपन्यासमा हेरिएको छ ।

त्यस्तैगरी पर्यावरणीय स्वच्छताले मानव तथा मानवेतर प्राणीहरूमा अनुकूल प्रभाव पार्दछ भने मानवले पर्यावरणमा पुऱ्याएको असन्तुलनका कारण सम्पूर्ण जीवजन्तुहरूमा पुग्ने हानी नोक्सानीलाई यहाा चित्रण गरिएको छ ।

## ४.२ निष्कर्ष

प्रस्तुत शोधकार्यको मुख्य प्राज्ञिक जिज्ञासा र सम्बद्ध शोधप्रश्नहरूको समाधानका लागि गरिएको अध्ययनबाट प्राप्त मूलभूत निष्कर्षहरू यस प्रकार छन् :

शोधकार्यको पहिलो शोध समस्याका आधारमा पाण्डेका उपन्यासमा मानव पर्यावरण अन्तर्गत औद्योगीकरण, सहरीकरण, युद्ध, मानव संस्कृति, जाति र भाषिक प्रयोग तथा मानिसले सिर्जना गरेका वा मानिससाग प्रत्यक्ष सम्बन्ध राख्ने भौतिक तथा सामाजिक वातावरणका पक्षहरूलाई वर्णन गरेको पाइएको छ भने मानवेतर पर्यावरणको आधारमा नयनराज पाण्डेका उपन्यासमा हेर्दा पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) पशुपक्षी र बोटबिरुवालगायतको उपस्थितिको चित्रण गरिएको छ । उनका उपन्यासगत कृतिलाई हेर्दा प्रकृतिलाई पृष्ठभूमि मात्र नबनाई कथावस्तुमा पनि महत्त्वपूर्ण प्रभाव पार्ने सक्रिय तत्त्वका रूपमा प्रस्तुत देखिन्छ । प्राकृतिक वातावरण, मौसम परिवर्तन, जंगल, नदी, पहाड तथा अन्य जैविक अजैविक तत्त्वहरूले कथाको प्रवाहलाई गहिराइमा पुऱ्याएको छ । पर्यावरण जीवनको आधार हो । मानवलगायत अन्य समस्त प्राणीहरू बााच्नका लागि पर्यावरणमा नै समाहित भएको कुरालाई पनि मानव र मानवेतर पर्यावरणको सम्बन्धमा स्पष्ट पारिएको छ । नयनराज पाण्डेका उपन्यासहरूमा मानव र मानवेतर पर्यावरणबीचको सम्बन्धका कुराहरूलाई निकै प्रभावकारी रूपमा प्रस्तुत गरिएको हुन्छ । पर्यावरणीय सन्तुलन कायम भएमा मानव र मानवेतर तत्त्वहरू अनुकूलन भई हरेकको अस्तित्व रहेको हुन्छ । उनका कृतिहरूमा प्रकृति, जनावर, नदी, हावापानी, वनजङ्गल, खेतीयोग्य भूमि र मौसमजस्ता तत्त्वहरूको उपस्थिति रहेको छ । यस्ता तत्त्वहरूले पात्रको जीवन, समाज र सांस्कृतिक संरचनासाग गहिरो सम्बन्ध राखेको हुनाले पाण्डेका उपन्यासमा मानव र मानवेतर पर्यावरण बहुआयामिक रूपमा रहेको छ । पाण्डेका उपन्यासमा पर्यावरणीय दृष्टिगत गर्दा मानव र मानवेतर पर्यावरण एक अर्कामा सम्बन्धित रहेका छन् । पर्यावरणीय जीवनचक्रका आधारमा नै सारा जगत् परिचालित रहेको छ । पर्यावरण असन्तुलन भएको अवस्थामा मानव लगायत अन्य मानवेतर प्राणी एवम् वस्तुहरूमा पनि सङ्कटको अवस्था आउाछ ।

प्रस्तुत शोधमा पाण्डेका उपन्यासमा पर्यावरणका पक्षहरूमा उतारचढाव सिर्जना हुँदा तिनको असरले प्रकृति नै हराउनु परेको अवस्थामा रहेको छ । पर्यावरणीय समस्याले ग्रसित मानव र मानवेतर जगत्को पीडाको चित्रणमा पाण्डेका उपन्यास शक्तिशाली रहेको निष्कर्ष प्राप्त भएको छ ।

प्रस्तुत अध्ययनको दोस्रो समस्याका रूपमा रहेको पाण्डेका उपन्यासमा पर्यावरणीय स्वच्छता र ग्राम्यताको खोजी गर्दा नेपालको ग्रामीण समाजको यथार्थता र स्वच्छ वातावरणको अभावका कारण सिर्जना हुने असर र प्रदूषणले स्वच्छ र स्वस्थ वातावरण सिर्जना हुन नसक्ने जस्ता कुराहरूलाई समेटिएको छ । मानव स्वास्थ्यमा सकारात्मक प्रभाव पार्नका लागि प्राकृतिक स्रोतहरूको दिगो उपयोग गर्नुपर्ने कुरालाई पर्यावरणीय स्वच्छताभित्र राखिएको पाइन्छ । पहाडी र तराई क्षेत्रको यथार्थ जीवनशैली, स्वच्छ हावा, स्वच्छ पानी, स्वच्छ माटो, ध्वनि प्रदूषण नियन्त्रण, जैविक विविधताको संरक्षण र फोहोरमैला व्यवस्थापन जस्ता पर्यावरणीय स्वच्छता कायम गर्ने कुरालाई केन्द्रित गरिएको छ । त्यस्तैगरी प्रस्तुत शोधमा स्वस्थ र स्वच्छ जीवनयापनका लागि वातावरणीय सन्तुलनको आवश्यकता तथा परम्परागत जीवनशैलीको महत्त्वलाई जीवन्त रूपमा चित्रण गरिएको छ ।

समग्रमा मानव र मानवेतर पर्यावरण परस्पर आश्रित रहेका छन् । पर्यावरणको विनाश गर्दा मानव समाज स्वयं विनाशतर्फ जान्छ, त्यसकारण प्रकृतिसँगको सहअस्तित्व कायम संरक्षण र दीर्घजीवी बनाउनतर्फ लाग्नुपर्छ भन्ने कुरालाई देखाउन खोजिएको छ । पर्यावरणलाई उपभोग मात्र नसोची मानव जीवनको आधार मानेर बिनास्वार्थ सावधानी अपनाएर पर्यावरणको संरक्षण गर्नुपर्छ । फोहोरमैला व्यवस्थापन, पानीको शुद्धता, धुवाँ/धुलो नियन्त्रण, जैविक संसाधनको संरक्षण जस्ता विषयहरूमा जनसचेतना नहुनु र गरिबी, अशिक्षा र सरकारको बेवास्ताका कारण वातावरणीय मुद्दा प्राथमिकतामा रहन नसक्नुले पनि पर्यावरणमा नकारात्मक प्रभाव बढ्दो अवस्थामा रहेको पाइएको छ । मानव समाजले पर्यावरणलाई बेवास्ता गर्छ भने त्यसको मूल्य उसैले चुकाउनुपर्छ । हामीले आज पर्यावरणको ख्याल गरेनौँ भने भोलिको पुस्ता अभाव र असन्तलुनसँग जुध्न बाध्य हुनेछ त्यसकारण समयमा नै स्वच्छ जीवनको आधार स्वच्छ वातावरण नै हो भन्ने कुरालाई मनन गरी समस्याको समाधान खोज्नुपर्ने कुरालाई स्पष्ट पार्न खोजिएको छ ।

# सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०६८), 'पर्यावरणीय समालोचना', *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड),(सम्पा.), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

एटम, नेत्र (२०७०), *अन्तर्विषयक नेपाली समालोचना.* काठमाडौँ : एकता बुक्स ।

एटम, नेत्र (२०७७), 'मोदिआइन उपन्यासमा पर्यावरणीय नारीवाद', *प्रज्ञा,* (२/१२०), पृ. ९९-११० ।

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

कोइराला, विमल (२०७३), 'सल्लीपिर उपन्यासमा अर्थ राजनीतिक चेत', *नयाँ पत्रिका,* जेठ ४ शनिबार ।

गराई, ग्रेग (२००७), *इकोक्रिटिसिजम,* लन्डन एन्ड न्युयोर्क : रोटलेज टेलर एन्ड फान्सिसग्रुप ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी ऐकेडेमिक पब्लिकेशन ।

गौतम, लक्ष्मणप्रसाद (२०७०), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८), 'उत्तरआधुनिकतावादको सैद्धान्तिक स्वरूप', *रत्न बृहत् नेपाली समालोचना* सैद्धान्तिक खण्ड, (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

ग्लोटफेल्टी, चेरिल एन्ड फ्रोन ह्यारोल्ड (सन् १९९६), *द इकोक्रिटिसिज्म रिडर : ल्यान्डमार्क इन लिटरेरी इकोलोजी,* जर्जिया : युनिभर्सिटी अफ जर्जिया फ्रेस ।

चैतन्य (२०६६), *मार्क्सवाद र संस्कृति,* काठमाडौँ : सहिद स्मृति प्रतिष्ठान ।

डब्लु डब्लु डब्लु डट *नेचरखबर* २०७४, जेठ २९ ।

ड्रिजे, डोनल (सन् २००२), *इकोक्रिटिसिजम,* न्युयोर्क : पिटर ल्याङ पब्लिसिङ ।

ढकाल, रजनी (२०७०), *प्रायोगिक समालोचना : अनेक रूप,* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, गीता (२०७०), 'सांस्कृतिक अध्ययन र पर्यावरणको अन्तर्सम्बन्ध', *भृकुटी,* भाग १९, पृ. ९२-१०२ ।

त्रिपाठी, गीता (२०८०), समकालीन नेपाली कवितामा पर्यावरण, *पर्या साहित्य सिद्धान्त र सिर्जना, (सम्पा.),* काठमाडौँ : सम्पूर्ण किताब ६९-११२ ।

थपलिया, गीता (२०७५), *आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पाण्डे, नयनराज (२०६५), *उलार,* काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

पाण्डे, नयनराज (२०७२), *लू,* काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

पाण्डे, नयनराज (२०७३), *सल्लीपिर,* (द्वितीय संस्करण) काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

पिटर, ब्यारी (सन् २००२), *बिगिनिङ थ्योरी : एन् इन्ट्रोड्युसन टु लिटेरी एण्ड क्लचरल थ्योरी* (दोस्रो. सम्पा), युनाइटेड स्टेस् अफ अमेरिका : मनचेस्टर युनिर्भसिटी प्रेस ।

पोखेल, गोकुल (२०७२), *नदी किनारका माझी काव्य सङ्ग्रहमा पर्यावरण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पोखेल गोकुल (२०७१), 'चुली उपन्यासमा पर्यावरण', *विशेष प्रायोगिक नेपाली समालोचना,* बागबजार : नवोदय प्रिन्टिङ्ग प्रेस ।

पोखरेल, गोकुल (२०८०), 'पर्यावरणको सामाजिक प्रभाव', *समाज अन्वेषण,* (वर्ष-१, अङ्क-२, पूर्णाङ्क-२), पृ. ८१-८९ ।

पोखेल, मनमाया (सन् २०२१), 'कर्नाली ब्लुज उपन्यासमा पर्यावरण', *प्रवासन,* (वर्ष ५, अङ्क १, पूर्णाङ्क ९), पृ. १०-१८ ।

प्रधान, सुदर्शन (२०७१), *अबको क्रान्ति पर्यावरणीय क्रान्ति,* काठमाडौँ : बुकआर्ट नेपाल ।

वल्फ्रेस्, जुलियन, *इन्टरड् युसिङ क्रिटिसिज्म एट द सेकेन्ड सेन्चुरी,* न्यू दिल्ली : रावत पब्लिकेसन ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोडर्न बुक्स ।

भट्टराई, गोविन्दराज (२०६२), *उत्तरआधुनिक ऐना,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्दराज र हितान, विजय (२०८०), (सम्पा.), *पर्या साहित्य सिद्धान्त र सिर्जना,* काठमाडौँ : सम्पूर्ण किताब ।

भट्टराई, रमेश (२०७०), *समय, सौन्दर्य, पर्यावरण र कविता,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०८०), 'इको साहित्य/परिवृत्तीय सिर्जना र मूल्याङ्कन' *पर्या साहित्य सिद्धान्त र सिर्जना* काठमाडौँ : सम्पूर्ण किताब ।

मैनाली, गोपीनाथ (२०७१), *वातावरण पुस्तिका,* दिगो विकास, जनसंख्या र वातावरण व्यवस्थापन, नेपाल सरकार वातावरण विभाग, ललितपुर ।

राई, रक्ष (२०२३), *युद्ध सौन्दर्य चिन्तन मानव सभ्यताको दपर्ण,* काठमाडौँ : गोर्खा बुक्स ।

राई, रक्ष (२०८०), 'युद्ध, पर्यावरण तथा वातावरण' *पर्या साहित्य सिद्धान्त र सिर्जना,* काठमाडौँ : सम्पूर्ण किताब ।

रिचार्ड, केरिज (सन् २००६), *इन्भारमेन्टालिज्म एन्ड इकोक्रिटिसिज्म लिटरेरी थ्योरी एन्ड क्रिटिसिजम* (सम्पा.पेट्रिसिया वाग), अक्सफोर्डः अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

रेग्मी, अनुपमा (२०६९), 'पर्यावरणीय समालोचनाको परिचय', *समकालीन साहित्य* (अङ्क २, पूर्णाङ्क ६९), पृ. ४४- ५१ ।

लामा, कविता (२०७१), कविता डिस्कोर्स, दार्जिलिङ : माया प्रकाशन ।

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०७३), *सांस्कृतिक अध्ययन र नेपाली साहित्य,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन. अनुसन्धान दर्शन,* काठमाडौँ : शिखा बुक्स ।

श्रेष्ठ, ईश्वरकुमार (२०५४), *पूर्वीय एवम् पाश्चात्य साहित्य -समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली* (द्वितीय संस्करण), काठमाडौँ : साझा प्रकाशन ।

हितान, विजय (२०८०), 'पर्यावरण साहित्य : आजको आवश्यकता र महत्त्व', *पर्या साहित्य सिद्धान्त र सिर्जना,* काठमाडौँ : सम्पूर्ण किताब, ४७-५६ ।